## प्रथम परिच्छेद
# शोधपरिचय

### १.१ विषय परिचय

मोहनविक्रम सिंहको जन्म वि.सं. १९९२ वैशाख ३ गते काठमाडौंको मरुटोलमा भएको हो । सिंह नेपाली साहित्यका क्षेत्रमा सुपरिचित व्यक्तित्व हुन् । उनी दार्शनिक तथा राजनीतिक व्यक्तित्व पनि हुन् । मोहनविक्रम सिंह साहित्य लेखनको क्षेत्रमा वि.सं. २००४/०५ **विधा र हामी** निबन्धबाट प्रवेश गरेका हुन् । उनले साहित्यका सबै विधाहरूमा पनि कलम चलाएका छन् । उनका पत्रकार, कवि, कथाकार, नाटककार, समालोचक आदि व्यक्तित्व रहेका छन् । वि.सं. २००४/०५ देखि अहिलेसम्म उनका साहित्यिक, राजनीतिक, सामाजिक, सांस्कृतिक गरी लगभग ४०० भन्दा बढी लेखहरू पत्रपत्रिका र पुस्तकाकारका रूपमा प्रकाशित छन् । उनको निबन्धकार व्यक्तित्व महत्वपूर्ण रहेको छ । उनका सामाजिक, सांस्कृतिक विषयमा लेखिएका लेख, निबन्धको विषेश महत्व रहेको छ । **धर्तीको पूर्व इतिहास**मा उनका निबन्ध रचना सँगालिएका छन् । यस शोधमा उनको निबन्धकार व्यक्तित्वको अध्ययन प्रस्तुत  छ ।

### १.२ समस्याकथन

मोहनविक्रम सिंह नेपाली साहित्यका प्रगतिवादी क्षेत्रका स्मरणीय व्यक्तित्व हुन् । सिंह वस्तुपरक र आत्मपरक दुवै प्रकारका निबन्ध लेख्ने निबन्धकार हुन् । उनको साहित्यिक यात्राको ६ दशक पूरा भएको छ । निबन्ध लेखनबाटै उनले आफ्नो साहित्यिक यात्रा थालेका हुन्, । उनका निबन्ध कृतिका अध्ययनमा निम्न लिखित समस्या रहेका छन् :

(क) निबन्धकार मोहनविक्रम सिंहको साहित्यिक चिनारी के कस्तो छ ?

(ख) सिंहका निबन्धात्मक कृति के कस्ता  छन् ?

(ग) मोहनविक्रम सिंहका निबन्धगत प्रवृत्ति के के हुन् ?

### १.३ शोधकार्यको उद्देश्य

मोहनविक्रम सिंहको साहित्यिक, सामाजिक, सांस्कृतिक निबन्धहरूको परिचय र सर्वेक्षण, वर्गीकरण र विश्लेषण गर्नु शोधकार्यको प्रमुख उद्देश्य हो । शोधकार्यका मूलभूत उद्देश्यलाई यसरी बुँदागत रूपमा देखाउन सकिन्छ :

(क) निबन्धकार सिंहको साहित्यिक योगदानको चिनारी दिनु,

(ख) निबन्धकार सिंहका निबन्धको विश्लेषण गर्नु,

(ग) निबन्धकार सिंहका निबन्धगत प्रवृति पहिचान गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

राजनीतिज्ञ तथा दार्शनिकका रूपमा परिचित मोहनविक्रम सिंह निबन्धकार, समालोचक, पत्रकार, कवि, कथाकार र नाटककार पनि हुन् । । उनको जीवनी, व्यक्तित्व अध्ययनको सामान्य चर्चा र उनका कविताको विश्लेषण गरिएको पाइए तापनि निबन्ध विधामा अहिलेसम्म अध्ययन भएको पाइँदैन ।

राजेन्द्र सुवेदीको **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि** (२०४९) मा नेपाली पाठकको मनोदशामा परिवर्तन आउनुपर्ने र तिनमा आत्मविश्वासको भावना विकास हुनुपर्ने विभिन्न समयमा दिइएका वक्तव्य, सन्देश र निर्देशन लगायत नीतिगत व्याख्यासमेत समावेश भएको ग्रन्थ **चार दशक** (२०४९) प्रकाशित भएको छ । यसबाट सिंहलाई सफल गद्यको स्रष्टा र राजनैतिक द्रष्टा सिद्धान्तको द्रष्टाको रूपमा देख्न सकिन्छ ।

केशव सुवेदीले **मध्यपश्चिमका कविता** (२०५५) को "राप्तीका कविताः पृष्ठभूमि र परम्परा" शीर्षक लेखमा लेखेका छन्, "विद्यार्थी जीवनदेखि नै सिर्जनामा रुचि राख्न थालेका प्रतिभाशाली व्यक्तित्व हुन् मोहनविक्रम सिंह । उनले कविता, कथा, नाटक र निबन्ध जस्ता विभिन्न विधामा कलम चलाउँदै आएका छन् ।"

प्रेमसागर पौडेलले 'सम्पादकीय' **सहस्राब्दी** (१/१, २०५८) मा "का. मोहनविक्रम सिंह : मेरो टुकीदेखिका जलजलासम्म" शीर्षक अन्तर्वार्तामा सिंह प्रतिभा सम्पन्न प्रगतिवादी साहित्यकार हुन् भन्दै विद्यार्थी कालदेखि नै साहित्यप्रति रुचि राख्दै पार्टीको राजनीतिक कामसँगै साहित्यिक सिर्जनामा निरन्तर लागिरहेको बताएका छन् ।

सुकुम शर्माले **'नयाँ मोर्चा'** साप्ताहिक (७/१६, २०५६) मा क्रान्ति किन हुन्नलाई नियाल्दा' शीर्षकमा 'क्रान्ति किन हुन्न ?' एकाङ्कीको चर्चा गर्दै भनेका छन् : "यस एकाङ्कीमा पार्टीभित्र क्रान्ति विरोधी गीतहरू कसरी मौलाएका छन् भन्ने देखाएको पाइन्छ । नकारात्मक पक्षहरूलाई प्रतीकात्मक रूपमा उठाएर अमरताको बाटो वर्ग संघर्षलाई बुलन्द पार्नुपर्ने लेखकीय विचार छ ।"

बालाराम पोखेलले **साहित्यकार मोहनविक्रम सिंहको जीवनी र व्यक्तित्व** (२०५९) कृतित्वको शोधपत्र पूरा गरेका छन् । यसमा उनले सिंहको जीवनी, व्यक्तित्वका साथै निबन्धकार व्यक्तित्वको बारेमा सामान्य चर्चा गरेका छन् ।

भवानी पौडेलले **साहित्यकार मोहनविक्रम सिंहको कविताको विश्लेषण** (२०६३) अप्रकाशित शोधपत्रमा सिंहको कविताको विश्लेषणको क्रममा सिंहको निबन्धकार व्यक्तित्वलाई सामान्य परिचय दिएको छ ।

सिंहको साहित्यिक कृतिको बारेमा अध्ययन भए तापनि उनका निबन्ध र निबन्धकार व्यक्तित्वको गहन अध्ययन भएको पाइँदैन । त्यसैले उनको निबन्धकारिता के कस्तो छ भन्ने बारेमा अध्ययन मूल्याङ्कन भने भएको पाइँदैन । तसर्थ मोहनविक्रम सिंहका निबन्धहरूको अध्ययन गरी निबन्धकारिताको मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

मोहनविक्रम सिंह समालोचक, कवि, कथाकार, नाटककार, पत्रकार र निबन्धकार हुन् । सिंहका निबन्धहरूको केन्द्रीयतामा रही अध्ययन कार्य भएको पाइँदैन । त्यसकारण अध्ययन गरी उनलाई निबन्धकारको रूपमा चिनाउने आवश्यकता टड्कारो रूपमा देखिन्छ । यस शोधकार्यले यो आवश्यकता पूर्तिमा महत्वपूर्ण सहयोग पुऱ्याउने छ । यसमा सिंहका अहिलेसम्म पुस्तककारका रूपमा प्रकाशित साहित्यिक, सांस्कृतिक र सामाजिक निबन्धहरू सूचीबद्ध हुनाका साथै तिनमा छनौट गरिएका विषय र त्यसलाई प्रस्तुत गर्नका लागि अँगालिने शिल्प प्रविधि र सीमाका बारेमा यथार्थ जानकारी दिइएको छ । अतः यस शोधकार्यबाट सिंहका निबन्धकलामा इच्छा राख्ने पाठक लाभान्वित हुने छन् । यसका अतिरिक्त शोधकार्यले निबन्ध अध्ययनका निम्ति पनि केही सहयोग अवश्य पुऱ्याउने छ । यिनै परिप्रेक्ष्यमा यो शोधकार्यको औचित्य स्पष्ट रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा मोहनविक्रम सिंहका साहित्यिक, सांस्कृतिक र सामाजिक निबन्ध सङ्ग्रहमा सङ्कलित निबन्धहरू र केही फुटकर निबन्धहरूको मात्र अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.७ सामग्री सङ्कलन कार्य

शोधकार्यलाई सम्पन्न गर्नका निम्ति आवश्यक सामग्री पुस्तकालयबाट र शोधनायकबाट पनि सङ्कलन गरिएको छ ।

## १.८ शोध विधि

सिंहका निबन्धको विश्लेषण गर्ने क्रममा मूलतः विषयवस्तु, उद्देश्य, भाषाशैलीको आधारमा प्रस्तुत गरिएको छ । सामान्य रूपमा प्रगतिवादी चिन्तनलाई आधार लिइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई ६ परिच्छेदमा विभाजन गरी ती सबै परिच्छेदलाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि शीर्षक, उपशीर्षक, खण्ड, आादिमा विभाजन गरिएको छ । यस शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : मोहनविक्रम सिंहको सामान्य चिनारी

तेस्रो परिच्छेद : निबन्धकार मोहनविक्रम सिंहका निबन्धको सर्वेक्षण

चौथो परिच्छेद : निबन्धकार मोहनविक्रम सिंहका निबन्धहरूको विश्लेषण

पाँचौं परिच्छेद : मोहनविक्रम सिंहका निबन्धात्मक प्रवृत्ति

छैठौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

यस शोधका अन्त्यमा परिशिष्ट र सन्दर्भग्रन्थ सूची दिइएको छ ।

## दोस्रो परिच्छेद

# निबन्धकार मोहनविक्रम सिंहको  सामान्य चिनारी

### २.१ विषयप्रवेश

मोहनविक्रम सिंह नेपाली प्रगतिवादी साहित्यका फाँटमा उल्लेख्य व्यक्तित्व हुन् । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनको कवि, कथाकार, निबन्धकार, नाटककार र समालोचक व्यक्तित्व स्मरणीय छ । उनको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य चिनारी यस अध्यायमा प्रस्तुत छ ।

### २.२ जीवनीको चिनारी

मोहनविक्रम सिंहको जन्म, जन्मस्थान, बाल्यकाल, शिक्षा, पारिवारिक स्थिति आदि जीवनीका सान्दर्भिक पक्ष सङ्क्षिप्त रूपले उल्लेख गरिएको छ ।

#### २.२.१ जन्म र जन्मस्थान

'मोहनविक्रम सिंहको जन्म वि.सं. १९९२ वैशाख ३ गते भएको हो ।'[१] 'मोहनविक्रम सिंह पिता खिमविक्रम सिंह घर्ती क्षेत्री र माता ताराकुमारी घर्ती क्षेत्रीका माइला सन्तानका रूपमा काठमाडौंको मरुटोलमा जन्मिएका हुन् ।[२] सिंहको पुर्ख्यौली थलो जुम्लाको सिंजा हो । उनका बाजे कीर्तिमान चौधरी खस साम्राज्य सिंजाबाट बिस्तार हुँदा प्युठान गा.वि.स. को ओखरकोटमा स्थायी रूपमा बसोबास गर्दै आएका पाइन्छ ।[३] हाल उनले काठमाडौंमा नै बसोबास गरेका छन्, उनको जन्म काठमाडौंमा भए पनि उनको जन्मस्थान प्युठानको ओखरकोट हो ।

#### २.२.२ बाल्यकाल

काठमाडौंमा जन्मेका मोहनविक्रम सिंहलाई उनका मातापिताले छ महिनाको उमेर हुँदा प्युठान ल्याएका हुन् । सिंहको पालनपोषण सुसारेहरू र मातापिताबाट ओखरकोट गाउँमा नै भएको हो । सिंहका पिता प्युठानको बाङ्गेमरोठको मोठ धनी भएको हुँदा उनको

---

१ बालाराम पोखेल, **मोहनविक्रम सिंहको जीवनी, व्यक्तित्व र कृतित्व** (काठमाडौं : प्रगति पुस्तक सदन, २०५९) पृ. १३ ।

२ भवानी पौडेल, **मोहनविक्रम सिंहका कविताको विश्लेषण** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय शिक्षण विभाग, २०६३), पृ. ५ ।

३ बालाराम पोखेल, पूर्ववत्, पृ. १३ ।

परिवार सम्पन्न रहेको पाइन्छ । "उनको जन्म आर्थिक रूपमा सम्पन्न परिवारमा भएकाले बाल्यकाल सुखमय रूपमा बितेको देखिन्छ ।"[४]

### २.२.३ पारिवारिक जीवन

मोहनविक्रम सिंह कीर्तिमान घर्ती क्षेत्रीका नाति हुन् । "सिंहका आठ आमाहरू, एकजना दाजु, छजना भाइहरू र चारजना दिदीबहिनीहरू छन् । सिंह आठ आमाहरूमध्ये ठाइँली आमा ताराकुमारीका दोस्रा सन्तान हुन् ।"[५]

मोहनविक्रम सिंहको पहिलो विवाह वि.सं. २०२८ मा शान्तासँग परम्परागत ढङ्गबाट गाउँमै भएको हो तर सिंहको यस विवाहबाट उनको घरजम सहज नभएकाले पछि उनको विवाह दुर्गा पौडेलसँग भएको पाइन्छ ।[६] सिंहका सन्तान शान्तापट्टि दुई (समीर सिंह र पूर्वा सिंह) रहेका छन् भने दुर्गापट्टि दुई (विश्वमोहन सिंह र दिव्य सिंह) रहेका छन् । "मोहनविक्रम सिंह यी सन्तानहरूका कारण वैवाहिक सम्बन्ध मजबुत बनेको छ । हाल उनको दाम्पत्य र पारिवारिक जीवन सुखद् रूपमा व्यतीत देखिन्छ ।"[७]

### २.२.४ शिक्षा

मोहनविक्रम सिंहको अनौपचारिक शिक्षाको आरम्भ आफ्नै घरबाट भक्तिनाथ योगीद्वारा भएको हो । उनी सानैदेखि अध्ययन प्रेमी र जिज्ञासु थिए । उनले सानै उमेरमा धर्म सम्बन्धी किताब रामायण, महाभारत र साहित्यसम्बन्धी गाउँघरमा पाइने कथा, उपन्यास लगायत मार्क्सवादी पुस्तक, पत्रपत्रिका पढेको सूचना पाइन्छ । मोहनविक्रम सिंहको औपचारिक शिक्षा प्युठान खलङ्गा स्थित प्राथमिक विद्यालयबाट भएको हो । "वि.सं. २००३ मा सिंहलाई खगुलाल गुरुङले काठमाडौं लिएर शान्ति विद्यागृह लैनचौरमा कक्षा तीनमा भर्ना गराइएको पाइन्छ ।"[८]

यही क्रममा सिंहले काठमाडौंका विभिन्न विद्यालयमा अध्ययन गरी वि.सं. २०१५ सालमा पाल्पाको जनता माध्यमिक विद्यालयबाट एस.एल.सी. द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् । "मोहनविक्रम सिंहले वि.सं. २०१८ देखि वि.सं. २०२७ सम्म विभिन्न जेल जीवनको समयमा नै प्रवीणता प्रमाणपत्र तह र स्नातक तह क्रमशः वि.सं. २०२५ र वि.सं. २०२८

[४] भवानी पौडेल, पूर्ववत्, पृ. ५ ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] ऐजन ।

मा उत्तीर्ण गरे ।"[९] "वि.सं. २०३७ मा भारतको आगरा विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरेका सिंहको पि.एच.डी. को अध्ययन पूरा गर्ने धोको पूरा नभएको देखिन्छ ।"[१०]

मोहनविक्रम सिंहको सबै विषयहरूप्रति उत्तिकै उत्सुकता र रुचि भए पनि साहित्य र दर्शनप्रतिको रुचि फरक खालको बताइएको देखिन्छ ।"[११] यी फरक फरक विषयको रुचि भए पनि समग्र अध्ययन प्रतिको रुचि लगाव एवं राजनीति क्षेत्रमा औपचारिक शिक्षाले पनि महत्व राख्छ भन्ने मान्यता राख्ने सिंहले समाजशास्त्र विषयमा विद्यावारिधि सम्मको सोच बनाए पनि उनको औपचारिक शिक्षाभन्दा अनौपचारिक शिक्षा नै सबल रहेको देखिन्छ ।

## २.२.५ रुचि

मोहनविक्रम सिंहका बाल्यकाल नै अध्ययनप्रति रुचि भएको दखिन्छ । उनले गाउँ घरमा पाइने पुस्तकहरू रामायण, महाभारत, पुराण वा अकबर-वीरबल, तोता-मैना, हातीमताई आदि पुस्तकहरू खोजेर पढेकाले यिनको सानैदेखि अध्ययनप्रति रुचि भएको पुष्टि हुन्छ । उनको अध्ययनसँगै खेलकुदप्रति पनि रुचि रहेको देखिन्छ ।

सिंह प्रकृतिप्रेमी पनि थिए । "उनी घन्टौंसम्म जङ्गलमा एक्लै घुम्न रुचाउने, पहाड र जङ्गलको भ्रमण गर्न पाउँदा सबैभन्दा बढी आनन्द र सुखको अनुभूति गर्ने सिंहको भ्रमणप्रति पनि रुचि रहेको पाइन्छ ।"[१२]

"शान्ति विद्या गृहका शिक्षक धर्मराज थापाको सङ्गतले साहित्य प्रतिको रुचि भएका सिंह दर्शन साहित्य अर्थशास्त्र र राजनीतिलाई रुचिको विषय मान्छन् ।"[१३] उनको साहित्य भित्रको रुचिलाई अझ नियाल्दा कथा र उपन्यास लगायत निबन्धमा पनि रुचि रहेको देखिन्छ । "उमेरले सात दशक पार गरिसकेका सिंह सँधै सक्रिय रहने, थकाइको अनुभूति कहिल्यै नगर्ने र समयलाई अत्यन्तै वैज्ञानिक तरिकाले उपयोग गर्ने हुनाले उनको अध्ययन लेखनमै विशेष रुचि रहेको पाइन्छ ।"[१४]

---

[९] ऐजन ।
[१०] भवानी पौडेल, पूर्ववत्, पृ. ७ ।
[११] ऐजन ।
[१२] ऐजन ।
[१३] ऐजन ।
[१४] ऐजन ।

## २.३ लेखनको प्रेरणा र प्रभाव

मोहनविक्रम सिंहको लेखनको प्राथमिक प्रेरणाको स्रोत व्यक्तिका रूपमा धर्मराज थापाको योगदान रहेको उल्लेख छ ।[१५] धर्मराज थापा गौरीधारा स्कुलका शिक्षक र स्वयम् कवि पनि थिए । सिंह गौरीधारा स्कुलमा अध्ययन गर्ने क्रममा धर्मराज थापासँग उनको सम्पर्क भएकोले धर्मराज थापाको भनाइ "मनमा लागेका कुनै विचारहरूलाई शब्दमा व्यक्त गर्ने प्रयत्न गर्नुपर्दछ । प्रत्येक दिन केही न केही लेख्नु पर्दछ ।"[१६] यही भनाइलाई सिंहले आत्मसात् गरी लेखन प्रेरणाको रूपमा लिएको पाइन्छ ।

मोहनविक्रम सिंहको लेखन प्रेरणाको अर्को स्रोतको रूपमा "सिंह भारतको बाटो भएर घरमा आउने क्रममा रक्सौलमा काङ्ग्रेस कार्यकर्ताहरूसँग भेट भयो । उनीहरू एक आपसमा लेखन अभ्यास कसरी गर्ने भन्ने छलफलमा एउटा नोटबुक राख्नुपर्छ र जे विचार आउँछ, ती सबैलाई लेख्दै जानुपर्छ भन्ने सुनिरहेका सिंह नोटबुक किनेर लेखन अभ्यास गर्न थालेको भेटिन्छ ।"[१७] कुनै पनि साहित्य लेखन जनताको बीचबाट सिकिने स्वीकार गर्ने सिंहले जनताको बीचमा कार्य र वर्ग संघर्षको दौरानमा नै लेखन प्रेरणा पाएको बताएका छन् ।[१८]

सिंह किसान आन्दोलनको दौरानमा र खास गरी जेल जीवनले साहित्य तर्फ सबैभन्दा बढी उन्मुख गराएको बताउँछन् । बाहिर समाज छरिएको हुन्छ तर जेलमा सम्पूर्ण समाज र सबै पक्ष घनीभूत रूपमा केन्द्रित भएका हुन्छन् भन्ने सिंहले जेल जीवनबाट पनि साहित्य तर्फ उन्मुख हुने वातावरण र समय दुवै प्राप्त गरेको उल्लेख गरिएको छ ।[१९]

सिंहको अर्को साहित्यिक प्रभाव र प्रेरणाका रूपमा विशेष गरी प्रगतिशील साहित्यलाई बढी मन पराउने हुनाले उनमा मार्क्सवादी दार्शनिक तथा चिन्तकहरूको प्रभाव बढी परेको पाइन्छ । यस सन्दर्भमा रुसी कथाकार एन्टन चेखबबाट प्रभाव परेको देखिन्छ । अङ्ग्रेजी साहित्यका प्रख्यात साहित्यकार टी.एस.इलियट, आई.ए. रिचर्डस, सार्त्र कामुको प्रभाव र हिन्दी साहित्यका सुमित्रानन्द पन्त, सुर्यकान्त आदिको प्रभाव रहेको उल्लेख छ ।[२०]

---

१५ ऐजन ।

१६ ऐजन ।

१७ मोहनविक्रम सिंह, "मेरो दुकीदेखि जलजलासम्म", **सहस्राव्दी** (वर्ष १, अंक १, २०५८) ।

१८ भेटवार्ता ।

१९ भवानी पौडेल पूर्ववत्, पृ. २१ ।

२० बालाराम पोखेल, पूर्ववत्, पृ. २५ ।

यसरी सानै उमेरदेखि अध्ययन लेखनमा रुचि राख्ने सिंहको लेखन कार्य माथिका विभिन्न पक्षले भूमिका खेलेको पाइन्छ । तथापि जनताको बीचमा गएर जनता सँगै सिक्ने मान्यता भएका सिंहमा संघर्षको दौरानमा नै लेखन कार्यको प्रभाव, प्रेरणा परेको देखिन्छ ।

## २.४ मोहनविक्रम सिंहका व्यक्तित्वको चिनारी

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यसको साथै शिक्षा, रुचि, पेसा, उद्देश्य, जीवनप्रतिको दृष्टिकोणले सहायक भूमिका खेलेको हुन्छ । यी सबै कुराहरूको आधारबाट मोहनविक्रम सिंहको समष्टि व्यक्तित्वलाई अध्ययन गर्दा उनको बहुआयामिक व्यक्तित्व देखिन्छ । सिंहको बहुआयामिक व्यक्तित्वलाई दुई प्रकारले देखाउन सकिन्छ ।

### २.४.१ साहित्येतर व्यक्तित्व

मोहनविक्रम सिंह साहित्यइतर क्षेत्रमा पनि सङ्लग्न भएकोले उनको त्यो क्षेत्रलाई पनि महत्त्वपूर्ण मानिन्छ । सिंहका विविध साहित्येतर व्यक्तित्वहरू मध्ये राजनीतिक व्यक्तित्व प्रमुख रहेको छ । सिंह एक वैज्ञानिक साम्यवादी चिन्तन बोकेका सर्वहारा वर्गको नेता भएकाले आफ्नो जीवनलाई उनी बढी भन्दा बढी मानवहितको निम्ति खर्चिनु पर्दछ र कर्तव्यबोध गर्नु पर्दछ भन्ने मान्यता राख्दछन् । त्यसैले उनको साहित्येतर व्यक्तित्वलाई निम्नानुसार चिनाउन सकिन्छ ।

#### २.४.१.१ लेखक व्यक्तित्व

मोहनविक्रम सिंहको मुख्य कार्यक्षेत्र राजनीतिक भएर पनि उनी लेखक व्यक्तित्वका रूपमा पनि परिचित देखिन्छन् । सिंहले यो व्यक्तित्वलाई चिनाउन साहित्यिक कृतिका अतिरिक्त दर्जनौं राजनीतिक कृतिहरू लेखेको पाइन्छ । उनले यो व्यक्तित्वलाई चिनाउन वि.सं. २०११ मा **प्युठानको किसान समस्या र संघर्ष** राजनीतिक निबन्धबाट शुरु गरेका हुन् । उनको यो निबन्ध लेखक व्यक्तित्वलाई चिनाउने पहिलो निबन्धको रूपमा रहेको पाइन्छ । उनका हाल सम्मको राजनीतिक तथा वैचारिक लेखहरूको सूची परिशिष्ट (क) मा रहेको छ ।

मोहनविक्रम सिंहले साहित्यिक कृतिका अतिरिक्त साढे तीन दर्जन भन्दा बढी कृतिहरू लेखेको पाइन्छ । दैनिक लेख्ने लेखहरू साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक पत्रिकाहरूमा प्रकाशित देखिन्छन् भने सिंहको लेखन पहिचान राष्ट्रिय रूपमा मात्र नभई अन्तर्राष्ट्रिय रूपमा पनि चर्चित भएको पाइन्छ ।

### २.४.१.२ सामाजिक व्यक्तित्व

"मोहनविक्रम सिंह वि.सं. २००५ मा काठमाडौं पढ्न गएपछि दयानन्द कंसाकारको परोपकार औषधालयमा स्वयंसेवक भएर कार्य गरे पछि जीवनमा सहयोगी भावनाको धेरै ठूलो असर परेको पाइन्छ।[२१] समाजका शोषित पीडित वर्गका न्यायका लागि लगातार संघर्ष गर्दै आएका सिंह पहिले देखि नै समाज सेवातिर लागि सामाजिक व्यक्तित्वको निर्माण गरेको पाइन्छ।

सामाजिक सेवाका निम्ति सिंह सधैंभरि ग्रामीण समाजमा हुने गरेका अन्याय-अत्याचारका विरुद्ध संघर्ष गर्दै आएका छन्। देशमा जहाँनिया राणा शासनको क्रूरताबाट प्रत्येक नेपालीलाई मुक्त गराई नेपालमा प्रजातन्त्रको बहाली गराउन उनी प्युठान र सल्यानका जनताहरूलाई जागृत गराउँदै "वि.सं. २०१० मा प्युठानका किसानलाई अधियाँ भर्पाई दिलाउने जस्ता कार्य गरे भने कीर्ते तमसुक च्यात्ने काम गरेको पाइन्छ।"[२२]

सिंह प्युठानमा रही पार्टीको काम सुरु गर्दा देखि नै रचनात्मक कार्यहरूमा ध्यान दिने बानीले सामाजिक सेवाको भावना झल्किन्छ। "सिंह जिल्ला वा आसपासका गाउँहरूमा स्कुलहरूको स्थापना, शिक्षकको खोजी, चन्दा सङ्कलन, भवनहरू निर्माण, स्कुलको तर्फबाट पत्रिकाहरूको प्रकाशन जस्ता कुराहरूमा सहभागी भएको पाइन्छ।"[२३]

मोहनविक्रम सिंह समाजमा रहेका उत्पीडित वर्गका न्यायपूर्ण माग र मुक्तिका लागि लगातार संघर्ष गर्दै आएको पाइन्छ। यसरी सानैदेखि नै सामाजिक सेवामा संलग्न सिंह, "वि.सं. २०१० देखि नै आफूलाई राजनीतिक क्षेत्रमा होमेको, व्यक्तिगत सुख, सुविधा स्वार्थबाट टाढा रही राजनीतिको माध्यमबाट सामाजिक सेवामा खटिरहेको पाइन्छ।"[२४]

### २.४.१.३ राजनीतिक व्यक्तित्व

मोहनविक्रम सिंह वि.सं. २००७ बाट राजनीतिक जीवन आरम्भ भएको हो। 'सुरुमा नेपाली कांग्रेसप्रति सर्मपित सिंह वि.सं. २००८ को चिनियाँकाजी हत्याकाण्ड र काङ्ग्रेस सरकारको अन्य नीतिहरूबाट असन्तुष्ट भएर राजिनामा दिएको पाइन्छ।'[२५] वि.सं. २०१० मा मोहनविक्रम सिंह कमलराज रेग्मीबाट नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिइ राजनीतिक व्यक्तित्व कायम गरेको पाइन्छ। उनी सम्पन्न र सामन्ती परिवारमा जन्मेर पनि

---

[२१] भवानी पौडेल, पूर्ववत्, पृ. ३९।

[२२] बालाराम पोखेल पूर्ववत्, पृ. २७।

[२३] भवानी पौडेल, पूर्ववत्, पृष्ठ ४०।

[२४] ऐजन।

[२५] बालाराम पोखेल, पूर्ववत्, पृ. १४।

सर्वहारावर्गको वर्गीय मुक्ति र आन्दोलनमा सम्पूर्ण जीवन होमेका पाइन्छ । सिंहले एक जुझारु योद्धा र दुरदर्शी राजनेताको रूपमा आफूलाई मार्क्सवाद, लेनिनवाद, माओविचार धारालाई पथ प्रदर्शक सिद्धान्तका रूपमा अँगालेका छन् ।

वि.सं. २००३ देखि नै काठमाडौंका विभिन्न विद्यालयमा अध्ययन क्रममा जहानिया राणाशासनको विरुद्ध लडी जनतालाई मुक्त बनाउनुपर्छ भन्ने भावना सिंहमा आइसकेको पाइन्छ । मानव मुक्तिको लागि वैज्ञानिक समाजवादी व्यवस्थाको निम्ति जीवनको हरेक घडी सङ्घर्षमय बनाउँदै सिंह कम्युनिस्ट पार्टीको नेतृत्व पङ्क्तिमा महत्त्वपूर्ण जिम्मेवारी संहाल्दै हाल महामन्त्री पदमा कार्यरत छन्, उनी भन्दछन्, "अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन अत्यन्त कमजोर र रक्षात्मक अवस्थामा छ । तर त्यसको वस्तुगत आधार व्यापक र मजबुत छ । त्यसकारण मार्क्सवाद लेनिनवाद-माओत्सेतुङ्ग विचार धाराका आधारमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनलाई सङ्गठित गर्न ठोस पहल गर्नुपर्ने आवश्यकता छ ।"[२६]

सिंहको राजनीतिक कार्य राष्ट्रिय रूपमा मात्र नभएर अन्तर्राष्ट्रिय रूपमा पनि चर्चित भएको पाइन्छ । उनी राजनीतिक व्यक्तित्वमा स्थापित भए पछि हालसम्म सम्हालेका राजनीतिक जिम्मेवारीहरू :

(१) वि.सं. २००७ मा नेपाली काङ्ग्रेसको प्रचारमन्त्री ।
(२) वि.सं. २०१० मा प्युठान जिल्ला पार्टीको सेक्रेटरी ।
(३) वि.सं. २०१० मा अखिल नेपाल किसान संघको प्युठान जिल्ला अध्यक्ष ।
(४) वि.सं. २०११ मा प्रान्तीय सेक्रेटरी सदस्य ।
(५) वि.सं. २०१० मा प्रगतिशील शिविर सञ्चारको नेतृत्व ।
(६) वि.सं. २०११ मा अ.ने.कि. संघको केन्द्रीय सदस्य ।
(७) वि.सं. २०११ मा अ.ने.कि. संघको प्रान्तीय अध्यक्ष ।
(८) वि.सं. २०१३ मा प्रान्तीय सचिवालयको सचिव ।
(९) वि.सं. २०१४ मा नेकपाको दोस्रो महाधिवेशनमा कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित ।
(१०) वि.सं. २०१५ मा प्युठान जिल्ला क्षेत्र नं. ८५ को उमेदवार घोषणा ।
(११) वि.सं. २०१९ मा तेस्रो महाधिवेशनमा केन्द्रीय कमिटिको पोलिटब्यूरोमा निर्वाचित ।
(१२) वि.सं. २०३१ नेकपाको (चौथो महाधिवेशन) मा महामन्त्री पदमा निर्वाचित
(१३) वि.सं. २०५९ ने.क.पा. (मसाल) र ने.क.पा. (एकताकेन्द्र) बीचको एकीकृत राष्ट्रिय भेलाद्वारा महामन्त्री

[२६] मोहनविक्रम सिंह, ने.क.पा. (मसाल) **अन्तर्राष्ट्रिय परिस्थिति सम्बन्धी प्रस्ताव,** पृ. ५८ ।

(१४) वि.सं. २०६४ ने.क.पा. (मसाल) पाँचौ महाधिवेशनमा महामन्त्री पदमा निर्वाचित आदि ।

यसरी राजनीतिक व्यक्तित्वलाई कायम राख्ने क्रममा कम्युनिस्ट पार्टीको जिम्मेवारी सम्हाल्दै आएका सिंह हालसम्म पनि महामन्त्री पदमा कार्यरत रहेका छन् ।

"सिंह एकातिर मार्क्सवादी - लेनिनवादी साहित्यको अध्ययन अर्कोतिर पितालाई जेलबाट छुटाउने सिलसिलामा तत्कालीन प्रशासनमाथि पैदा भएको असन्तोषले कम्युनिस्ट पार्टीमा सामेल भएको देखिन्छ ।"[२७] यी दुई अवस्थाको साथै विभिन्न समय र ठाउँमा देखापरेको अन्याय र अत्याचार, त्यसको विरुद्धमा उठेको जन उभार कै कारण सिंहको राजनीतिक पृष्ठभूमि पनि संघर्ष कै ज्वारभाटाबाट शुरु भएको पाइन्छ ।

यिनै घटना र परिणामका बाबजुद सिंह एक त्याग र बलिदानी भावना भएको कम्युनिस्ट आन्दोलनका धरोहर, कुशल, दुरदर्शी राजनीतिज्ञ हुन् । यस पछि अहिलेसम्म पनि नेपाल कम्युनिस्ट आन्दोलनमा नै  सिंहको योगदान रहेको छ ।

## २.४.२ साहित्यिक व्यक्तित्व

मोहनविक्रम सिंहको साहित्यिक व्यक्तित्वको आरम्भ निबन्धकार व्यक्तित्वबाट भएको हो । उनको पहिलो साहित्यिक लेखन सुरुवात **विद्या र हामी** निबन्धबाट भएको हो । यो वि.सं. २००४/००५ तिर 'आँखा' पत्रिकामा प्रकाशित भएको पाइन्छ । यही विधाबाट सुरु भएको उनका व्यक्तित्वको पहिचान अन्य कविता, नाटक, समालोचक आदि विधामा पनि झल्केको देखिन्छ । उनको यी विविध व्यक्तित्वलाई निम्न अनुसार देखाउन सकिन्छ ।

### २.४.२.१ कवि व्यक्तित्व

नेपाली साहित्य क्षेत्रमा **विधा र हामी** शीर्षकको निबन्ध लेखेर साहित्य क्षेत्रमा प्रवेश गरेका सिंहको **म बाध्य छु** पहिलो कविताले कवि व्यक्रित्वमा स्थापित गराइएको पाइन्छ ।

उनको पहिलो व्यक्तित्वको रूपमा चिनाउने कवि व्यक्तित्व, "पाल्पाको जेलमा बस्दा जेलवरिपरिको वातावरण साहित्य सिर्जनाका लागि अनुकूल भएकोले सिंह त्यहाँ कविता विधामा कलम चलाइएको पाइन्छ ।"[२८] त्यसैले उनी गीति कविताको रचना गरे । सिंहको प्रथम प्रकाशित कविता सङ्ग्रह **इन्कलाब जिन्दावाद** (२०१७) हो । हालसम्म लेखिएका कविताहरू यसमा भए पनि पुन **युग नृत्य** (२०५७) नामक कृतिमा संकलित रहेको

---

[२७] ऐजन ।

[२८] बालाराम पोखेल, पूर्ववत्, पृष्ठ २२ ।

पाइन्छ ।[२९] सिंहका ती सबै कविताहरू क्रान्तिकारी भावनाले ओतप्रोत र मार्क्सवादी दृष्टिकोण रहेको पाइन्छ ।

मोहनविक्रम सिंह फुटकर कवितामा मात्र सीमित नरहेर यसको अतिरिक्त खण्डकाव्यहरू पनि लेखेको पाइन्छ । सिंहको पहिलो खण्ड काव्य ढाँचामा रचित **झिमरुक नदी र चिबे चराको कथा** वि.सं. २०२७ हो । अर्को लामो कविता **गंगाकावेरी एक्सप्रेसलाई चिठ्ठी** हो । यो कविता साहित्यको क्षेत्रमा मात्र नभएर राजनीति क्षेत्रमा समेत चर्चित लामो कविता रहेको देखिन्छ । सिंहको हाल सम्मको सम्पूर्ण कविता कृतिहरूको सङ्गालोको रूपमा **युग नृत्य** (२०५७) मा प्रकशित रहेको पाइन्छ ।

### २.४.२.२ निबन्धकार व्यक्तित्व

'मोहनविक्रम सिंहको साहित्य लेखन आरम्भ सर्वप्रथम निबन्ध विधा **विद्या र हामी** बाट भएको देखिन्छ ।'[३०] उनको यो निबन्ध शान्ति निकुञ्ज स्कुलबाट प्रकाशित **आँखा** पत्रिकामा वि.सं. २००४/२००५ तिर प्रकाशन भएको हो । सिंह साहित्य लेखनको आरम्भ नै निबन्धबाट भएकोले उनको रुचि गद्यविधा तिर भएको पाइन्छ । त्यसैले उनको सबैभन्दा उल्लेखनीय व्यक्तित्व निबन्धकार व्यक्तित्व भएको पुष्टि हुन्छ ।

मोहनविक्रम सिंहका राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखिएको पहिलो राजनीतिक निबन्ध **प्युठानको किसान समस्या र संघर्ष** हो । यो वि.सं. २०११ मा प्रकाशित निबन्ध हो । हाल यो निबन्ध सिंहको **चार दशक** भाग-२ मा सङ्गृहीत रहेको पाइन्छ । यसमा सिंहका "वि.सं. २०११ देखि २०५६ सम्म करिब साढे चार दशकको अवधिमा लेखिएका रचनाहरू छन् ।"[३१] सिंहको सबै निबन्ध, लेखहरू चार दशक भाग-१ र भाग-२ मा क्रमशः ३८ र ५८ जति निबन्ध र लेखहरू सङ्गृहीत रहेको पाइन्छ ।

सिंहको अर्को निबन्ध **मेरो टुकी** (२००८) हो । सिंह "जुद्धोदय हाइस्कुलमा आयोजित निबन्ध प्रतियोगितामा प्रथम स्थान ओगट्न सफल निबन्ध रहेको पाइन्छ ।"[३२] यो विद्यालय स्तरमा अध्ययन गर्दा रचना गरेका निबन्ध हो ।

सिंहको अर्को फुटकर निबन्ध **आशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** हो । यो सिंहको राजनीतिक विषयवस्तुको अतिरिक्त लेखिएको धार्मिक निबन्ध हो । सिंहको

---

[२९] भवानी पौडेल, पूर्ववत्, पृष्ठ ३० ।

[३०] ऐजन ।

[३१] मोहनविक्रम सिंह, **"भूमिका"** चार दशक, पूर्ववत् ।

[३२] भवानी पौडेल, पूर्ववत्, पृ. ३१ ।

यो निबन्ध "वि.सं. २०५५ मा प्रकाशित भएको र वि.सं. २०६४ मा **धरतीको पूर्वइतिहास**मा सङ्गृहीत रहेको पाइन्छ ।"[३३]

मोहनविक्रम सिंहले वि.सं. २००४/००५ देखि निबन्ध लेखनमा समय लगाएर राजनीतिक तथा साहित्यिक निबन्ध लेखि आफ्नो निबन्धकार व्यक्तित्वलाई मुख्य व्यक्तित्वको रूपमा चिनाएको देखिन्छ । उनको हालसम्मको साहित्यिक निबन्धको रूपमा **धरतीको पूर्वइतिहास** (२०६४) निबन्ध संग्रहको रूपमा रहेको पाइन्छ । यसमा 'आठ' विविध विषयमा आधारित निबन्धहरू रहेको पाइन्छ ।"[३४] सिंहको फुटकर निबन्धहरूमा **विद्या र हामी, उजेली र हर्के : आदर्श पात्र निर्माणमा मेरो अनुभव, सल्मान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद, घर बन्छ घरहरू भत्कन्छन्** (२०५३) रहेको भेटिन्छ ।

सिंहलाई नेपाली साहित्यको क्षेत्रमा "नेपाली पाठकको मनोदशामा परिवर्तन आउनुपर्ने र तिनमा आत्मविश्वासको भावना विकास हुनुपर्ने ध्येयले विभिन्न समयमा दिइएको वक्तव्य, सन्देश र निर्देशन लगायत नीतिगत व्याख्या समेत समावेश भएको ग्रन्थ चार दशकले सिंहलाई सफल गद्य स्रष्टा र राजनीतिक सिद्धान्तको रूपमा देख्न सकिन्छ ।[३५] सिंहको राजनैतिक निबन्धहरू परिशिष्ट (ख) मा राखिएको छ ।

### २.४.२.३ नाटककार व्यक्तित्व

मोहनविक्रम सिंहको नाटककार व्यक्तित्वलाई पनि प्रमुख व्यक्तित्वको रूपमा लिइन्छ । "सिंहले सर्वप्रथम वि.सं. २०१० मा नाटक लेखी गाउँ गाउँमा लगेर मञ्चन पनि गराइएको पाइन्छ ।"[३६] तर यो नाटक यद्यपि प्रकाशन हुन सकेको छैन, यहीबाट पनि सिंहको व्यक्तित्व नाटककारको रूपमा परिचित हुन्छ ।

"वि.सं. २०१० साल फाल्गुण २४ गते प्युठानमा किसान आन्दोलनले बिजय पाएको उपलक्ष्यमा सिंहले **बिजयको बिहान** नाटक लेखेको भेटिन्छ । 'यो नाटक वि.सं. २०४५ मा बनारसमा मञ्चन गरिएको पाइन्छ ।'[३७] यी नाटकहरू बाहेक सिंहले अन्य एकाङ्की, पूर्णाङ्की गीति नाटकहरू पनि लेखेको उल्लेख छ । उनको प्रथम प्रकाशित नाटक वि.सं. २०३४ **युग बोल्छ** गीति नाटक हो । यो एकाङ्कीको गद्य कविता वि.सं. २०२९ चेत्रमा लेखिएको हो । त्यसबेला यो फागुन २४ गते (अप्रकाशित नाटक) प्रथम अङ्कका रूपमा लेखिएको थियो । पछि "त्यो नाटकलाई मैले पद्य कविताको सट्टा गद्यमा लेखे र त्यसको प्रथम अङ्कलाई मात्र

---

[३३] ऐजन ।

[३४] मोहनविक्रम सिंह, **धरतीको पूर्वइतिहास संग्रह** (काठमाडौं : प्रगति पुस्तक सदन, २०६४) ।

[३५] राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** दो.सं., (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. ११० ।

[३६] बालाराम पोखेल, पूर्ववत्, पृ. २९ ।

[३७] ऐजन ।

गद्य कवितामा बेग्लै एकाङ्कीका रूपमा प्रस्तुत गर्ने विचार गरे । यो एकाङ्की त्यसैको परिणाम हो ।"[३८]

सिंहको अर्को एकाङ्की **क्रान्ति किन हुन्न** ? २०४६ हो । यो अजित सिंह उपनामबाट वि.सं. २०४६ जनशिक्षा गृहले गोरखपुरबाट प्रकाशित गरेको पुस्तक हो । यस पुस्तकले कम्युनिस्ट आन्दोलनका समस्याहरूलाई सटिक र सरल ढङ्गबाट वैचारिक समाधान गर्ने प्रयास गरेको छ ।[३९]

अर्को नाटक सिंहले एकाङ्कीको अतिरिक्त **बाह्र मई** लेखेका छन् । यो सिंहको वि.सं. २०४६ मा लेखिएको पूर्णाङ्की नाटक हो । यसमा उनले प्रवासी नेपालीहरूको दयनीय अवस्था र परिवर्तनको लहरहरूलाई प्रष्ट पारेका छन् ।[४०]

यस नाटकले आफ्नो देशमा गाउँका जाली फटाहा सामन्तहरूसँग ठगिएर विदेशिएका जनताहरूको प्रसङ्गको चित्रण गरेको छ । सिंहका सबै नाटकहरू शोषक र शोषित वर्गबीचको वर्गसंघर्ष देखाइएको छ । तल्लो वर्गको पात्रहरूलाई स्थान दिइएको छ । सिद्धान्त र विचारमा परिपक्क भए दुनियाँको कुनै पनि शक्तिले छेक्न नसक्ने विचार अभिव्यक्त गरेका छन् ।

### २.४.२.४ कथाकार/उपन्यासकार व्यक्तित्व

'विद्यार्थी जीवनमा वि.सं. २००९ मा पूर्व झापाबाट आयोजित एउटा राष्ट्रिय कथा प्रतियोगितामा **गरीबको मिलन** शीर्षक कथा लेखेर प्रथम पुरस्कार प्राप्त गरेको पाइन्छ ।[४१] यही कथा नै सिंहको कथाकार व्यक्तित्वको आरम्भ गराउने कथाको रूपमा देखिन्छ । यसैगरी सिंहले पाल्पा जेलमा बस्दा थुप्रै कथाहरू र उपन्यासहरू लेखेका थिए । सिंहले सयवटा जति कथाहरू र दुई उपन्यास **बूढा बा** र **झिलिमिली** लेखेका थिए । उनले ती रचनाहरू सुरक्षित राख्नका निम्ति एक जना स्थानीय साथीलाई दिएका थिए । पछि जेलबाट छुटे पश्चात् लिन जाँदा सामग्री प्राप्त  गर्न सकेनन् । त्यो समयमा लेखिएको "दुई कथा उनीसँग रहेकाले एउटा कथा यो रातो लालटिन त्रैमासिक पत्रिकामा रहेका बताएका छन् ।"[४२]

---

[३८] मोहन घर्ती, 'भूमिका' **युग बोल्छ,** (वाराणसी : जनशिक्षा गृह, २०३४), पृ.  ।

[३९] भवानी पौडेल, पूर्ववत्, पृ. ३१ ।

[४०] वालाराम पोखेल, पूर्ववत्, पृ. १८ ।

[४१] भवानी पौडेल, पूर्ववत्, पृ. ३२ ।

[४२] भेटवार्ता ।

"कपिलवस्तु जेल बस्दा लेखिएको उपन्यास स्थानीय कार्यकर्ता टेकनाथ पन्थीलाई राख्न दिएको तर जेलबाट छुट्दा उनी मरिसकेकाले त्यो सामग्री प्राप्त गर्न सकेनन् । यस घटनालाई सिंह आफ्नी प्रेमीकाको मृत्युसँग गाँसी जीवनको सबभन्दा दुःखद घटनाको रूपमा लिन्छन् ।"[४३]

"कुमाउ-गढवालको समाज र संस्कृतिलाई आधार बनाई लेखिएको अर्को उपन्यास **का. जलाजला**मा प्रकाशित छ ।"[४४] यस उपन्यासमा त्यहाँको समाज र संस्कृतिलाई आधार बनाइ प्रगतिवादी दृष्टिकोणको प्रयोग गरिएको छ ।

### २.४.२.५ समालोचक व्यक्तित्व

मोहनविक्रम सिंह नेपाली साहित्यको प्रगतिवादी क्षेत्रमा कलम चलाएर आफूलाई दह्रो प्रगतिवादी समालोचक व्यक्तित्वको रूपमा उभ्याएका छन् । "साहित्यका अन्य विधा भन्दा समालोचना विधामा उनी बढी खारिएका पाइन्छन् भने समालोचनात्मक कृतिहरूमा विश्लेषणात्मक पक्ष प्रबल पाइन्छ ।"[४५] उनले राजनीतिक क्षेत्रमा प्रशस्तै समालोचनात्मक कृतिहरू लेखेर समालोचना विधामा योगदान दिएको पाइन्छ । सिंहको पहिलो समालोचनात्मक कृति **विचार विवेचना तथा विश्लेषण संग्रह** (२०४२) हो । यसमा ६ वटा कृतिहरू सङ्गृहीत रहेका छन् । यसमा सिंहले महाकवि लक्ष्मीप्रसाद देवकोटाको सुलोचना, हृदयचन्द्रसिंह प्रधानको गंगालालको चित्ता, चिनियाँ अपेरा रातो लालटिन आदि नेपाली साहित्य र राजनीतिक विषयको सैद्धान्तिक समालोचना पनि यसमा समावेश गरेका छन् ।

**मरुभूमिका लेखक वा मुक्तिका अन्वेषक**मा सिंहले हृदयचन्द्र सिंह प्रधानले देखाएको भावलाई समाजको विद्रोह भाव अगाडि ल्याई मार्क्सवादी कला दृष्टिबाट विचार व्यक्त गरेका छन् **रातो लालटिन**मा पारिवारिक प्रेमभन्दा वर्गीय प्रेम उच्च हुन्छ भन्ने देखाएका छन् ।

उनको **महिला मुक्तिको महान गाथा** (२०४८) समालोचना कृति हो । यो समालोचनामा नयाँ मानवहरूको गाथा कहिल्यै पुरानो नहुने धारणा रहेको छ । यसमा उनले समाजवादी विकाससम्बन्धी कुराहरूलाई काल्पनिक सोचाइसँग जोडेका छन् ।

अर्को **साहित्य संवाद** (२०४९) समालोचना संग्रह हो । यो साहित्यकारहरूले राखेको दृष्टिकोणलाई पत्रात्मक रूपमा तयार पारिएको सम्पादित कृति हो ।

---

[४३] बालाराम प्रोखेल, पूर्ववत्, पृ. २६ ।

[४४] ऐजन ।

[४५] ऐजन ।

अर्को कृति **साहित्य र समालोचना संग्रह** (२०६३) हो । यसमा ११ वटा कृतिहरू समावेश छन् । अन्य फुटकर समालोचना कृतिहरूमा **सौन्दर्यशास्त्र सम्बन्धी, लक्ष्मीप्रसाद देवकोटाको एक वैचारिक पक्षको अध्ययन, प्रमिथस र प्रमिथस महाकाव्यबारे** आदि रहेका छन् ।

### २.४.२.६ सम्पादक व्यक्तित्व

मोहनविक्रम सिंहले पहिलोपल्ट सम्पादन गरेको पत्रिका प्युठान ओखरकोटको बालशिक्षा स्कुलको तर्फबाट प्रकाशित **फूलबारी** पत्रिका हो । यहीबाट सिंहले सम्पादक व्यक्तित्व सुरु गरेको पाइन्छ । "वि.सं. २०१६ मा प्युठानबाट प्रकाशित **प्युठान समाचार** पत्रिकामा सिंह कार्यरत भएको पाइन्छ ।"[४६] "पुस्तकको रूपमा **ओशो सम्बन्धी पुस्तकको** सम्पादन गरेको उल्लेख छ ।"[४७]

सिंहको अर्को सम्पादित कृति **साहित्य संवाद** (२०४९) हो । यसमा विभिन्न साहित्यकारहरूका साहित्यसम्बन्धी विचारहरूलाई जस्ताको तस्तै रूपमा राखेर सम्पादन गर्ने कार्य गरेका छन् । यहाँ सिंह "यो पुस्तकमा मैले विभिन्न पत्रिका र साहित्यकारहरूका भनाइलाई उद्धृत गरेर साहित्यका विभिन्न पक्षहरूमाथि प्रकाश हाल्ने प्रयत्न गरेको छु । यो पुस्तिकामा मैले आफ्ना तर्फबाट कुनै विचार प्रकट नगरी, मेरो प्रयत्न खाली विभिन्न पत्रिका वा साहित्यकाहरूका विचारहरूलाई क्रमबद्ध रूपले प्रस्तुत गर्नेसम्म नै सीमित छ ।[४८] यसमा सिंहले मौलिक विचार प्रकट नगरी साहित्यकारका विचारलाई मात्र सङ्गृहीत गरेको पाइन्छ । यो कृति ४ खण्डमा बेग्लाबेग्लै विषयवस्तुमा राखेको पाइन्छ ।

सिंहको सम्पादित कृतिहरूमा प्रगतिशील विचार, सामाजिक रूपान्तर र वर्ग वर्गहरूबीचको संघर्षलाई प्रस्तुत गरेका छन् । उनले  वर्गीय प्रेमका कुराहरूलाई आधारित बनाई धर्मले छरेको धार्मिक प्रदुषणको चर्चा गरी सांस्कृतिक जागरणको विषयमा पनि योगदान दिइएका छन् ।

### २.४.२.७ भूमिका लेखक व्यक्तित्व

विविध व्यक्तित्वका धनि मोहनविक्रम सिंहका भूमिका लेखक व्यक्तित्व पनि प्रखर रहेका देखिन्छ । सर्वप्रथम टंकेश्वर गौतमद्वारा लिखित **प्युठानको भूगोल** (२०११) कृतिको भूमिका लेखेका सिंहले हालसम्म दर्जनौं पुस्तकहरूको भूमिका पनि लेखेका छन् ।

---

[४६] भवानी पौडेल, पूर्ववत्, पृ. ३४ ।

[४७] ऐजन ।

[४८] मोहनविक्रम सिंह, "मेरो भन्नु" **साहित्य संवाद** (गोरखपुर : जनसाहित्य प्रकाशन, २०४९) ।

काठमाडौं : दुर्गा पौडेल, जनशिक्षा गृह प्रकाशनद्वारा प्रकाशित मेक्सिम गोर्कीको **आमा** यस सन्दर्भमा विशेष उललेखनीय रहेको छ । यो १२२ पृष्ठसम्म रहेको गोर्कीको महानताको विषयमा आधारित उपन्यासको भूमिकामा सिंहले आफ्नो विचार प्रकट गरेका छन् । "गोर्कीको सम्पूर्ण जीवन र जीवन भरिका उनका कृतिहरूले प्रमाणित गरे । उनी श्रमजीवी जनताका लेखक थिए । त्यही कुराले उनलाई महान बनायो । हामीलाई विश्वास छ । विश्वभरका श्रम जीवी जनताको क्रान्तिकारी युद्धमा आमाले पथप्रदर्शन गर्नेछ र प्रेरणा दिइरहने छ । त्यसरी २१ औं शताब्दीमा पनि आमा सबै क्रान्तिकारी युद्धको एउटा सशक्त हतियार भइरहने छ ।"[४९]

यसरी भूमिका लेखक व्यक्तित्वको पहिचान गराएका सिंहले हालसम्म निम्नलिखित कृतिहरूमा भूमिका लेखेका छन् :

| लेखक | | पुस्तक | प्रकाशक | वर्ष |
|---|---|---|---|---|
| (१) | टंकेश्वर गौतम | प्युठानको भूगोल | टंकेश्वर गौतम | २०११ |
| (२) | आहुती | नयाँ घर | न्यायिक मञ्च | २०५० |
| (३) | ले. अनितव बार्बे | धन्यवाद ग्लाड महोदय | निरन्तर प्रकाशन सेवा | २०५४ |
| (४) | शोभियत संघ बोल्सेविकको केन्द्रीय समीति | शोभियत संघको कम्युनिस्ट पार्टीको इतिहास | विविध पुस्तक भण्डार | २०५६ |
| (५) | रमेश सुनुवार | महिला मुक्तिको बारेमा | प्रगति पुस्तक सदन | २०५७ |
| (६) | ले. मेक्सिम गोर्की | आमा | जनशिक्षा गृह | २०५८ |
| (७) | खगेन्द्र संग्रौला | माओत्सेतुङका चुनिएका रचनाहरू भाग-२ | विश्व नेपाली पुस्तक सदन | २०५८ |
| (८) | देवेन्द्र तिम्ला | विश्व प्रसिद्ध महिलाका जीवनी र कार्यहरू | प्रगति पुस्तक सदन | २०६० |
| (९) | फ्रेडरिक एङ्गेल्स | लुडविग फायरवाद र शास्त्रीय जर्मन दर्शनको अन्त्य | प्रगति पुस्तक सदन | २०६० |
| (१०) | कालमार्क्स एंगेल्स लेनिन | वैज्ञानिक शिक्षा प्रणालीको रूप रेखा | दीपक प्रकाशन | २०६१ |
| (११) | युवराज पन्थी | महान बहस | सहस्राब्दी प्रकाशन | २०६१ |
| (१२) | रामप्रकाश पुरी | नानीकी आमा | सर्मु-धन अध्ययन प्रतिष्ठान | २०६३ |

[४९] भवानी पौडेल, पृ. ३७ ।

यी बाहेक सिंहले आफ्ना कृतिहरूको सम्पादन आफै गरेको छन् भने विभिन्न पत्रपत्रिकामा पनि सम्पादन गरेका छन् । यसरी दर्जनौं पुस्तकको भूमिका लेखेका सिंह भूमिका लेखमा पनि समालोचकीय प्रवृत्ति पाइन्छ । कुनै पनि कृतिको विषयवस्तुलाई गहिराइमा पुगेर अध्ययन गर्ने सिंहको लेखनमा विश्लेषणात्मक पक्ष पाइन्छ ।

### २.४.२.८ अनुवादक व्यक्तित्व

मोहनविक्रम सिंहको विविध व्यक्तित्वका अतिरिक्त अनुवादक व्यक्तित्व पनि स्मरणीय छ । 'उनले चिनियाँ अपेरा टपद्वारा तयार पारिएको रातो लालटिनको वि.सं. २०४४ मा नेपालीमा अनुवाद गरेको पाइन्छ ।'[५०] यसमा वर्गीय प्रेमलाई पारिवारिक प्रेमभन्दा माथि राखेका छन् । यो चिनियाँ क्रान्तिको उर्जा मानिन्छ । यो नेपाली प्रगतिवादी नाटकको परम्परामा उल्लेख्य प्राप्ति हो । नेपाली प्रगतिवादी लेखनमा यस कृतिको ऐतिहासिक महत्त्व रहेको छ ।

साहित्यिक कृतिको अनुवाद बाहेक सिंहले अनुवाद गरेका राजनीतिक कृतिहरूमा लेनिन, मार्क्स र स्टालिनका अन्तर्वार्ता रहेका छन् । उनले यस्ता अन्तर्वार्ताहरू समयको आवश्यकतालाई मध्यनजर गर्दै अनुवाद गरेको देखिन्छ । “नेपालीमा अनुवाद गर्नुपर्ने थुप्रै कृतिहरूको आवश्यकता रहेको र त्यतातिर योजनाबद्ध प्रकारले ध्यान दिनुपर्ने आवश्यकता रहेको बताएको पाइन्छ ।”[५१]

## २.५ प्रकाशित कृतित्वको चिनारी

मोहनविक्रम सिंह वि.सं. २००४/००५ तिर शान्ति निकुञ्ज स्कुलबाट प्रकाशित **आँखा** पत्रिकामा **विद्या र हामी** निबन्धबाट प्रकाशनको आरम्भ गरेको पाइन्छ । “सिंह हाइस्कुल पढ्दा देखि नै सानातिना लेख, कथा, कविता, निबन्ध लेखेको देखिन्छ ।”[५२]

सिंहले वि.सं. २००८ मा **म बाध्य छु** भन्ने पहिलो कविता प्रकाशन गरी कविता क्षेत्रमा प्रवेश गरेको पाइन्छ । उनको **जय जय जय नेपाल** कृतिको वि.सं. २०१० मा प्रकाशन गरिएको पनि भेटिन्छ ।

मोहनविक्रम सिंहको प्रथम प्रकाशित राजनीतिक कृति **प्युठानको किसान समस्या र संघर्ष** हो । “यो वि.सं. २०११ मा पुस्तकका रूपमा प्रकाशन भएको राजनीतिक निबन्ध हो

---

[५०] ऐजन ।

[५१] ऐजन ।

[५२] भवानी पौडेल, पूर्ववत्, पृ. २२ ।

।"[५३] यस कृतिको माध्यमबाट नेपाली गद्य फाँटमा परिचित सिंहको केही कृति बाहेक अन्य कृति वि.सं. २०१७ पछि मात्र प्रकाशन हुन थालेको पाइन्छ । उनको हालसम्मको पुस्तककारको कृतिको सुची परिशिष्ट (ग) मा राखिएको छ ।

मोहनविक्रम सिंहको जीवनको मूल क्षेत्र राजनीति भएर पनि नेपाली साहित्यका क्षेत्रमा उत्तिकै रुचि रहेको देखिन्छ । उनको साहित्य क्षेत्रमा प्रगतिवादी चिन्तनको प्रखरता भेटिन्छ र यही चिन्तनबाट अभिप्रेरित रहेको पनि पाइन्छ । हालसम्म सिंहका प्रकाशित पुस्तकाकार कृतिहरू साढे चार दर्जन जति छन् (हेर्नुहोस् परिशिष्ट ग) ।

## २.६ निष्कर्ष

नेपाली साहित्यका प्रगतिवादी साहित्यकार मोहनविक्रम सिंहको सात दशक लामो जीवन अवधिलाई हेर्दा उनको जीवन संघर्षमय बनेको छ । उनलाई सानै उमेरदेखि काठमाडौंका विभिन्न स्कुलहरूमा अध्ययन गर्ने क्रममा त्यहाँको वातावरणले राजनीति र साहित्यतर्फ उन्मुख बनायो । त्यसैले निरन्तर राजनीति, साहित्य र सामाजिक सेवामा खटिरहने सिंहको सम्पूर्ण जीवन लेखन र राजनीतिमा बितेको पुष्टि हुन्छ ।

अभिजात वर्गीय परिवारमा जन्मिएका मोहनविक्रम सिंह सर्वहारा वर्गको राज्य व्यवस्था स्थापित गर्न लागि परेका छन् । मार्क्सवाद, लेनिनवाद र माओविचार धारालाई आफ्नो पथ प्रदर्शक सिद्धान्त मान्ने सिंहको निबन्ध तथा अन्य लेखमा सर्वहारा निम्न वर्गीय पात्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिन्तन, सामाजिक सांस्कृतिक अवस्थाहरूको अभिव्यक्ति भएको पाइन्छ । यही विविध विचारहरू मार्फत आफ्नो बहु आयामिक व्यक्तित्व खडा गरेका सिंहले सम्पूर्ण मानव जातिलाई शोषण दमनले युक्त समाजबाट मुक्त गर्नुपर्ने धारणालाई आफ्ना लेख रचना मार्फत अभिव्यक्त गरेका छन् ।

---

[५३] मोहनविक्रम सिंह **चार दशक,** भाग-२, (गोरखपुर : जनसाहित्य प्रकाशन, २०४८), पृ. भूमिका खण्ड ।

### तेस्रो परिच्छेद

# निबन्धकार मोहनविक्रम सिंहका निबन्धको सर्वेक्षण

## ३.१ विषयप्रवेश

मोहनविक्रम सिंह नेपाली साहित्यका प्रगतिवादी निबन्धका क्षेत्रमा परिचित छन् । यस क्षेत्रमा उनको निबन्धकार व्यक्तित्व स्मरणीय छ । यस अध्यायमा निबन्धको चिनारीसहित सिंहका निबन्धको सर्वेक्षण, वर्गीकरण गरी विश्लेषणको आधार यस अध्ययनमा प्रस्तुत छ ।

## ३.२ निबन्धको चिनारी

साहित्यका श्रव्य र दृश्य गरी दुई भेद छन् । साहित्यको श्रव्य भेद अन्तर्गत दुई हाँगा गद्य र पद्य मध्ये निबन्ध गद्य भाषामा लेखिन्छ । साहित्यका कविता, आख्यान र नाटक जस्तै निबन्ध पनि हो । 'निबन्ध विषयकेन्द्रित लेखन हो । यसमा विचार विमर्शको रूपमा आएको हुन्छ । निबन्ध विषयको केन्द्रीयता भित्र लेखक वा चिन्तकको आत्मप्रकाशन पनि हुनुपर्दछ ।'[१] निबन्धलाई साहित्यिक र साहित्येतर गरी दुई प्रकारमा छुटाउन सकिन्छ ।

### ३.२.१ निबन्धको पूर्वीय मान्यता

निबन्ध तत्सम शब्द हो । 'नि' उपसर्ग रहने 'बन्ध' धातुमा 'घञ' प्रत्यय लागेर निबन्ध शब्दको निर्माण भएको छ ।[२] नि उपसर्ग रहने 'बन्ध' धातुमा 'अच' प्रत्यय लगाएर पनि निबन्ध शब्दको निर्माण भएको पाइन्छ । यसको व्युत्पत्तिगत अर्थ भने 'निबघ्नातीति निबन्ध' भन्ने हुन्छ ।[३] हेमचन्द्रले यसको प्रयोग मूत्ररोधक रूपी रोग तथा बन्धनको अर्थमा गरेका छन् ।[४] वासवदता र न्यायमञ्जरीमा ग्रन्थ रचनाका अर्थमा र तत्त्व दीपनको अनेक तत्त्वहरूको सङ्गृहीत सानो साहित्यिक कलाको चमत्कृत अर्थमा र 'शिशुपालबध' मा वा भव्य र ग्रन्थका अर्थमा 'निबन्ध' शब्दको प्रयोग भएको देखिन्छ ।[५] वर्तमान समयमा निबन्धले जुन अर्थ दिन्छ त्यो अर्थ प्राचीन युगमा पाइदैनथ्यो । यसको मुख्य कारण संस्कृत साहित्यमा अरूको जस्तो निबन्ध विधाको सिर्जना भएको थिएन । नेपाली साहित्यमा आधुनिकताको प्रभाव पाश्चात्य साहित्यको वरदान भएकोले निबन्ध विधा पनि पाश्चात्य साहित्यको उपज मान्न सकिन्छ ।

---

१ गोपीकृष्ण शर्मा, **नेपाली निबन्धको परिचय,** (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६६), पृ. ३ ।

२ राजेन्द्र सुवेदी, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** ते.सं., (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ६ ।

३ ऐजन ।

४ ऐजन ।

५ देवी गौतम र खगेन्द्र लुइटेल, **नेपाली निबन्ध,** (काठमाडौं : नवीन प्रकाशन, २०५५), पृ. १ ।

### ३.२.२ निबन्धको पाश्चात्य मान्यता

अङ्ग्रेजीमा निबन्धलाई एस्से भनिन्छ । यो फ्रान्सेली शब्द एसाइबाट आएको हो । यसको अर्थ प्रयास वा प्रयत्न हुन्छ ।[६] पाश्चात्य साहित्यमा निबन्ध प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मोन्तेन हुन् । सोह्रौं शताब्दीको अन्त्यतिर उनले आफ्ना रचनालाई एसाइ भन्ने नाम दिएका थिए, जसको अर्थ 'प्रयास' हुन्छ ।[७] मोन्तेनले आफ्ना रचनामा आफूलाई विषयवस्तु बनाएर प्रस्तुत गरेका छन् । म नै मेरो निबन्धको विषयवस्तु हुँ र मलाई सबभन्दा नजिकबाट चिन्ने व्यक्ति म हुँ । फ्रान्सिस बेकन, "निबन्धलाई वस्तुपरक ढङ्गबाट चिनाउँदै विकीर्ण चिन्तनको समग्र प्रस्तुतीकरण निबन्ध हो भन्दछन् ।"[८]

पाश्चात्य साहित्यमा निबन्धका नामहरू विभिन्न रूपमा प्रचलित छन् । ग्रिसेली भाषामा निबन्धलाई 'एसिज' भनिन्छ । जसको अर्थ हुन्छ, (प्रयास गर्नु) । यसलाई फ्रान्समा मोन्तेनले एस्से नाम दिए जसको अर्थ पनि प्रयास गर्नु हुन्छ । तसर्थ आजको निबन्ध पाश्चात्य साहित्यको देन हो ।

पूर्वीय संस्कृत साहित्यमा निबन्ध शब्दको प्रयोग हुँदै आए पनि त्यसले साहित्यको विशिष्ट गद्य विधालाई बुझाउन सकेको देखिँदैन तर पाश्चात्य 'एस्से' शब्दले आरम्भदेखि नै साहित्य रचनाको अर्थवहन गरेर व्यापक अर्थमा गद्यविधा विषयलाई समेट्दै आएको छ । त्यसर्थ नेपाली निबन्ध शब्दको अर्थ पूर्वीय व्युत्पत्तिमूलक अर्थभन्दा पाश्चात्य एस्सेसँग नै निकट रहेको देखिन्छ । एस्सेको समानार्थी शब्दको रूपमा नेपाली 'निबन्ध' शब्द प्रचलित भएको छ ।

### ३.२.३ निबन्धको परिभाषा

साहित्यका चार विधाहरूमध्ये निबन्ध सबैभन्दा कान्छो विधा हो । निबन्ध हुनाका निम्ति के-के कुराहरू आवश्यक पर्दछन् भनी धेरै विद्वान्हरूले आ-आफ्नो मान्यतामा रहेर परिभाषा गरेका छन् । परिभाषा दिने क्रममा पाश्चात्य जगत्का निबन्धका प्रथम स्रष्टा मोन्तेनका अनुसार, "मेरो इच्छा हुन्छ निबन्धमा बिना आडम्बर सहज र साधारण तरिकाले स्वयं स्थापित होऊँ, त्यसमा म कुनै वाग्मिता वा कला भर्न चाहन्न मेरो निबन्धको विषय म

---

६ मोहन हिमांशु थापा, **साहित्य परिचय,** दो.सं. (काठमाडौं : साझा प्रकाशन), २०४२, पृ. १८० ।

७ रबर्ट पी, ग्वीन, **दि न्यु इन्साइक्लोपिडिया, ब्रिटानिका,** भोलुम ४, सत्रौं संस्करण, (दि युनिभर्सिटी अफ सिकागो, सन् १९६८), पृ. ५६२ ।

८ राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. १७ ।

नै हुँ भनी निबन्धको चिनारी दिएका छन् ।"[९] त्यस्तै फ्रान्सिस बेकन, "निबन्ध एउटा छरिएको चिन्तन हो भन्छन् ।"[१०]

लक्ष्मीप्रसाद देवकोटा, "यो रौचिरा दर्शन होइन, न हो पाण्डित्य दर्शनको ठयासफु । यसमा गृहीत विषयलाई सर्वदृष्टिकोण र समीक्षणको जरुरत छैन । यो एक किसिमका धूर्त बदमास, ठिटो हो । जो सडकमा हिँड्दा कहिले ढुङ्गा हान्छ, कतै-कतै आनन्दले फुलेर हेर्छ; तर घोरिदैन ।"[११] पठ घोकुवा हलन्त मिजासले यो एक किसिमको मनको जालीले जगत्मा लहडी माछो मार्ने कला हो ।

दयाराम श्रेष्ठ र मोहनराज शर्मा, "अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभएर पनि निश्चित प्रकारको सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित गद्यात्मक रचनालाई निबन्ध भनिन्छ ।"[१२]

माथि उल्लिखित परिभाषालाई समग्रमा केलाएर हेर्दा निबन्धकारका विचारहरू निबन्धात्मक वा वस्तुपरक ढङ्गबाट पाठक सामु प्रस्तुत गर्ने र जुन प्रस्तुतिमा लेखकका विचार पाठकलाई मान्न बाध्य पारिएको हुन्छ । निबन्ध वास्वतमा आत्म प्रतिपादन, संवेदना आदिको समष्टिरूप हो भन्ने निष्कर्षमा आउन सकिन्छ ।

### ३.२.४ निबन्धको स्वरूप

पाश्चात्य र पूर्वीय निबन्धकारहरूका मान्यता र परिभाषालाई हेर्दा निबन्धको स्वरूप यसरी निर्धारण भएको पाइन्छ :

(१) निबन्ध छोटो साहित्यिक विधा हो ।
(२) यो मनको बह पोख्ने माध्यम हो ।
(३) निबन्ध संक्षिप्त, लघु आयतनमा सिर्जित हुन्छ ।
(४) निबन्ध कुनै विषयवस्तुमा केन्द्रित वा तटस्थ भएर गरिने वर्णन हो ।
(५) निबन्ध निरन्तर साधनाबाट सुन्दर सुललित बन्न सक्ने गद्यात्मक रचना हो ।
(६) निबन्धमा परमाणुदेखि बृहत् पिण्डसम्म यसका विषयवस्तु भएका हुन्छन् ।
(७) निबन्ध स्रष्टाको प्रकृति झल्किने, परिष्कृत भाषाशैली भएको विचारात्मक अभिव्यक्ति हो ।

---

[९] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १४ ।

[१०] ऐजन ।

[११] लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्ध सङ्ग्रह,** छै.सं., (ललितपुर : साझा प्रकाशन, २०३८), भूमिका खण्ड ।

[१२] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त,** छै.स.., (ललितपुर : साझा प्रकाशन, २०५९), पृ. ११५ ।

निबन्ध भनेको कुनै एउटा शीर्षकमा लेखकद्वारा प्रस्तुत गरिएको निजी धारणाहरूको अभिव्यक्ति हो । यसमा आन्तरिक शृङ्खलाबद्ध र काल्पनिक तथा वस्तुनिष्ठ, तार्किक र निजी शैलीमा व्यक्त अवधारणाको प्रस्तुति हुन्छ । यो समीक्षात्मक, ऐतिहासिक र अन्वेषणात्मक पक्षमा वस्तुपरक ढङ्गमा पनि लेखिन्छ । हरेक निबन्धमा विषयगत र शैलीगत विविधता रहेको पाइन्छ । निबन्ध एक स्वतन्त्र रचना भएकोले शृङ्खलित र निश्चित आयाम यसमा नभई नहुने विषय हुन् ।

## ३.३ निबन्धका तत्त्वहरू

कुनै पनि साहित्य सिर्जना गर्नाका लागि केही आधार वा संरचना निर्धारण गरिएका हुन्छन् । यसैगरी निबन्धका लागि पनि आफ्नै संरचना हुन्छ । संरचना निर्माण त्यसका अवयव वा तत्त्वले गर्दछ । तिनीहरूलाई तत्त्व भनिन्छ ।[१३] निबन्ध गतिशील विधा भएकोले यसको स्वरूपगत भिन्नता देखिएको पाइन्छ । यी भिन्नताहरूलाई यसरी हेर्न सकिन्छ ।

विनयले निबन्धका तत्वहरूलाई विषयको प्रतिपादन, आत्मतत्त्वको प्रमुखता, कलात्मकता र एकान्विति भनी समेटेका छन् ।[१४] यस्तैगरी नेपाली साहित्यका मोहनराज शर्माले निबन्धका उपकरण वा तत्त्व भनेर विषय, शैली र प्रयोजनलाई यसरी औंल्याएका छन् ।[१५] शर्माका अनुसार विषय भनेको निबन्धको शीर्षक हो । जसको सेरोफेरोमा नै निबन्धकार आफ्नो विचार व्यक्त गर्दछ । विषय अति सामान्यदेखि विशिष्टसम्म हुन सक्छ ।

राजेन्द्र सुवेदीले निबन्धमा विषय, संवेदना, निजात्मक, उद्देश्य, यथार्थको प्रतिपादन, लघु आयतन, पूर्णता, गद्य र रचनात्मक शैलीलाई तत्त्वका रूपमा निर्धारण गरेको पाइन्छ ।[१६] यसरी नै देविप्रसाद गौतम र खगेन्द्रप्रसाद लुइटेलले निबन्धका विषयवस्तु, उद्देश्य, हार्दिकता, बौद्धिकता, भाषाशैली र दृष्टिविन्दुलाई तत्त्व भनी उल्लेख गरेका छन् ।[१७] गोपीकृष्ण शर्माले निबन्धको तत्त्वलाई वस्तु, शैली र उद्देश्य भनी प्रस्तुत गरेका छन् ।[१८]

यसरी विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले निबन्धका तत्वलाई आ-आफ्नै तरिकाले प्रस्तुत गरेको पाइए पनि सबैका मान्यतालाई आत्मसात गरी समग्रमा निबन्धका तत्त्वका रूपमा निम्नलिखित पक्ष समेट्नु उपयुक्त देखिन्छ ।

---

[१३] मोहनराज शर्मा, **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५), पृ. ५१६ ।

[१४] विनय, (सम्पा.), **निबन्धालोक** (दिल्ली : साहित्य केन्द्र, १९६८), पृ. ११ ।

[१५] मोहनराज शर्मा पूर्ववत्, पृ. ५१६ ।

[१६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५९/६० ।

[१७] गौतम र लुइटेल, पूर्ववत, पृ. ५ ।

[१८] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २१ ।

### ३.३.१ विषयवस्तु

जुन विषयबारे कुनै निबन्ध लेखिएको छ, त्यसलाई त्यस निबन्धको विषय भन्दछन् । “विषयलाई निबन्धको आत्मा मानिएको पाइन्छ । प्रत्येक निबन्ध कुनै विषयको मूर्तरूप हुन्छ । यसको विषय जुनदेखि कसिङ्गरसम्म र भ्रूण देखि मानिससम्म हुन्छ भन्ने मानिन्छ । कुनै पनि विचार, भाव, घटना, व्यक्ति र स्थान आदि यसको विषय हुन सक्छ ।”[१९]

निबन्धमा बुद्धितत्त्व र भावतत्त्व रहेको हुन्छ । तत्त्व निबन्धको मेरुदण्ड हो । विषयवस्तुको ज्ञानबिना निबन्धको कल्पना पनि गर्न नसकिने हुनाले यसको क्षेत्र व्यापक हुन्छ ।

### ३.३.२ उद्देश्य

जेका निम्ति कुनै निबन्ध लेखिएको छ । त्यसलाई त्यस निबन्धको उद्देश्य भनिन्छ । उद्देश्य तथा प्रयोजन विना कुनै पनि विधा सिर्जना भएको हुँदैन । प्रत्येक निबन्ध कुनै न कुनै प्रयोजन पूरा गर्नको लागि लेखिन्छ । यो विचार पक्षसँग नजिक हुन्छ । यसकै माध्यमबाट आफ्ना धारणा पाठक सामू प्रस्तुत गरिएको हुन्छ । विचारको प्रस्तुति गर्दै जायज पक्ष यो वा त्यो हो भनी निष्कर्षमा पुग्ने काम उद्देश्यबाट गरिन्छ ।[२०]

### ३.३.३ भाषाशैली

निबन्धको तेस्रो महत्त्वपूर्ण तत्त्व भनेको भाषाशैली हो । यो गद्य विधा भएकोले यसको प्रस्तुति पनि गद्यमा लेखिन्छ । निबन्धका शैलीको विश्लेषण भाषिक विचलन, समानान्तरता, विविधता, शब्दभण्डार, सादृश्य विधान आदिका आधारमा गरिन्छ । यसको प्रस्तुति औपचारिक वा अनौपचारिक शैली, उच्च वा सामान्य शैली, काव्यात्मक वा पत्रपत्रिका शैली आदि विविध शैलीय रूपहरूमा गरिन्छ ।[२१]

लेखकको विचार पाठक समक्ष प्रसारित गर्न निर्माण गरिएको शब्द, वाक्य र अनुच्छेदको बुनोटलाई शैली भनिन्छ । शैलीले भाषा र भावलाई समन्वय गर्दछ । क्रम, सङ्गति सङ्गठन र अन्विति शैली आन्तरिक गुण हुन् । भावका दृष्टिले शैली तीन प्रकारका हुन्छन् । संयम शैली, भावुक शैली र व्यङ्ग्य शैली हुन्छन् भने भाषाका दृष्टिले शैली दुई प्रकारका हुन्छन् । १. प्रसादशैली २. समास शैली हुन्छन् ।[२२]

---

[१९] ऐजन ।

[२०] ऐजन ।

[२१] ऐजन ।

[२२] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २५ ।

माथिका तत्त्वहरू निबन्ध लेखनका लागि अनिवार्य तत्त्वहरू हुन् । यी तत्त्वहरूलाई प्रयोग गरी निबन्ध लेखिएको खण्डमा निबन्धको परिभाषाले भने अनुसारको निबन्ध रचना हुन सक्दछ । नेपाली साहित्यमा हालसम्म लेखिएका निबन्धहरूमा प्रत्यक्ष वा प्रकारान्तर रूपले यी तत्त्वहरूलाई आत्मसात् गरेर लेखिएका छन् ।

## ३.४ निबन्धको वर्गीकरण

साहित्यका अन्य विधाहरूमध्ये निबन्ध अत्यन्त वैयक्तिक विधा हो । यो विषयवस्तु र भाषाशैलीको विविधता तथा रचनात्मक अनेकताका कारण स्वयम् जटिल बन्न पुगेको छ । त्यसकारण निबन्धको वर्गीकरणका लागि कुनै निश्चित आधार भेटाउन निकै कठिन छ । अतः यसको प्रकार विभाजन साहित्यका अन्य विधाको जस्तो सहज र स्पष्ट रूपमा हुन सकेको पनि देखिंदैन । विभिन्न विद्वान्हरूले आ-आफ्नै दृष्टिकोण अनुरूप यसलाई वर्गीकरण गरेको पाइन्छ । यही विविधताबाट निबन्धको उपयुक्त वर्गीकरण विषय ग्रहण र प्रस्तुतीकरण ढाँचाका आधारमा समग्रमा वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.१ आत्मपरक निबन्ध

लेखकको निजी अनुभूतिको आत्मप्रकाशन गरिएको निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । आत्मपरक निबन्धलाई निजात्मक निबन्ध पनि भनिन्छ । आत्मपरक निबन्ध विचारात्मक, भावनात्मक र वैयक्तिक गरी तीन प्रकारका हुन्छन् ।[२३]

#### ३.४.१.१ विचारात्मक निबन्ध

विचारको प्रबलता र बुद्धि पक्षको सम्बर्द्धन भएको निबन्धलाई विचारात्मक निबन्ध भनिन्छ । यस खालका निबन्धमा चिन्तनको निजात्मकता र सार्वभौम स्वीकृतिको अवस्था आग्रहमा प्रवाहित हुन्छ ।[२४] गृहीत विषयलाई सिङपुच्छर जाँच्दै त्यसका पक्षविपक्ष वा सिद्धान्तको आग्रह भए जस्तो देखिने यस प्रकारको निबन्धमा भाषा साङ्केतिक र संक्षिप्त हुनाका साथै समास शैलीको प्रयोग गरिएको हुन्छ । यस खालका निबन्धमा थोरै शब्दमा धेरै भन्नुपर्ने भएकोले प्रत्येक शब्द र वाक्यले एक न एक विचार दिइरहेका हुन्छन् ।

#### ३.४.१.२ भावनात्मक निबन्ध

भावनात्मक पक्षको प्रबलता भएका निबन्धहरू भावनात्मक निबन्ध हुन् । “विचार र वैयक्तिक अभिव्यक्तिभन्दा भाव पक्ष प्रबल भएको निबन्ध भावनात्मक निबन्ध हो । यसमा विशेष गरी हृदयको आग्रह हुन्छ । यसमा जीवन भोगाइको आशा, निराशा, प्रेम, करुणा,

[२३] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध शिक्षण,** पूर्ववत्, पृ. ११ ।

[२४] राजेन्द्र सुवेदी, **सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण** (काठमाडौं : पाठ्यसामग्री पसल, २०५८), पृ. ६३ ।

परोपकार, देशभक्ति जस्ता विषयवस्तुलाई संवेदनात्मक तुल्याई सरस आलङ्कारिक पदावलीमा प्रस्तुत गरिन्छ ।"[२५] यसमा तर्क वितर्कको कुनै स्थान हुँदैन । हृदयका उदात्त अनुभूतिहरू, तीव्र भावना र चरम भावुकता भावनात्मक निबन्धमा पाइन्छ । भावनात्मक निबन्धमा हार्दिकता, संवेदनशीलता र सौकुमार्यको प्रयोग गरिएको हुन्छ ।[२६] यस्ता निबन्धहरू बढी रागात्मक र साङ्गीतिक हुन्छन् । भावनात्मक निबन्धलाई अधिकतम सरल, सुमधुर, कोमल र हृदय संवेद्य बनाउन निबन्धकारले कल्पनाको सहायता लिनुपर्दछ ।

### ३.४.१.३ वैयक्तिक निबन्ध

व्यक्तिप्रधान निबन्धलाई वैयक्तिक निबन्ध भनिन्छ । "निबन्धकारले आफ्ना भावनाहरूलाई निजी स्वरूप दिएर वा जलप लगाएर निबन्ध रचना गर्दा वैयक्तिक निबन्धको सिर्जना हुन्छ । यसमा निबन्धकारले व्यक्तिगत निर्णयका आधारमा यथार्थलाई आफ्नै निष्कर्षमा उभ्याएर आफ्नै अभिमत सिद्ध गर्ने प्रयत्न गरेको हुन्छ ।"[२७] यस्ता निबन्धमा निबन्धकार एउटा कथा वाचक भै देखिन्छ । वस्तुलाई टिप्दै त्यसलाई आत्म रागमा मुछेर जीवनका सुख दुःख, हाँसो आँसु, हर्ष विस्मात् र भाव अभावहरू व्यक्त गर्नु वैयक्तिक निबन्धको मूल पहिचान हो ।

### ३.४.२ वस्तुपरक निबन्ध

निबन्धकार तटस्थ रही कुनै खास विषयमा केन्द्रित हुने निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ । "यसमा वस्तुगत तथ्याङ्क प्रमाण, तर्क आदि अघि सारेर ठोस किसिमले बौद्धिक भाषा शैलीको प्रयोग गरी लेखिएको निबन्धलाई वस्तुपरक निबन्ध भनिन्छ ।"[२८] यसलाई परात्मक निबन्ध पनि भनिन्छ । "लेख, प्रलेख, जीवनी, शोधलेख, शोधप्रबन्ध, भूमिका, सन्धिपत्र, सम्पादकीय प्रतिवेदन, टिप्पणी, अन्तर्वार्ता र अभिलेख गरी विभिन्न उपविधामा रहेको खास निबन्धहरू वस्तु र तथ्यमा आधारित हुन्छन् । वस्तुपरकमा आत्मपरकता गौण र वस्तु परकता प्रधान हुन्छ ।"[२९] वस्तुविश्लेषणका क्रममा कतै कतै भाव र कल्पना तत्त्व समेत प्रयोग हुन सक्ने यस खालका निबन्धहरूमा विषय वा वस्तुका बारेमा प्राप्त ज्ञानलाई क्रमबद्ध, व्यवस्थित, संक्षिप्त एवम् मौलिक पाराले प्रस्तुत गरिएको हुन्छ ।

---

[२५] केशव प्रसाद उपाध्याय, **साहित्य प्रकाशन,** पाँ.सं. (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. १९० ।

[२६] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ३० ।

[२७] राजेन्द्र सुवेदी, **सृजनात्मक लेखन : सिद्धान्त र विश्लेषण,** पूर्ववत्, पृ. ६५ ।

[२८] महादेव अवस्थी, "निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम फाइदा" **कुञ्जिनी,** वर्ष ६, अङ्क ४ ।

[२९] राजेन्द्र सुवेदी, **'आधुनिक नेपाली निबन्ध शिक्षण',** पूर्ववत्, पृ. १३ ।

लेखकको दृष्टि, विचार र लेखाइलाई प्रत्यक्ष रूपमा यस्ता निबन्धमा प्रस्तुत गरिएको हुन्छ । वस्तुपरक निबन्धलाई वर्णनात्मक र विवरणात्मक गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

### ३.४.२.१ वर्णनात्मक निबन्ध

विषयको वर्णनमा केन्द्रित निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । "कुनै विषयका बारेमा नालीबेली खुट्याएर त्यसको वास्तविक रूप अगाडि ल्याउनका साथै वस्तु तथ्यबारे लेखकको वस्तुपरक दृष्टि स्पष्टसँग पाठक सामु हस्तान्तरण गरिदिनु वर्णनात्मक निबन्धका गुण हुन् ।"[३०] यसमा विषयवस्तुको बाह्य पक्षको यथार्थ चित्रण गर्ने पद्धति भए तापनि यस्ता लेखकमा सूक्ष्म निरीक्षणको अपेक्षा गरिएको हुन्छ । लेखकमा विषयगत सचेतता सूक्ष्म निरीक्षण र वर्ण्य विषयलाई मौलिकताको जलप लगाएर वर्णन गर्न सक्ने क्षमता अनिवार्य हुन्छ । वर्णनात्मक निबन्धमा सरल तथा सुबोध शैलीको प्रयोग हुनाका साथै अलङ्कृत र प्राञ्जल भाषाको प्रयोग हुने भएकोले यो प्रभावकारी र जीवन्त हुन्छ ।

### ३.४.२.२ विवरणात्मक निबन्ध

घटना वा वृत्तान्तको बेलीबिस्तार गरिएको विवरणप्रधान निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । "यसमा घटनाको क्रमबद्ध वर्णन र निबन्धकारको आत्मीयता हुनु अनिवार्य भनिन्छ । यसरी विवरणात्मक निबन्धमा घटनाको पूर्वापर सम्बन्ध परिमाणतः जन्मेका उत्तरोत्तर घटनाहरू र समाजमा तत्काल परेका प्रतिक्रिया आदिको रोचक तथा संक्षिप्त चर्चा गरिन्छ ।"[३१]

यस्ता निबन्धमा प्रायः प्राचीन एवम् आधुनिक सत्य, काल्पनिक तथा अतीतकालीन घटना, युद्ध, यात्रा, शासन प्रणाली, जीवनी, कुनै जातिविशेषको रीति, स्थिति, ऐतिहासिक तथा पौराणिक आख्यानको समावेश गरिन्छ ।[३२] यसरी निबन्धलाई विभिन्न विद्वान्हरूको मतलाई समग्रमा मिलाई आत्मपरक र वस्तुपरक गरी विभाजन गरिएको छ । यही आधार नै उपयुक्त आधारको रूपमा देखिन्छ ।

---

[३०] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. २९ ।

[३१] ऐजन ।

[३२] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली निबन्ध,** पूर्ववत्, पृ. ५८ ।

## ३.५ मोहनविक्रम सिंहको निबन्ध लेखन

निबन्धकार मोहनविक्रम सिंहको निबन्ध लेखन सर्वप्रथम निबन्ध विधाबाटै भएको हो । उनको पहिलो निबन्ध **विद्या र हामी** हो ।[३३] वि.सं. २००४/००५ मा शान्ति निकुञ्ज स्कुलबाट प्रकाशित **आँखा** पत्रिकामा प्रकाशन भएको भेटिन्छ ।[३४] यसर्थ सिंहको लेखन सबैभन्दा पहिले निबन्ध विधाबाट भएको हो । सिंहको लेखन आरम्भ गद्यबाट भएको र प्रकाशन पनि त्यही विधाबाट भएकोले उनको गद्य लेखन सबल देखिन्छ ।

मोहनविक्रम सिंह वि.सं. २००४/००५ बाट लेख्न आरम्भ गरी दोस्रो निबन्धको रूपमा **मेरो टुकी** वि.सं. २००८ मा प्रकाशन गरेका हुन् । यो निबन्ध जुद्धोदय हाइस्कुलमा आयोजित निबन्ध प्रतियोगितामा वाचन गरेर प्रथम स्थान हासिल गरेको निबन्ध हो । यो निबन्ध सिंहले विद्यालय स्तरमा अध्ययन गर्ने समयमा लेखेको सूचना पाइन्छ ।[३५] यो निबन्ध लेखन र प्रकाशनका दृष्टिले दोस्रो निबन्ध हो । हाल धरतीको पूर्वइतिहास (२०६४) मा सङ्गृहीत रहेको छ ।[३६]

मोहनविक्रम सिंहको निबन्धात्मक लेखनकलालाई नियालेर हेर्दा साहित्यिक निबन्धको अतिरिक्त राजनीतिक र विचारात्मक निबन्धहरू पनि लेखेको पाइन्छ । सिंहको राजनीतिक विषयवस्तुलाई आधार बनाएर लेखिएको निबन्ध **प्युठानको किसान समस्या र सङ्घर्ष** (२०११) हो । सिंहको यो राजनीतिक लेखनका दृष्टिले पहिलो निबन्धात्मक कृति हो । "वि.सं. २०११ मा लेखिएको र हाल चार दशक भाग-२ मा सङ्गृहीत रहेको पाइन्छ ।"[३७] यसमा तत्कालीन समयमा प्युठान जस्ता पहाडी जिल्लामा भएको शोषण, दमन र राज्य व्यवस्थाले गरेको उपेक्षा त्यसका विरुद्धमा त्यहाँका जनताले देखाएको क्रान्तिकारी उत्साह, त्याग, समर्पण देखाइएको छ । मोहनविक्रम सिंहले यस निबन्धका अतिरिक्त अन्य थुप्रै निबन्धहरू र लेखहरू लेखेको सूचना पाइन्छ । सिंहको सूचना अनुसार, "यस सङ्ग्रहमा वि.सं. २०११ देखि वि.सं. २०५६ सम्मको करिब साढे चार दशकको काल अवधिमा लेखिएको रचनाहरू छन् । त्यो काल अवधिमा देशको राजनैतिक परिस्थिति, अन्तर्राष्ट्रिय र राष्ट्रिय कम्युनिस्ट आन्दोलन र स्वयं मेरो अनुभव वा विचारहरूमा कैयौ परिवर्तनहरू भएका छन् । मैले यसमा प्रकाशित लेखहरूलाई यही ऐतिहासिक परिप्रेक्ष्यमा नै पढ्ने र बभ्कनको

---

३३ भवानी पाँडेल, पूर्ववत्, पृ. २२ ।

३४ ऐजन ।

३५ ऐजन ।

३६ मोहनविक्रम सिंह, भूमिका, **धरतीको पूर्व इतिहास सङ्ग्रह,** २०६४ (काठमाडौं : प्रगति पुस्तक सदन) ।

३७ मोहनविक्रम सिंह, भूमिका, **चारदशक** भाग-२ (जनसाहित्य प्रकाशन, २०५८). ।

लागि अनुरोध गर्दछु ।"[३८] यसमा सिंहको हालसम्म लेखिएको लगभग नब्बे जति राजनीतिक निबन्ध तथा विचारात्मक लेखहरू भाग -१ र भाग-२ मा सङ्गृहीत रहेका छन् ।

सिंहको साहित्यिक निबन्ध लेखनलाई हेर्दा वि.सं. २००८ देखि हालसम्म लेखिएको निबन्ध सङ्ग्रहको रूपमा **धरतीको पूर्व इतिहासमा** रहेको पाइन्छ । यो वि.सं. २०६४ मा प्रगति पुस्तक पसलले प्रकाशन गरेको छ । यो निबन्ध विविध विषयमा आधारित भएर लेखिएको साहित्यिक निबन्धहरूको सँगालो हो । यस संग्रहमा आठ शीर्षकहरू संरचित रहेका निबन्धहरू धार्मिक, सामाजिक तथा सांस्कृतिक र ऐतिहासिक विषयवस्तुमा आधारित रहेको पाइन्छ ।

सिंहको फुटकर निबन्ध लेखनलाई नियाल्दा सबैभन्दा पहिलो निबन्ध **विद्या र हामी** ( २००४/००५) हो । "यो हालसम्म सङ्गृहीत हुन नसकेको सिंह बताउँछन् ।"[३९] उनको अर्को फुटकर निबन्धमा **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** (२०५८) हो । यो छुट्टै कृतिको रूपमा प्रकाशित छ । अर्को निबन्ध **घर बन्छ, घरहरू भत्कन्छन्** २०२५ मा लेखिएको हो । यो कमलराज रेग्मीका **आमा, म र पाल्पामा** वि.सं. २०६६ मा सङ्गृहीत रहेको छ । अर्को निबन्ध **उजेली र हर्के आदर्श पात्र निर्माण बारे मेरो अनुभव** रहेको छ । यो सिंहको साहित्य र समालोचना (२०६३) मा रहेको छ । **सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद** (२०४६) हो । यो पनि साहित्य र समालोचनामा सङ्गृहीत रहेको छ ।

यसरी सिंहको समग्र निबन्ध लेखन काललाई हेर्दा नेपाली साहित्यको प्रगतिवादी धारालाई चिनाएका छन् । यो धारालाई पहिचान गराउने कार्यमा सिंहका यी निबन्धात्मक कृतिहरूले भूमिका खेलेको देखिन्छ । विभिन्न कृतिहरूका माध्यमबाट परिचित सिंह नेपाली निबन्ध परम्पराको गद्य फाँटबाट लेखन कार्य थालनी  गरी आधुनिक कालको पहिलो चरणमा देखापरेतापनि उनको लेख्न भने वि.सं. २०१७ पछि मात्र प्राप्ति मूलक रहेको पाइन्छ । यसरी राजनैतिक द्रष्टाको रूपमा परिचित सिंह नेपाली साहित्य लेखनको क्रममा बढी गद्यविधा तिर झुकेको पाइन्छ । प्रगतिवादी साहित्यकारको रूपमा परिचित रहेका सिंह समालोचना लेखनमा निबन्धात्मक प्रवृत्ति रहेको पनि पाइन्छ ।

### ३.५.१ मोहनविक्रम सिंहका निबन्धको सर्वेक्षण

"निबन्धकार मोहनविक्रम सिंह विद्यार्थी जीवनकालदेखि नै लेख्न शुरुवात गरेको पाइन्छ ।"[४०] त्यसमा पनि निबन्ध विधाबाट शुरुवात गरेका सिंह गद्यात्मक विधामा बढी

---

३८ मोहनविक्रम सिंह, भूमिका, **चारदशक** पूर्ववत् ।

३९ भेटवार्ता ।

४० भवानी पौडेल, पूर्ववत्, पृ. २२ ।

भुकाउ देखिन्छ । सिंहका निबन्ध लेखनलाई अध्ययन गर्दा वि.सं. २००४/००५ देखि लेखन शुरुवात गरी सकेका पाइन्छ । उनको हालसम्मको निबन्ध लेखन सर्वेक्षणमा पहिलो निबन्ध **विद्या र हामी** वि.सं. २००४/००५ हो । सिंहको यही लेखनकोणबाट निबन्धहरूको सर्वेक्षण गर्दा निम्न विषयवस्तुमा आधारित निबन्धहरू रहेको पाइन्छ ।

### ३.५.१.१ साहित्यिक निबन्धहरू

मोहनविक्रम सिंहको साहित्यिक निबन्धलाई पहिचान दिने पहिलो निबन्ध **विद्या र हामी** हो । सिंहले साहित्यिक निबन्धको लेखन आरम्भ वि.सं. २००४/००५ मा यही निबन्ध **विद्या र हामी**बाट गरे । उनको हालसम्मको साहित्यिक निबन्धहरू धरतीको पूर्व इतिहास (२०६४) मा सङ्कलन गरिएका छन् ।[४१] यसपछि उनका फुटकर निबन्धहरू **विद्या र हामी, घर बन्छ, घरहरू भत्कन्छन्, उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव** र **सलमान रूश्दी विरुद्ध देखापरेको धार्मिक उन्माद** रहेका छन् ।'

### ३.५.१.२ राजनीतिक निबन्धहरू

'निबन्धकार मोहनविक्रम सिंहको राजनीतिक निबन्धहरूको सर्वेक्षण गर्दा वि.सं. २०११ बाट राजनीतिक निबन्ध लेखन आरम्भ गरेको पाइन्छ ।'[४२] सिंहको पहिलो राजनीतिक निबन्ध कृतिको रूपमा **प्युठानको किसान समस्या र सङ्घर्ष** रहेको छ । यो वि.सं. २०११ मा लेखिएको राजनीतिक निबन्ध हो । सिंहले वि.सं. २००४/००५ बाट राजनीतिक जीवन सुरु गरे तापनि लेखन क्षेत्रमा भने वि.सं. २०११ बाट सुरु गरेको बताउँछन् ।[४३] उनको वि.सं. २०११ देखि हालसम्म अर्थात् साढे चार दशकमा लेखिएको राजनैतिक तथा विचारात्मक निबन्ध, लेखहरूको सङ्गालोको रूपमा "चारदशक भाग-१ र भाग-२ रहेको छ ।[४४] यही कृतिमा सङ्गृहीत रहेको पाइन्छ । निम्नलिखित निबन्धको सूची परिशिष्ट (ख) मा रहेको छ ।

### ३.५.१.३ धार्मिक तथा सांस्कृतिक निबन्धहरू

मोहनविक्रम सिंहले साहित्यिक तथा राजनीतिक निबन्धका अतिरिक्त धार्मिक तथा सांस्कृतिक निबन्धहरू पनि लेखेको बताउँछन् ।[४५] सिंहका धार्मिक निबन्धको रूपमा **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका**लाई लिएका छन् । यस निबन्धमा धर्मले समाजमा पारेको असरको बारेमा व्याख्या गरिएको छ । सिंहको धार्मिक तथा सांस्कृतिक

---

[४१] शोधनायकसँग भेट वार्ता ।

[४२] ऐजन ।

[४३] ऐजन ।

[४४] मोहनविक्रम सिंह, "भूमिका", **चार दशक,** पूर्ववत् ।

[४५] भेटवार्ता ।

निबन्धहरू : **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका, प्राचीन भारतीय विवाह प्रथाको समीक्षा, वेश्यावृत्ति, घर बन्छ घरहरू भत्कन्छन्** हुन् ।

### ३.५.१.४ समालोचनात्मक निबन्धहरू

मोहनविक्रम सिंहको निबन्ध सर्वेक्षणमा समालोचनात्मक प्रवृत्ति रहेको निबन्ध पनि भेटिन्छ । उनले यस क्षेत्रमा **विचार विवेचना तथा विश्लेषण** (२०४२) सबैभन्दा पहिले लेखेको भेटिन्छ ।[४६] यो समालोचनात्मक निबन्ध वि.सं. २०४२ मा सङ्ग्रहको रूपमा प्रकाशन भएको हो । उनको हाल सम्मको समालोचनात्मक निबन्धहरू : **विचार विवेचना तथा विश्लेषण** (२०४२) सङ्ग्रह, **महिला मुक्तिको महान गाथा** (२०४८), **साहित्य र समालोचना** (२०६३) **सङ्ग्रह, साहित्य र संवाद** (२०६३) **सङ्ग्रह, प्रमिथस र प्रमिथस महाकाव्यबारे, लक्ष्मीप्रसाद देवकोटाको वैचारिक पक्षको अध्ययन** (२०६३)' आदि रहेको छन् ।

### ३.५.१.५ ऐतिहासिक निबन्धहरू

मोहनविक्रम सिंहको निबन्धको सर्वेक्षण क्रममा सिंहको सूचना अनुसार ऐतिहासिक निबन्धहरू पनि रहेको पाइन्छ ।[४७] यी निबन्धहरू निम्न छन् : **धरतीको पूर्व इतिहास, प्राचीन भारतीय विवाह प्रथाको समीक्षा, आदि विद्रोही** आदि रहेका छन् ।

मोहनविक्रम सिंहको वि.सं. २००४/००५ देखि हालसम्मको निबन्ध अध्ययन गर्दा विभिन्न विषयमा आधारित धार्मिक, साहित्यिक, राजनैतिक, ऐतिहासिक र सांस्कृतिक तथा सामाजिक निबन्धहरू रहेको पाइएको छ । यी निबन्धहरूलाई अध्ययन गर्दा प्रगतिवादी चिन्तन शैलीको प्रबलता रहेको पाइन्छ । उनको धेरैजस्तो निबन्धले मार्क्सवादी विचार धाराको अभिव्यक्ति दिइएको देखिन्छ । निम्न वर्गको उत्थान र शोषक वर्ग प्रतिका विद्रोह रहेको निबन्ध क्रान्तिकारी भावनाहरूले ओतप्रोत रहेका छन् ।

## ३.६ मोहनविक्रम सिंहका निबन्धहरूको वर्गीकरण

साहित्यका विविध विधाहरूमध्ये निबन्ध विधा एक वैयक्तित्व आत्मगत र वस्तुगत रूपमा प्रष्टिने विधा हो । यही सिद्धान्तका आधारमा मोहनविक्रम सिंहका साहित्यिक तथा सामाजिक, सांस्कृतिक, धार्मिक निबन्धहरूलाई मात्र वर्गीकरण गरिएको छ । उनको यी निबन्धलाई आत्मपरक र वस्तुपरक गरी त्यसको पनि उपभेदमा वर्गीकरण गरी देखाइएको छ ।

---

[४६] भवानी पौडेल, पूर्ववत्,पृ. ३३ ।

[४७] भेटवार्ता ।

### ३.६.१ आत्मपरक निबन्ध

लेखकको निजी अनुभूतिको आत्मप्रकाशन भएको निबन्धलाई आत्मपरक निबन्ध भनिन्छ । मोहनविक्रम सिंहको धेरैजस्तो निबन्ध वस्तुपरक भए पनि केही यस्ता निबन्धहरू आत्मपरक रहेका छन् । उनको यी आत्मपरक निबन्धहरूमा **हर्के, अलबिदा कामरेड जलजला !, मेरो टुकी** आदि हुन् ।[४८] यी निबन्धहरूमा सिंहका व्यक्तिगत अनुभूतिको आत्मप्रकाशन भएको पाइन्छ ।

सिंहका **मेरो टुकी** निबन्धमा उनको व्यक्तिगत अनुभूतिलाई टुकीको माध्यमद्वारा आत्मप्रकाशन गरिएको छ । सिंहका मनमा लागेका अनुभूतिलाई एउटा सानो पितलको टुकी मार्फत आर्थिक अभावको गरीबीलाई प्रष्ट पारिएको देखिन्छ । अर्कोतिर वर्गीय विभेद भएको समाजमा त्यो सानो टुकी विद्रोह नगरी मौन रहेको छ । त्यहाँ पनि लेखक निजी अनुभूति र वैयक्तिक विचार अभिव्यक्त भएको देखिन्छ ।

सिंहका आत्मपरक अर्को निबन्ध हो **हर्के** यसमा सिंहको हर्के पात्र माथि निजी भाव व्यक्त भएको छ । हर्केलाई सिंहले कहिले गाउँको सोझो र इमान्दार पात्रको रूपमा देखाइएको छ भने कहिले क्रान्तिकारी विचार भएको पात्रको रूपमा देखाइन्छ ।

**अलबिदा कामरेड जलजलामा !** जलजलाको असामयिक मृत्युमा व्यक्तिगत अनुभूति प्रकट गरिएको छ । डिल्ली यात्राको दुर्घटनाले पारेको पीडामा लेखकीय निजी अनुभूति दिएर अत्यन्त आत्मिय ढङ्गबाट प्रस्तुत भएको देखाइएको छ । यसरी सिंहले उनको व्यक्तिगत अनुभूति प्रकट गरिएको पाइन्छ । यसमा सिंहका निबन्धहरूलाई उपशीर्षकमा पनि वर्गीकरण गरिएको छ ।

### ३.६.१.१ विचारात्मक निबन्ध

कुनै पनि लेखन कलालाई प्रष्ट र निबन्धात्मक स्वरूप दिनको लागि विचारको आवश्यक हुन्छ । यसमा विचारको प्रबलता र बुद्धिको सम्बर्द्धन भएको हुन्छ । सिंह, "विचार प्रधान निबन्धहरूमा **हर्के, मेरो टुकी, घर बन्छ घरहरू भत्कन्छन्** आदि रहेको बताउँछन् ।"[४९] **हर्के** सामाजिक विषयवस्तुमा आधारित विचारात्मक निबन्ध हो । यसमा हर्केलाई बदलिंदो तरल राजनैतिक अवस्थासँग परिवर्तन गर्ने लेखकीय निजी विचार आएको पाइन्छ । अर्को विचारात्मकमा स्वतन्त्र अभिव्यक्ति भएको निबन्ध **मेरो टुकी** हो । **मेरो टुकी** आफ्नो आर्थिक अभाव प्रति मौन छ । समाजको भेद माथि मौन छ, त्यो अभिव्यक्ति नै लेखकीय

---

[४८] भेटवार्ता ।

[४९] भेटवार्ता ।

निजी स्वतन्त्र विचार हो । **घर बन्छ घरहरू भत्कन्छ** मा व्यङ्ग्यात्मक विचार त्यस समाजका नेतामाथि प्रस्तुत गरिएको निबन्ध हो ।

### ३.६.१.२ भावनात्मक निबन्ध

भावपक्षको अभिव्यक्ति भएको निबन्धलाई भावनात्मक निबन्ध भनिन्छ । मोहनविक्रम सिंहको भावनात्मक निबन्धमा **अलबिदा कामरेड जलजला !** र **उजेली र हर्के : आदर्श पात्र निर्माणमा मेरो अनुभव** रहेका छन् । सिंहले **अलबिदा कामरेड जलजलामा जलाजला**को मृत्युका कारण र त्यस घटनाले सिंहका हृदयमा पारेको आघातमा भावुक भएर "मैले एक दिन पनि दारी सेव नगर्दा, आज सेव गर्नु भएन ? उनले तुरुन्तै पानी र ऐना ल्याएर अगाडि राखीदिन्थिन तर अब मलाई सेवको लागि कर गर्ने, कोही छैनन् । तैपनि मलाई लागिरहेछ उनी कतै कतै बसेर भनिरेहेकी छिन् "किन सेव नगरेको ?"[५०] यसरी भाव प्रकट गरेको यो निबन्धमा भाव र कल्पना पनि महत्त्वपूर्ण रहेको छ । **मेरो टुकी, उजेली र हर्के : आदर्श पात्र निर्माण मेरो अनुभव**मा पनि भावनामा रही सामाजिक पीडा भावुक भएर पोखिएर देखाइएको पाइन्छ ।

### ३.६.१.३ वैयक्तिक निबन्ध

निबन्धकारको कुनै पनि भनाई निजात्मक रहन्छ भने त्यो निबन्ध वैयक्तिक बन्न पुग्दछ । यस्तै सिंहको वैयक्तिक बन्न पुगेका निबन्धहरूमा **हर्के, अलबिदा कामरेड जलजला !** र **मेरो टुकी** रहेका छन् । यी तीनवटै निबन्धमा सिंह आफ्नो नितान्त व्यक्तिगत धारणाहरू अभिव्यक्त गरेका छन् ।

### ३.६.२ वस्तुपरक निबन्ध

निबन्धको भनाई विषयवस्तुसँग सम्बन्ध हुन्छ भने त्यो वस्तुपरक निबन्ध बन्दछ । मोहनविक्रम सिंहको हालसम्म लेखिएको निबन्धात्मक कृतिहरू मध्ये वस्तुपरक निबन्ध सबैभन्दा बढी छन् । उनको वस्तुपरक निबन्धहरूमा **विधा र हामी, प्राचीन भारतीय विवाह प्रथाको समीक्षा, ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका, धरतीको पूर्व इतिहास, वेश्यावृत्ति : एक समीक्षा, आदि विद्रोह** निबन्ध हुन् । यसमा पनि वर्णनात्मक र विवरणात्मक निबन्धहरू रहेका छन् ।

---

[५०] मोहनविक्रम सिंह, **धरतीको पूर्व इतिहास** (काठमाडौं : प्रगतिपुस्तक सदन, २०६४), पृ. ६७ ।

### ३.६.२.१ वर्णनात्मक निबन्ध

निबन्धमा दिइएको विषयवस्तुलाई वर्णन केन्द्रित बनाइएको विधा वर्णनात्मक निबन्ध बन्दछ । मोहनविक्रम सिंहको वर्णनात्मक शैलीमा लेखिएको निबन्ध **प्राचीन भारतीय विवाहको समीक्षा, ओशोको धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका, वेश्यावृत्ति एक समीक्षा** आदि रहेका छन् । सिंह यस निबन्धहरूको विषयवस्तुलाई व्यापक समावेश गरी वर्णनमा केन्द्रीत गराइएको छ ।

### ३.६.२.२ विवरणात्मक निबन्ध

घटनालाई बेलीबिस्तार गरी इतिहास, तिथि, मिति दिइएको निबन्ध विधालाई विवरणात्मक निबन्ध भनिन्छ । मोहनविक्रम सिंह विवरणात्मक निबन्धको रूपमा **धर्तीको पूर्व इतिहास** (२०६४) लाई बताउँछन् ।[५१] यो सिंहको कालक्रम, इतिहास, घटनालाई शिल-शिला मिलाएर लेखिएको ऐतिहासिक निबन्ध हो । यसमा विभिन्न समयको कालखण्डमा भएको विकास र परिवर्तनले त्यसको अवस्थालाई दिएको छ । पृथ्वी निर्माणको विकास क्रममा यसले मानिसको श्रम र भूमिका, त्यसले ल्याएको परिवर्तन शृङ्खलालाई घटना विवरणको रूपमा ऐतिहासिक कालक्रमले संकेत गरी देखाइएको छ ।

## ३.७ निष्कर्ष

निबन्धकार मोहनविक्रम सिंहका साहित्यिक निबन्धलाई मात्र समग्रतामा वर्गीकरण गरी केलाउँदा उनको निबन्धात्मक कृतिहरूमा तात्कालीन समाजमा रहेका थिचो-मिचो, अन्याय-अत्याचार र आफूले देखे भोगेको घटनाहरूलाई यथार्थमा प्रस्तुत गरिएको छ । जीवनका ती घटनाहरूलाई आत्मगत र वस्तुगत ढङ्गमा रोचकपूर्ण शैलीमा प्रस्तुत भएका निबन्धमा सामाजिक यथार्थ र युगीन सामाजिक सांस्कृतिक यथार्थ प्रकट भएको पाइन्छ । सिंहका सबै जसो निबन्धमा व्याप्त रहेको प्रगतिवादी चिन्तन परिपक्व रूपमा देखापरेका छन् । धार्मिक तथा सांस्कृतिक परिवर्तनका निम्ति देखापरेका सिंहका निबन्धमा जनताको क्रान्तिकारी आन्दोलनप्रति अगाध आस्था र विश्वास राख्नको लागि ठूलो साहस र त्यागको भावना जगाइएको पाइन्छ ।

मोहनविक्रम सिंहका साहित्यिक निबन्ध मात्र नभएर त्यसका अतिरिक्तमा राजनीतिक तथा वैचारिक, ऐतिहासिक, समालोचनात्मक निबन्धहरू पनि सर्वेक्षणको क्रममा पाइन्छन् । उनको यी निबन्धहरू विविध विषयमा आधारित भएर रहेका छन् । भौगोलिक तथा सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरचनालाई आधार बनाएर लेखिएको पाइन्छ ।

---

[५१] भेटवार्ता ।

समाजमा व्याप्त जाली, फटाहा, शोषक वर्गले समाजसुधारक मान्छेहरूलाई कसरी असफल पार्ने प्रत्यना गर्दछ । त्यसको विरुद्धमा विद्रोहका धावा बोल्ने सिंहका निबन्धमा संसार भरकै मान्छेहरू सुखी र सम्पन्न भएर बाँच्न पाउनुपर्छ भन्ने मानवतावादी विचार प्रकट भएको छ । कुनै निबन्धात्मक कृतिमा वस्तु तथा प्रकृतिको मानवीकरण गरिएको मानवतावादी चिन्तन रहेको पाइन्छ । उनका निबन्धमा प्रगतिवादी, विद्रोह चेत र राष्ट्रिय तथा अन्तर्राष्ट्रियतावादी चिन्तन रहेको देखिन्छ । यी विविध पक्षले सज्जिएको सिंहका निबन्धहरू आत्मपरक भन्दा वस्तुपरक निबन्ध सबल भेटिन्छ ।

**चौथो परिच्छेद**

# निबन्धकार मोहनविक्रम सिंहका निबन्धहरूको विश्लेषण

## ४.१ विषयप्रवेश

मोहनविक्रम सिंह नेपाली साहित्यका क्षेत्रमा निबन्धकार व्यक्तित्वको रूपमा परिचित व्यक्तित्व हुन् । उनी प्रगतिवादी नेपाली निबन्ध परम्परामा स्मरणीय रहेका छन् । उनको **धरतीको पूर्व इतिहास** निबन्ध सङ्ग्रह र फुटकर निबन्धको विश्लेषण यस अध्यायमा प्रस्तुत छ ।

## ४.२ मोहनविक्रम सिंहका निबन्धको अध्ययनको आधार

अध्याय तीनमा बनाइएको आधारमा निबन्धहरूको विश्लेषण गरिएको छ । निबन्ध विश्लेषणमा विषयवस्तु, उद्देश्य र भाषाशैलीलाई मुख्य आधार मानिएको छ ।

## ४.३ धरतीको पूर्वइतिहास निबन्ध सङ्ग्रहको विश्लेषण

निबन्धकार मोहनविक्रम सिंहको निबन्ध संग्रह **धरतीको पूर्वइतिहास** (२०६४) हो । यस निबन्ध संग्रहमा आठ निबन्धहरू सङ्गृहीत छन् । ती निबन्धहरू **प्राचीन भारतीय विवाह प्रथाको समीक्षा** (२०५८), **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** (२०५४), **हर्के** (२०४४/४५), **अलबिदा कामरेड जलजला !** (२०३८), **धर्तीको पूर्व इतिहास** (२०३५), **वेश्यावृत्ति : एक समीक्षा** (२०२८), **आदि विद्रोही** (२०२९), **मेरो टुकी** (२००८) हुन् ।

### ४.३.१ प्राचीन भारतीय विवाह प्रथाको समीक्षा (२०५८)

भारतीय इतिहासकार विश्वनाथ काशिनाथ राजवाडेको प्रसिद्ध कृतिमा निबन्धकार मोहनविक्रम सिंहले समीक्षा गरी निबन्धात्मक स्वरूप दिएका छन् । यो निबन्ध सिंहको वि.सं. २०५८ मा लेखिएको र वि.सं. २०६४ मा धरतीको पूर्वइतिहासमा सङ्गृहीत निबन्ध हो ।

#### १. विषयवस्तु

मोहनविक्रम सिंहको **प्राचीन भारतीय विवाह प्रथाको समीक्षा** (२०५८) सामाजिक, सांस्कृतिक विषयवस्तुमा आधारित निबन्ध हो । सिंह 'भारतीय विवाह संस्थाको इतिहासबारे यस निबन्धमा अध्ययन गरेका छन् ।'[१] वस्तुपरक शैलीमा लेखिएको ऐतिहासिक निबन्धमा

---

१ मोहनविक्रम सिंह, **धरतीको पूर्वइतिहास,** भूमिका, (काठमाडौं : प्रगतिपुस्तक सदन, २०६४) ।

राजवाडेले गरेको भारतको सामाजिक परम्परामा आधारित विवाह प्रणाली समयानुकूल बदलिएको देखाइएको छ । विवाह प्रणालीको उल्लेख गरिएको प्रथम खण्डमाथि सिंहले ऐगेल्सको कृति ‘परिवार व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति” सँग तुलनात्मक अध्ययन गरिएको पाइन्छ ।’[२] सिंह राजवाडेको पुस्तकको सन्दर्भमा फ्रेडरिक एंगेल्सको प्रसिद्ध कृति “परिवार व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति” को पनि केही चर्चा र तुलनात्मक अध्ययन गर्नुपर्ने आवश्यकता छ ।[३] उक्त कृति राजवाडे देखाएको विवाहको स्वरूप र एंगेल्सको विवाहको स्वरूपसँग मिलेको उनको निबन्धमा देखिन्छ ।[४]

“सिंह समयानुकूल परिवर्तन हुने विवाह प्रणालीको स्वरूपले महिलाहरू माथि नै अत्याचार र शोषण भएको बताइएको पाइन्छ । यस सन्दर्भमा सिंह समाजको ऐतिहासिक विकास र परिवर्तनले विवाहको स्वरूपमा पनि परिवर्तन पाइन्छ तर महिलाहरू माथि हुने शोषण भने अझ कम भएको छैन । यौन शोषणका स्वरूपमात्र फरक परेको देखाएका छन् । भविष्यमा नारी र पुरुषहरूको बीच वैवाहिक सम्बन्ध र यौन सम्बन्ध सच्चा प्रेममा मात्र सीमित रहने कुरा उल्लेख गरेको पाइन्छ ।”[५]

## २. उद्देश्य

सामाजिक तथा सांस्कृति रूपमा जरुरी विवाह प्रथाहरू चलिरहन्छ । यो एउटा समयको चक्रसँग सँगै परिवर्तन हुने सामाजिक प्रथा हो । जसले सामाजिक मान्यता पाएको हुन्छ भन्ने कुरा मुख्य उद्देश्यको रूपमा आएको छ । सामाजिक मूल्यमान्यता ऐतिहासिक मानव विकाससँग जोडिएको हुन्छ । उत्पादन प्रणालीको स्वरूप र विकाससँगै समाज परिवर्तन र विवाहको स्वरूप पनि परिवर्तन हुन्छ । यो ऐतिहासिक भौतिकवादी विकास नियमका आधारमा हुन्छ भनी देखाउनु नै यस निबन्धको मुख्य उद्देश्य हो ।

## ३. भाषाशैली

सहज र सरल भाषाशैलीको प्रयोग भएको यस निबन्धमा तत्सम, तद्भव, आगन्तुक भाषाको प्रयोगले निबन्ध सुगठित देखिन्छ । प्राचीन भाषादेखि अन्तर्राष्ट्रिय भाषाको समेत प्रयोग भएको निबन्धमा अनुकरणात्मक शब्द पनि कतै कतै रहेको पाइन्छ । भाषाशैलीको दृष्टिले उत्कृष्ट निबन्ध कतै कतै आलङ्कारिक भाषाले सुन्दरता पनि थपेको देखिन्छ ।

---

[२] मोहनविक्रम सिंह, **“धरतीको पूर्व इतिहास,** पूर्ववत्, पृ. २२ ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

प्राचीन समय देखिनै विवाहको स्वरूप फरक फरक भएको अवस्थामा अत्यन्त कटर र रुढिवादी हिन्दु समाजमा पनि स्वयं हिन्दु ग्रन्थका आधारमा प्राचीन भारतीय समाजलाई चिरफार गरेर देखाइएको छ । त्यो एउटा सामाजिक सांस्कृतिक प्राचीन प्रथा हो । यो भारतमा मात्र सीमित नभई विश्वभरको एउटा ऐतिहासिक सामाजिक तथा सांस्कृतिक प्रथा हो । जसले समाजको वस्तुलाई/चीजलाई हेर्ने यथार्थवादी र प्रगतिवादी दृष्टिकोणको परिचय दिएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

### ४.३.२ ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका (२०५४)

निबन्धकार मोहनविक्रम सिंहको **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** (२०५४) धार्मिक विषयवस्तुमा आधारित निबन्ध हो । "यो वि.सं. २०५४ जेठ १५ गते विचार गोष्ठिमा प्रस्तुत गरिएको कार्यपत्र हो । यो वि.सं. २०५४ मा छुट्टै कृतिको रूपमा प्रकाशित भएको पाइन्छ ।"[६]

### १. विषयवस्तु

मोहनविक्रम सिंहको "**ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** (२०५४) निबन्ध सांस्कृतिक विषयवस्तुमा आधारित निबन्ध हो ।"[७] यसमा सिंहले संसारमा देखापरेका बीस हजार धार्मिक संस्थाहरूको चर्चा गर्दै ओशो धर्म र विचारको उत्पत्ति विकास र त्यसको चरमोत्कर्षले समाजमा ल्याएको विकृतिको उल्लेख गरिएको छ । यस्ता नयाँ धार्मिक सम्प्रदायहरू समाजमा विकृति, नकारात्मक र निराशावादी सोचाइहरूको उपजको रूपमा रहेको कुरा सिंह पुष्टि गरेका छन् । "आफूमाथि ईश्वरको शक्ति लुकेको र एक दिन ईश्वर लिन आउनेछन् भन्ने  जस्ता भ्रामक कुराहरू सिर्जना गराएर अनुयायी बनाएको अन्त्यमा ती अनुयायीहरू आत्महत्या गरेको कुरा उल्लेख  छ ।"[८]

ओशोको प्रेमलाई ध्यानसित जोडेर प्रेमले उच्च र अध्यात्मिक रूप लिन र यौनको मार्गद्वारा मुक्ति प्राप्त गर्न सकिन्छ भन्ने दर्शनलाई सिंहले "सम्भोगदेखि समाधिसम्म" जोड्दै विचार व्यक्त गरेका छन् । यही यौन सम्बन्धी ओशोको गलत धारणाले भारतबाट अमेरिका निर्वासन हुनु परेको तथ्य पुष्टि छन् । सिंह ओशो रजनीशको विवाहसम्बन्धी धारणालाई उद्धत गर्दै उनले भनेका छन् "विवाहले सम्पूर्ण विश्वलाई अनैतिक बनाइदिन्छ एउटा मानिस एउटा महिलासित सुतिरहेको छ र दुवैले एक अर्कोलाई प्रेम गरिरहेका छैनन् तैपनि विवाह

---

[६] बलराम पोखेल, **"मोहन विक्रम सिंहको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"**, (काठमाडौं : प्रगति पुस्तक सदन, २०५९), पृ. १०९ ।

[७] ऐजन ।

[८] मोहनविक्रम सिंह (सम्पा.), **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** (रूपन्देही : विश्व नेपाली प्रकाशन, २०५५), पृ. २ ।

भएकोले एक अर्कालाई प्रेम गर्ने प्रयत्नमा छन् । यो भद्दा घृणित कार्य हो । यसलाई मैले वास्तविक वेश्यावृत्ति मान्दछ ।"[९] यस सन्दर्भमा सिंह एउटा महिला जीवन निर्वाहका लागि पूरै पुरुषमाथि आश्रित हुनुपर्ने बाध्यता, रहेको विवाह सम्बन्धी विचारलाई सिंह स्वीकार गरेका छन् ।"[१०] यस विचारलाई पुष्टि गर्न सिंहले ऐंगेल्सको उदाहरण "वर्तमान विवाह र प्रेमलाई प्रेम विना पति र पत्नी बीचका चुम्बन पनि व्यभिचार मानेका छन् ।"[११]

ओशो धर्म र विचारले समाजमा विद्यमान र व्यापक रूपमा फैलिंदै गएको विकृतिलाई प्रतिनिधित्व गरेको उल्लेख गर्दै जुन विकृतिलाई मार्क्सवादी लेनिनवादी सिद्धान्तमा आधारित वैज्ञानिक समाजवादमा मात्र समाधान हुने कुरा देखाइएका छन् । यौन सम्बन्धी खुल्ला धारणा राख्ने अमेरिका जस्तो राष्ट्रले समेत पचाउन नसकेको ओशो धर्मलाई 'नेपालले सहज स्वीकार गर्नु यो नेपाली समाज र संस्कृतिलाई चुनौतिको विषय पनि बन्न पुगेको देखाइएको छ ।'[१२]

## २. उद्देश्य

धर्मले समाजमा र संस्कृतिमा परेको नकारात्मक असरलाई फैलिन नदिनको लागि यस निबन्धको मुख्य उद्देश्य रहेको छ । माफियाको रूपमा विकास भएको धर्मले विवाह, प्रेम र यौनमा सांस्कृतिक रूपमा विकृति निम्ताइरहेको अवस्थामा यस्ता अन्धविश्वास र विकृतिलाई उन्मूलन गर्नु यस निबन्धको मूल आशय हो ।

## ३. भाषाशैली

सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रयोग भएको निबन्धमा वर्णनात्मक शैली रहेको पाइन्छ । वस्तुपरक शैलीमा लेखिएको निबन्धमा गद्य भाषा रहेको छ । आगन्तुक शब्द प्रयोगले आलङ्कारिक बन्न पुगेको निबन्ध प्रतिकात्मक भाषा प्योग पनि पाइन्छ । भाषिक विचलन चाहिँ रहेको पाइँदैन । शैलीगत रूपमा उच्च र औपचारिक भाषाको प्रयोग भएको निबन्धमा धर्मको कारण विसङ्गतिको आभाष पनि पाइन्छ ।

ओशो सम्प्रदाय संसारको विभिन्न भागहरूमा देखापरेको नयाँ धार्मिक सम्प्रदायहरूमध्ये बीसहजार सम्प्रदायको एक हो । औषधी व्यवसाय गर्ने उद्देश्यले "ओम" नामबाट खोलिएको योगको शिक्षा दिने क्रममा नै प्रेम, विवाह, यौन आदि कुरा सँगसँगै धार्मिक खतरा र विकृतिको रूपमा विकास भएको सम्प्रदाय आज विश्व सामु चुनौतिको

---

[९] ऐजन, पृ. १२ ।

[१०] ऐजन ।

[११] ऐजन ।

[१२] ऐजन, पृ. ५० ।

विषय बनेको छ । सामाजिक, सांस्कृतिक, राजनीतिक षड्यन्त्रहरूको रूपमा हाम्रो सामू आइपुगेको छ ।

### ४.३.३ हर्के (२०४४/०४५)

मोहनविक्रम सिंहको वि.सं. २०४४/०४५ मा लेखिएको **हर्के** आत्मपरक निबन्ध हो । यो वि.सं. २०५८ मा चार दशक भाग-दुई र वि.सं. २०६४ मा धरतीको पूर्व इतिहासमा सङ्गृहीत रहेको छ । "यस निबन्धका पात्रहरू सिंहको मन पर्ने पात्रको रूपमा रहेको पाइन्छ ।"[१३]

### १. विषयवस्तु

"हर्के" (२०४४/०४५) मोहनविक्रम सिंहको सामाजिक विषयवस्तुमा आधारित भएको आत्मपरक निबन्ध हो । सिंहले निजी विचार प्रभावकारी ढङ्गमा आत्मप्रकाशन भएको निबन्धका रूपमा बताएका छन् ।[१४] सिंह यस निबन्धमा हर्केलाई परिवर्तनगामी पात्रको रूपमा प्रस्तुत गर्न खोजेका छन् । "हर्के किसान आन्दोलनको निर्णयात्मक कडी हो । उसको अभावमा ऊ संघर्षमा अगाडि नआइकन, उसभित्रको शक्तिको विस्फोटन नभइकन किसान आन्दोलनले नयाँ जनवादीक्रान्तिको निर्णयात्मक शक्तिका रूपमा विकास गर्न सक्दैन र त्यसरी हर्के विद्रोहमा नगइकन नयाँ जनवादी क्रान्ति सफल हुन पनि सक्दैन ।"[१५]

यस निबन्धमा सिंह हर्केको परिवर्तनशील राजनीतिक अवस्थालाई चित्रण गरेका छन् र बदलिंदो राजनीतिक परिस्थिति र परिवेश सँगसँगै उसको जीवनशैली पनि परिवर्तन भएको छ । "बहुदलीय व्यवस्था वा तिनीहरूको दौरानमा हुने उथल-पुथलहरूले हर्केको चिन्त्न, दृष्टिकोण, व्यक्तित्व जीवनको अवस्था वा व्यवस्थाहरूमा कैयौं प्रकारले प्रभाव पार्दै आएका छन् र परिरहन्छन् ।"[१६] जेहोस् हर्केलाई वर्ग र वर्गसंघर्षको निम्ति होमिएको एक मुक्ति योद्धाका रूपमा देखाउन खोजेको पाइन्छ ।

### २. उद्देश्य

मानिस सामाजिक तथा राजनीतिक प्राणी हो । ऊ समाजमा भएको विभिन्न गतिविधिसँग सम्बन्धित हुन्छ । जुन गतिविधि राज्यमा भएको राजनीतिले निर्धारण गरेको हुन्छ । त्यसकारण स्वयम् मानिस पनि राजनीतिसँग जोडिएको हुन्छ । राजनीतिको बदलिदो अवस्था जस्तो छ । मानिस त्यही रूपमा बदलिन्छ र समयानुकूल परिवर्तन हुन्छ भन्ने मूल

---

[१३] मोहनविक्रम सिंह "भूमिका" **धरतीको पूर्व इतिहास,** पूर्ववत् ।

[१४] भेटवार्ता ।

[१५] मोहनविक्रम सिंह, **"धरतीको पूर्वइतिहास"**, पूर्ववत्, पृ. ५९ ।

[१६] ऐजन ।

विषय नै यस निबन्धको उद्देश्य हो । जुन कार्य हर्केको लक्ष्य उद्देश्यले निर्धारण गरेको छ । हर्केलाई वर्ग सङ्घर्षमा होमिएको समाजको प्रतिनिधि पात्रको रूपमा देखाउनु नै यस निबन्धको मुख्य उद्देश्य हो ।

## ३. भाषाशैली

सरल, सहज भाषिक स्पष्टता रहेको निबन्धमा ग्रामीण तथा स्थानीय भाषाको प्रयोग भएको पाइन्छ । विनोदात्मक भाषाशैली भएको निबन्धमा अनुकरणात्मक शब्दले अझ आलङ्कारिकता थपेको छ । जस्तैः "उसले हामीलाई टाढा-टाढाबाट उदासीन र तटस्थ भावले टुलु टुलु हेर्दछ मात्र ।"[१७]

शैलीगत दृष्टिले मध्यम रहेको निबन्धमा औपचारिक भन्दा अनौपचारिक भाषाशैलीको प्रयोग पाइन्छ । विभिन्न उद्देश्य लिएर पनि मुख्य उद्देश्यको रूपमा राजनीतिक उद्देश्य बोकेको इमान्दार र गाउँको सोझो हर्केलाई समयानुकूल परिवर्तन भएको देखाइएको छ । जीवनको अन्तिम अवस्थासम्म हण्डर ठक्कर खाँदै न्यायको निम्ति र मुक्तिको निम्ति बदलिँदो परिवेशसँग परिवर्तन भएको देखाएका छन् ।

## ४.३.४ अलबिदा कामरेड जलजला ! (२०३८)

"मोहनविक्रम सिंहको **अलबिदा कामरेड जलजला !** (२०३८) आत्मपरक निबन्ध भएको बताउँछन् ।"[१८] "यो वि.सं. २०३८ मंसिर ५ लखनउ रेलवे जक्सनमा लेखिएको हो ।"[१९] यो धरतीको पूर्व इतिहासमा वि.सं. २०६४ मा सङ्गृहीत रहेको छ ।

## विषयवस्तु

"आत्मपरक शैलीमा लेखिएका **अलबिदा कामरेड जलजला** सिंहको वैयक्तिक अनुभूतिहरू रहेको निबन्ध हो ।"[२०] लेखकीय निजात्मकताको रहेको निबन्धमा संस्मरण र अनुभूतिले स्थान पाएको छ । का. जलजलाको डिल्ली यात्राको क्रममा दुर्घटनामा मृत्यु भएकोले सिंह व्यक्तिगत अनुभूतिलाई संस्मरणात्मक रूपमा अभिव्यक्ति गरेका छन् । अनुभव गरिरहेका दुःखबाट मुक्ति पाउन मैले निन्द्राको आड लिन खोज्दै छु ...

---

[१७] ऐजन पृ. ५९ ।

[१८] भेटवार्ता ।

[१९] मोहनविक्रम सिंह **"जलजला"** पूर्ववत्, पृ. ६७ ।

[२०] मोहनविक्रम **"धरतीको पूर्वइतिहास संग्रह"**, पूर्ववत्, भूमिका खण्ड ।

गाडी चल्यो । फेरि रोकियो । फेरी चल्यो ।
अब गाडीले स्पिड समाती सकेको छ ।
गोमती एक्सप्रेस । सुपरफास्ट गाडी

यति तीव्र वेगले यो कहाँ जादैछ ? यो कुरा सबैलाई थाहाँ छ ।[२१] जसरी का. जलजलाको असामयिक निधनले एउटा राष्ट्रलाई मात्र होइन विश्वलाई नै अपुरणीय क्षति पुगेको छ । जसमा सिंह "... कुनै पनि देशको शोषित वर्गको मुक्ति र क्रान्तिका लागि काम गर्ने क्रान्तिकारीहरू त्यो देशका मात्र हुन्नन् । उनीहरू विश्वभरका मेहेनतकश जनताका अभिन्न अंग हुन्छन् । ... खाली हाम्रा लागि नेपालीहरूका लागि मात्र होइन विश्वका लागि पनि हो ।"[२२] यसरी का. जलजलाको मृत्युले राष्ट्र, जनता र पार्टी क्रान्तिमा पुगेको अपूरणीय क्षति प्रति सिंहले गहिरो दुःखद भावलाई **अलबिदा कामरेड जलजला !** मा जस्ताको तस्तै प्रकट गरेका छन् । जलजलाले पाटी र क्रान्ति प्रति पुऱ्याएको योगदानलाई कदर गरी उनी हिँडेका अप्ठ्यारा बाटाहरूलाई आत्मसाथ गर्नु सच्चा श्रद्धाञ्जली हुने कुरा अभिव्यक्ति गरेका छन् । जसमा "का जलजलाको मृत्यु भए पनि जुन उद्देश्य र कर्तव्यका लागि शहिदहरूले आफूलाई बलिदान दिन्छन् । तिनीहरूलाई पूरा गर्ने प्रतिज्ञा र संकल्प गर्नुपर्दछ । यही नै मरेर जानेहरूप्रतिको हाम्रा सच्चा श्रद्धाञ्जली हुनेछ ।"[२३]

## २. उद्देश्य

कथित शरीर माथि व्यक्त गरिएको संवेदनालाई अभिव्यक्त गर्ने उद्देश्य रहेको छ । जसले देश जनताको निम्ति कठोर संघर्ष र योगदान बलिदान दिन्छ तर तिनीहरूप्रति व्यक्त गरिने यही दुई शब्दको सम्वेदना प्रकट गर्ने उद्देश्यले यो निबन्ध लेखिएको हो । शहिदहरूले देखाएको बाटोमा हिड्ने र प्रतिज्ञा र संकल्प गर्नुपर्दछ भन्नु यस मुख्य उद्देश्य हो ।

## ३. भाषाशैली

सरल, सरस, सहज साहित्यिक भाषाशैली भएको यस निबन्धमा कतै-कतै प्रतिकात्मक भाषाको प्रयोग पनि भेटिन्छ । सिंहको यस निबन्धमा रहेको भावुक र काल्पनिक भाषाको प्रयोगले यो निबन्ध भावनात्मक बन्न पुगेको छ । जसमा "उनको शरीर खरानी बनिसकेको होला म एक्लै बडबडाएँ ! जलजला ! जलजला !! जलजला !!! बिदा कामरेड जलजला ।"[२४] जुन भाषाको प्रयोगले यो निबन्ध भावात्मक बन्न पुगेको छ । अलङ्कारिक र

---

[२१] ऐजन, पृ. ६१ ।
[२२] ऐजन, पृ. ६५ ।
[२३] ऐजन ।
[२४] ऐजन ।

प्रतीकात्मक रूपमा रहेको भाषा प्रयोगले निबन्ध उच्च शैलीय बन्न पुगेको पाइन्छ । औपचारिक र अनौपचारिक दुवै भाषाशैलीको प्रयोग रहेको देखिन्छ ।

पार्टी, क्रान्ति र जनताका निम्ति योगदान र बलिदान दिने उद्देश्य र कर्तव्यका लागि शहीदहरूले आफूलाई बलिदान दिन्छन् । तिनीहरूलाई पूरा गर्ने प्रतिज्ञा र संकल्प गर्नुपर्दछ । मरेर जानेहरू प्रतिको सच्चा श्रद्धाञ्जली यही नै हुनेछ भन्ने भाव प्रकट गरिएको छ । शहिदहरूका योगदान एउटा राष्ट्रको लागि मात्र नभई विश्वको लागि नै योगदान हुनेछ भन्ने निष्कर्षमा पुगेको पाइन्छ ।

### ४.३.५ धरतीको पूर्व इतिहास (२०३५)

**धरतीको पूर्वइतिहास** (२०३५) मोहनविक्रम सिंहको ऐतिहासिक समाजशास्त्रको अध्ययनमा आधारित वस्तुपरक निबन्ध हो ।[२५] यो वि.सं. २०३५ मार्ग १४ गते त्रिमेन्द्रम, केरलबाट प्रकाशन भएको हो ।[२६] वि.सं. २०६४ मा यही निबन्धमा नै अन्य सात निबन्धहरू सङ्गृहीत भएको पाइन्छ ।

### १. <u>विषयवस्तु</u>

निबन्धकार मोहनविक्रम सिंहले **धरतीको पूर्वइतिहास** (२०३५) मा पृथ्वीको निर्माण कालक्रममा कस्तो थियो भन्ने बारे अध्ययन गरेका छन् । "वैज्ञानिकहरूले पृथ्वीको आयु करिब चार अरब, साठी करेड वर्ष भएको अन्दाज गरेका छन् । भूशास्त्रीहरूले त्यो सम्पूर्ण समयलाई चार युगमा बाडेका छन् । १. पूर्व- क्याम्ब्रियन युग २. प्राचीन जीवनको युग ३. मध्य जीवनको युग ४. नूनत जीवनको युग आदि ।"[२७] यसरी विभाजित युगहरूमा सिंहले बेग्लाबेग्लै भू-शास्त्री तथा विद्वान्हरूको "पृथ्वी निर्माण सम्बन्धीको धारणामाथि मार्क्सवादी दृष्टिकोणले अध्ययन गरेका छन् । सिंह पृथ्वी निर्माणको अवस्था, मानव उत्पत्तिमा र विकासमा श्रमको भूमिकालाई महत्त्वपूर्ण रहेका व्याख्या गरिएको छ । पृथ्वीको सम्पूर्ण इतिहासमध्ये करिब बहत्तर प्रतिशत भाग प्रथम युग अन्तर्गत आउँछ तर त्यो बारे केही थाहा हुन सकेको छैन । वैज्ञानिक अध्ययन नगन्य छ । प्रारम्भमा यो युगलाई दुई भागमा बाँड्ने गर्दथे । बाँकी तीन युगबारे पछि थुप्रै जानकारी प्राप्त भएको छ ।[२८] यही तथ्यको आधारमा सिंह सत्तरी प्रतिशत पानीले ढाकिएको पृथ्वीमा ल्पेइस्टोमिन कालमा आएर नै आधुनिक रूप र आकारको मानिस देखापरेको उल्लेख गरेका छन् । यसकै वैज्ञानिक अध्ययनको क्रममा ऐंगेल्स र चार्ल्स डार्बिनको महत्त्वपूर्ण योगदान रहेको दाबा पनि गरेका

---

२५ भेटवार्ता ।

२६ मोहनविक्रम सिंह, **"धरतीको पूर्वइतिहास"**, पूर्ववत्, पृ. ८० ।

२७ मोहनविक्रम सिंह, "धरतीको पूर्वइतिहास", पूर्ववत्, पृ. ६८ ।

२८ ऐजन ।

छन् । यस क्रममा ऐंगेल्सको भनाइ "बाँदरबाट मानिसको विकासमा श्रमले भूमिका खेल्दछ : श्रम सबैको सम्पत्ति हो ... प्रकृति स्रोत पछिको दोस्रो स्रोत श्रम हो ।"[२९] ऐंगेल्सको "बाँदरबाट मानिसको विकास श्रमले खेलेको भूमिका कृति र मार्क्सको ऐतहासिक विकास सिद्धान्त अनुरूप मानिसले विभिन्न चरणहरू पार गरेका कुरा सिद्धान्तका आधारमा उल्लेख गरेका छन् । निबन्धमा चार्ल्स डार्बिनले मानिसको उत्पत्तिको अवस्थामा "सन् १८५३ डार्बिनको प्रसिद्ध पुस्तक **जातिहरूको उत्पत्ति बारे**मा बाँदरबाट नै मानिसको विकास भएको सिद्धान्त प्रस्तुत गरे ।"[३०]

वैज्ञानिक तथ्यहरूबाट पुष्टि भएका कुराहरूलाई "धर्मालम्बी तथा अध्यात्मवादीहरूले तीब्र विरोध गरे तापनि यी कुराहरू सत्य भएको व्याख्या गरेका छन् ।"[३१] एक कोशे जीवबाट विकास भएको मानव जाति विभिन्न चरणहरू पार गर्दै उत्पादन र श्रमको भूमिकाले आजको मानव बन्न सफल भएको देखाइएको छ । यसमा विज्ञान र प्रविधिले आजको आधुनिक मानव बन्नमा सहयोग पुर्‍याए पनि विज्ञान र प्रविधिको विकासमा मानव चेतना र कलाको उपज मानिएको छ । मानव चेतना उत्पन्न हुन वस्तु तथा पदार्थ प्रमुख रहेको पाइन्छ । यी कुराहरूको माध्यमले "प्राग-ऐतिहासिक अवस्थाबाट विकासित मानव अवस्थामा आउन प्रथम त संघर्ष मानिएको छ भने दोस्रो मानव श्रम र कला रहेको निष्कर्ष पाइन्छ ।"[३२]

## २. उद्देश्य

प्राग-ऐतिहासिक अवस्थामा पृथ्वी र मानव उत्पत्ति, विकासमा श्रमले खेलेको भूमिकाको पहिचान दिनु यस निबन्धको मूल उद्देश्य हो । मानिसको उत्पत्तिको स्रोत के हो ? पृथ्वी निर्माण र मानव विकासमा के ले भूमिका खेल्यो । मानिसको ऐतिहासिक अवस्था र आधुनिक युगमा आउन मानवले कति चरण पार गर्नु पर्‍यो र के कति संघर्ष गर्नु पर्‍यो । यी देखाउनु नै यस निबन्धको मुख्य उद्देश्य रहेको छ । अहिले विज्ञानको चराचर जगतमा बढिभन्दा बढि वैज्ञानिक युगको चर्चा परिचर्चा गर्नु यस निबन्धको मूल आशय रहेको छ ।

## ३. भाषाशैली

प्राचीन ऐतिहासिक भाषामा सजि सजाउ भएको निबन्धमा सरल र सहज सम्प्रेष्य भाषा प्रयोग पाइन्छ । ऐतिहासिक प्राचीन भाषा र आधुनिक विज्ञानको भाषा मिश्रणले

---

[२९] ऐजन, पृ. ७२ ।

[३०] ऐजन, पृ. ७१ ।

[३१] ऐजन, पृ. ७२ ।

[३२] ऐजन, पृ. ८० ।

निबन्ध आलङ्कारिक पनि बनेको पाइन्छ । जस्तै "प्लेइस्टोसिन, हेलेसिन जस्ता र जङ्गली युग, बर्बर युग, सभ्य युग"[३३] आदि भाषाले निबन्धमा मिठास थपेको छ ।

भाषिक दृष्टिले उच्च रहेको निबन्धमा आगन्तुक शब्दको प्रयोग बढी पाइन्छ । शैलीका दृष्टिले उच्च शैली रहेको निबन्धमा औपचारिक भाषाशैलीको बढी प्रयोग रहेको देखिन्छ । वस्तुपरक ढङ्गमा लेखिएको निबन्ध विवरणात्मक रूपमा रहे पनि भाषिक दृष्टिमा सुगठित रहेको छ ।

मानव विकासमा श्रमको महत्त्वपूर्ण भूमिका रहेको छ भने अर्कोतिर विज्ञान जगतको उत्ति नै महत्त्वपूर्ण विकास हुन पुगेको छ । डार्बिनको **जातिहरूको उत्पत्तिबारे** र **मार्क्सको ऐतिहासिक भौतिकवाद**को सिद्धान्तमा आधारित रहेको निबन्धको समग्र रूप संघर्ष र श्रमबाट विकास भएको पाइन्छ ।

### ४.३.६ वेश्यावृत्ति : एक समीक्षा (२०२८)

मोहनविक्रम सिंहले **वेश्यावृत्ति : एक समीक्षा** (२०२८) एक बेनामी लेख माथि गरिएको समीक्षात्मक टिप्पणी हो । "वि.सं. २०२८ मा **वेश्यावृत्ति : एक समीक्षा** शीर्षक दिएर निबन्धको रूपमा प्रकाशन गरिएको पाइन्छ ।"[३४] "यो वि.सं. २०६४ मा धरतीको पूर्वइतिहास निबन्ध सङ्ग्रहमा सङ्गृहीत भएको छ ।"[३५]

### १. विषयवस्तु

निबन्धकार मोहनविक्रम सिंहले **वेश्यावृत्ति : एक समीक्षा** (२०२८) मा "मदनमणि दीक्षितको समीक्षा साप्ताहिकमा प्रकाशित बेनामी लेख वर्ष ११, अङ्क १६ मा समीक्षात्मक टिप्पणी गरेका छन् ।"[३६] "यो सिंहको सामाजिक तथा सांस्कृतिक विषयवस्तुमा आधारित निबन्ध हो ।"[३७] यसमा सिंहले वेश्यावृत्ति के हो ? त भन्ने विषयमा तिनी भित्रको यथार्थ अनुभव माथि टिप्पणी गरिएको छ । यही सन्दर्भमा बालचन्द्रको "शब्दकोषमा वेश्या शब्दको अर्थ नाच गान गर्ने र पैसा लिएर मैथुन गराउने स्त्री, रण्डी, पात्तर" ।[३८] यसरी वेश्या शब्दको अर्थ सीमाङ्कन गरिरहेको सन्दर्भमा सिंह वेश्या शब्दलाई "कुनै स्त्री कुन हदसम्म यौनवृत्ति माथि निर्भर रहनुपर्दछ । यस आधारमा ... पेशेवर, पार्टटाइमर वा शौखिन,

---

[३३] ऐजन, पृ. ६९/७७ ।

[३४] मोहनविक्रम सिंह, **"धरतीको पूर्वइतिहास"**, पूर्ववत्, पृ. ८२ ।

[३५] मोहनविक्रम सिंह, **"धरतीको पूर्वइतिहास"**, पूर्ववत् भूमिका खण्ड ।

[३६] ऐजन ।

[३७] ऐजन ।

[३८] ऐजन, पृ. ८२ ।

पारिवारिक आर्थिक बोझ कम गर्न ।"[३९] महिलाहरू चाहना अनुरूप भन्दा पनि उनीहरूलाई सामाजिक तथा सांस्कृतिक र आर्थिक कारणले यस्तो पेशामा लाग्न बाध्य बनाइएको उल्लेख गरेका छन् । यही सन्दर्भमा सिंह एउटी महिलासँग प्रश्न गरिएको सन्दर्भ यहाँ दिएको छ । "तिमी यस लाइनमा किन आयौ भनेर सोध्दा उनले भन्छिन् 'पेटले यता तान्यो' ।"[४०] यस भनाइले के देखाउँछ भने महिलाहरू सामान्यरूपमा जीवन धान्नको लागि पनि वैधानिक वा अवैधानिक रूपमा पुरुषको यौनशोषणमा रहेको उल्लेख छ । उनीहरूको यो अवस्थालाई मध्य नजर गर्दा वेश्याको परिभाषा सम्पादकज्यूहरूले दिए जस्तो नहुने देखाइएको छ ।

यो एउटा समाजविकासको चरणमा निर्भर पर्दछ त्यही युग अनुकूल महिलाहरूलाई यस्तो पेसा अपनाउन बाध्य पारिएको उल्लेख गरिएको छ । जस्तैः सामन्तवादी युगमा नारीहरू पुरुषको अधिनमा हुन्छन् । उनीहरूको यौन धारणा/चाहना पुरुषको हातमा वा मालिकको हातमा हुन्छ । पूँजीवादी युगमा पुरुषको प्रत्यक्ष अधिनबाट मुक्त हुन्छन् तर उनीहरू यौन व्यापारमा लाग्न पनि स्वतन्त्र हुन्छन् । यही सन्दर्भमा सिंह "महिलाहरू सामन्ती बन्धनबाट मात्र मुक्त हुन्न पहिलेका निर्वाहका साधनहरूबाट पनि उनीहरू मुक्त हुँदै जान्छन् ।"[४१] उनीहरू चल पूँजीको रूपमा बदलिँदै जान्छन् । सम्पादक मदनमणि भन्दछन्, "समाजवादी मुलुकमा व्यवसायको रूपमा वेश्यावृत्ति छैन ।"[४२] यस भनाइको सारमा सिंह समाजवादी व्यवस्था अन्तर्गत वेश्यावृत्ति हुन्छ तर व्यवसायको रूपमा हुन्न । यसको अभिप्राय हो कि पूँजीवादी वेश्या वृत्ति होइन कि समाजवादी वेश्यावृत्ति हुन्छ । सिंहले यस भनाइमा के कुरा उल्लेख गरेका छन् भने, "सीमाको अतिक्रमण नै वेश्यावृत्ति होइन । जीवन  निर्वाहको लागि गरिने यौन व्यापार मात्र वेश्यावृत्ति हो ।"[४३] वेश्यावृत्ति त राज्यले महिलाहरू माथि भएको सामाजिक, राजनैतिक तथा आर्थिक अवस्था माथि उठाउन नसकेको समस्या हो । त्यसकारण महिलाहरू यस्तो पेसामा लाग्न बाध्य छन् । समाजवादी व्यवस्था एउटा यस्तो व्यवस्था हो "महिलाहरूको आवश्यकता र क्षमतालाई पुरुषको समकक्ष राखेर हेरिएको हुन्छ ।" यस सन्दर्भमा सिंह भन्दछन्, "समाजवादी व्यवस्थामा वेश्याको रूपमा यौन वृत्ति अपनाउन आवश्यकता हुन्न र अपनाइदैन ।"[४४]

---

[३९] ऐजन, पृ. ८३ ।
[४०] ऐजन, पृ. ८४ ।
[४१] ऐजन, पृ. ८५ ।
[४२] ऐजन, पृ. ८६ ।
[४३] ऐजन ।
[४४] ऐजन ।

## २. उद्देश्य

सामाजिक तथा सांस्कृतिक रूपमा मानसिक र शारीरिक पीडा खेप्न बाध्य महिलाहरूको स्थितिलाई माथि उठाउनु यस निबन्धको मूल आशय हो । जहाँ महिलाहरूलाई सम्पत्ति र साधनको रूपमा प्रयोग गरी पेसामुखी बनाइन्छ यो पूँजीवादी विशेषता हो । यसको निराकरणको लागि महिलाहरूलाई शैक्षिक रूपमा निर्भर बनाइ उत्पादन मुखी कार्यमा लाग्ने प्रेरणा दिनु यस निबन्धको औचित्य हो । समाजसँग जोडिएको नारीहरूलाई राम्रो अवसर प्रदान गर्ने, प्रेरणा दिने, चेतना जगाउने यस निबन्धको मुख्य उद्देश्य रहेको छ ।

## ३. भाषाशैली

सरल भाषा शैलीको प्रयोग भए पनि झर्रा ठेट शब्दावलीको प्रयोगले निबन्धमा एक प्रकारको तरङ्ग थपेको छ । जस्तै "नाँच गान, स्त्री, रण्डी, पात्तर" आदि झर्रा शब्दले युक्त छ । शैलीको दृष्टिले उच्च रहेको निबन्ध, पत्रात्मक वा वर्णनात्मक रहेको छ भने कतै कतै आलङ्कारिक भाषा प्रयोग छ । कतै छाडा शब्द जस्तै "रण्डी, पात्तर" आदि रहेको छ । प्रगतिशील शब्दको प्रयोग देखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषा प्रयोग पनि भेटिन्छ । औपचारिक र अनौपचारिक दुवै भाषाशैलीको प्रयोगले मिठास थपेको निबन्धमा अनुकरणात्मक शब्द पनि पाइन्छ ।

यसरी अवस्था अनुरूप महिलाहरूलाई पेसामा लाग्न बाध्य पारिएको अवस्थामा वेश्या के हो ? यसको उद्गम र आधारहरू औंल्याउन सिंहले खोजेका छन् । नारीहरूलाई समयानुकूल बजारमा राखेको मालको रूपमा, कहिले चल पूँजीको रूपमा तर यो एउटा पूँजीवादी विशेषता हो । यसलाई निराकरण गर्नको लागि महिला चेतना, आत्मनिर्भरता हुनु जरुरी छ भने त्यससित जोडिएको पक्ष आर्थिक, सामाजिक र राजनीतिक प्रश्नहरूमा बढीभन्दा बढी सुधार हुनु आवश्यक भएको उल्लेख गरेका छन् ।

## ४.३.७ आदि विद्रोही (२०२९)

"निबन्धकार मोहनविक्रम सिंहको **आदि विद्रोही** (२०२९) काठमाडौं भद्रगोल जेलबाट प्रकाशन भएको हो ।"[४५] यसलाई खण्डकाव्य मानेर खण्डकाव्यमा विश्लेषण गरे पनि धेरै समालोचक र साहित्यकारको दृष्टिमा यो खण्डकाव्य वा कविता नभएर निबन्ध मानेकोले यो

---

४५ मोहनविक्रम सिंह, **"धरतीको पूर्वइतिहास"**, पूर्ववत्, पृ. ९८) ।

रचनालाई "मैले निबन्ध भनि निबन्ध संग्रहमा सामेल गरेको छु ।"[४६] हाल वि.सं. २०६४ मा धरतीको पूर्वइतिहासमा सङ्गृहीत रहेको पाइन्छ ।[४७]

## १. विषयवस्तु

**आदि विद्रोही** (२०२९) "सिंहको ऐतिहासिक तथा सामाजिक विषयवस्तुमा आधारित वस्तुपरक निबन्ध हो ।"[४८] यो सुरुमा गद्यमा लेखिएको महाकाव्य, खण्डकाव्य कविता सम्म भनेको पाइन्छ तर यसको बारेमा सिंह "म यो के हो ? भनेर दाबा गर्दिन छुटाउने जिम्मा समालोचक, साहित्यकार र पाठकको हो भनेका छन् ।"[४९] यसलाई धेरै साहित्यकार तथा समालोचकले निबन्ध मानेको पाइन्छ । यस निबन्धको विषयवस्तुमा पृथ्वीको भर्खरै सृष्टि भएको थियो तर पूर्ण रूपले आबदी हुन बाँकी रहेको अवस्थामा जंगलका गुरिल्ला वानरहरू भर्खर मात्र दुई खुट्टाले उभिदै थिए । एउटा गुरिल्ला जंगली मित्रहरूलाई छोडी मान्छे र पशुको बीचमा लक्ष्मण रेखा कोर्नको लागि महान यात्रा सुरु गरिएको वर्णन छ । जंगलीभित्र गरिल्लाले मानवलाई भनेका उद्धरण "जा-मलाई छोडेर जा... जान्छस् भने जा मेरो ममताको डोरीलाई चुडालेर जा ! मेरो शुभकामना तँ सित छ । तर मलाई नबिर्सनु । म तेरो दुःखको साथी हुँ ।"[५०] यसरी आफ्नो मित्रताको डोरी चुडालेर सुख र स्वतन्त्रताको खोजीमा हिड्दा पश्चिमी ताराहरू भन्छन्, "तिमी नदी पारी जाऊ, अनी नयाँ संसारको निर्माण गर, हामी तिमीलाई साथ दिनेछौं" शुभकामना तिमीलाई" ।[५१]

यसरी सबैको शुभकामना साथमा राखि हिडेको अर्ध मानव आफैले निर्माण गरेको दुनियाँमा आफै फसेको पाइन्छ । दासतामै जीवनको गति देख्छ, त्यसैमा रमाउँछ स्वतन्त्रताको अर्थ नै बिर्सिदिन्छ । यस सन्दर्भमा, "उसले गीत गाउथ्यो तर गीत उसको थिएन । ... उसले रगतलाई माया गर्दथ्यो तर रगतमा विष घोलिएको हुन्थ्यो ... उसको आसु गुलाम, हाँसो गुलाम सारा संसारै गुलाम ।"[५२] सबै कुरा अर्कोको निम्ति गरेका मानव सारा दुनियाँ नै मालिकको हातमा हुन्थ्यो । यी दासताको जंजिरले जकडिएको त्यस मानिसले पशुले झै तल मात्र हेर्थ्यो आफूभित्रको शक्ति पहिचान गर्न नसकेको अवस्था रहेको देखाइएको छ ।

---

४६ मोहनविक्रम सिंह, **"धरतीको पूर्वइतिहास"**, पूर्ववत्, भूमिका खण्ड ।।

४७ ऐजन ।

४८ भेटवार्ता ।

४९ मोहनविक्रम सिंह, **धरतीको पूर्वइतिहास,** पूर्ववत्, भूमिका खण्ड ।

५० मोहनविक्रम सिंह, **धरतीको पूर्वइतिहास,** पृ. ८८ ।

५१ ऐजन, पृ. ९० ।

५२ ऐजन, पृ. ९२ ।

एक दिन बिहानै उठ्दा धर्तीमा नयाँ प्रकाश फैलिएको पाउनु र दासताको संसार ध्वस्त पारेर क्रान्तिकारी रूपमा आफूलाई उभ्याउनु यस सन्दर्भमा खुशीका साथमा "नयाँ आशा, नयाँ उमंग । कति सुन्दर बिहानी ... यो । सुन्दर ... सुन्दरम ... महा सुन्दरम अब ऊ मुर्दा थिएन आगोको फिलिंगो बनेको थियो ।"[५३] यसरी लामो समयसम्म रहेको दासताबाट त उनीहरू मुक्त हुन्छन् तर जीविका निर्वाहका लागि चाहिने आधारभूत आवश्यकताबाट पनि उनीहरू मुक्त हुन पुग्दछन् त्यसकारण पुन विद्रोह गर्न जंगलतिर पस्नु पर्ने बाध्यता सिर्जना हुन्छ, पुनः गुरिल्ला बन्न पुग्नु परेको अवस्था उल्लेख गरिएको छ ।

## २. उद्देश्य

यस निबन्धको प्रमुख उद्देश्य सृष्टिको आदिकालदेखि हालसम्मको सामाजिक अवस्था, समाजभित्र चल्दै आएको वर्गसंघर्षको स्वरूप, दास युगमा संसारभरका दासहरूले दास मालिकद्वारा भोग्नुपरेको पाशविक व्यवहार र दासहरूको कारुणिक जीवनको यथार्थ चित्रण गरिनु हो । दास व्यवस्था विरुद्ध युनान लगायतका दासहरूको विद्रोहलाई देखाएर शोषित उत्पीडित जनताको मुक्तिको एक मात्र बाटो सामन्ती राज्य संरचनाका विरुद्ध विद्रोह हो भन्दै दासहरूद्वारा सुरुवात गरिएको उक्त विद्रोहलाई संसारभरका क्रान्तिकारीहरूले अबलम्बन गर्दै नयाँ संसार निर्माणको निम्ति प्रेरणा लिनुपर्छ भन्ने सन्देश दिनु यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

समाज विकासका ऐतिहासिक चरणहरूको उल्लेख सहित समाजमा वर्ग रहेसम्म वर्गसंघर्ष रहन्छ । प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त पार्ने एक मात्र हतियार विद्रोह हो । यही मार्गबाट शोषित उत्पीडित वर्गलाई क्रान्तिकारी आन्दोलनप्रति उत्प्रेरित गर्नु यस निबन्धको उद्देश्य रहेको देखिन्छ ।

## ३. भाषाशैली

आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको यो निबन्ध सरल, सहज र सम्प्रेष्य रहेको छ । उक्त निबन्धमा प्रकृतिको मानवीकरण सशक्त प्रकारले गरिएको छ । जस्तैः "बतासको एउटा झोक्का आयो । त्यसैले सबैलाई बतायो- हो, कुरा त्यही हो । आकाशका ताराहरूलाई हेरिरहे । ... ऊ एउटा नयाँ संसार बनाउन गइरहेको थियो ।" यस्ता तत्सम, तद्भव, आगन्तुक तीनै शब्दको प्रयोगले युक्त निबन्धमा अनुकरणात्मक शब्दको प्रयोग पनि पाइन्छ । जस्तैः छन्द्रयाङ् छुन्द्रुक । छन्द्रयाङ् छुन्द्रुङ ।

---

[५३] ऐजन, पृ. ९६ ।

वाक्य विचलन नभए पनि परम्परागत मान्यता पनि नरहेको निबन्धमा नवीन भाषाशैलीको प्रयोग भेटिन्छ । शैलीका दृष्टिले मध्यम रहेको पाइन्छ भने औपचारिक शैलीको प्रयोग भएको भेटिन्छ । कला पक्षभन्दा विचार पक्षलाई ज्यादा जोड दिएको यस निबन्धमा प्रगतिवादी, मार्क्सवादी विचार सशक्त रूपमा आएको छ ।

यस निबन्धमा संसारको सृष्टिमा मान्छेको अवस्था कसरी उनीहरू दास भए, दास मालिकहरूले कसरी आफ्नो सत्ता टिकाउन षड्यन्त्र गरे । कसरी दासहरूले आफ्नो शक्ति चिनेपछि विद्रोह गरी आफूलाई क्रान्तिकारीको रूपमा प्रस्तुत गरे भन्ने विचार अभिव्यक्त भएको छ ।

अर्को तिर समाजका ऐतिहासिक विकासका चरणहरू कसरी युग अनुसार फेरिदै जान्छन् । पृथ्वीको सृष्टिदेखि लिएर दास प्रथाको आरम्भ र त्यसको अन्त्यको लागि विभिन्न देश स्पार्टाकसका रुखमा झुण्डिएका लासहरू, युनानका सापुतालासहरूको कारुणिक दृश्य सहित सामन्ती राज्य सत्ताको विरुद्ध उठ्नको लागि पुन जङ्गल पठाइएको निष्कर्ष रहेको छ ।

### ४.३.८ मेरो टुकी (२००८)

**मेरो टुकी** मोहनविक्रम सिंहको दोस्रो साहित्यिक निबन्ध हो । यो वि.सं. २००८ मा लेखिएको र छुटै कृतिको रूपमा प्रकाशन भएको निबन्ध हो ।[५४] यो निबन्ध सिंहको विद्यार्थी कालमा "जुद्धोदय हाइस्कुल, क्षेत्रपाटी, काठमाडौं पढ्दा त्यहाँ आयोजित विद्यार्थीको साहित्यिक प्रतियोगितामा प्रथम भएको पाइन्छ ।[५५] वि.सं. २०६४ मा **धरतीको पूर्व इतिहास**मा सङ्गृहीत रहेको छ ।[५६]

### १. विषयवस्तु

**मेरो टुकी** (२००८) सिंहको सामाजिक विषयवस्तुमा आधारित आत्मपरक निबन्ध हो ।[५७] यसमा सिंहले व्यक्तिगत तथा निजी विचार अभिव्यक्त गरिएको सामाजिक निबन्ध हो ।[५८] यस निबन्धको विषयवस्तु समाजमा रहेको व्याप्त आर्थिक अवस्थालाई देखाउन खोजेका छन् । समाजमा व्याप्त गरीबीलाई **मेरो टुकी** मार्फत देखाइएको छ । यस सन्दर्भमा "हामी असमर्थ भयौ ... आलस्यले होइन, विश्वासघात गरेर होइन, थाकेर होइन, बाध्य भएर काम

[५४] भवानी पौडेल पूर्ववत्, पृ. ३१ ।

[५५] ऐजन ।

[५६] मोहनविक्रम सिंह, **धरतीको पूर्व इतिहास**, पूर्ववत् ।

[५७] ऐजन ।

[५८] भेटवार्ता ।

छोड्न थालिसकेका छौ ।"[५९] गरीबी र विपन्नताले भावी योजनामा पुग्न नसकेको अन्धकारमय जीवन रहेको छ । तर विश्वास घातको कारणले होइन, थाकेर पनि होइन यो समाजमा रहेका निम्न वर्गको गरीबीको कारणले हो । जता ततै अन्धकार छ । मेरो टुकी मौन छ । "ऊ धेरै दिन देखि मौन छ । ऊ अचेत अवस्थामा छ ।"[६०] समाजमा व्याप्त गरीबी छ । त्यसको विरोधमा जनताहरू बोल्न सकेका छैन । भित्र-भित्र गुम्सिएर पीडा खेप्न बाध्य छन् । **मेरो टुकी** मौन स्वीकृतिको भीष्म प्रतिज्ञा गरेको छ । मौन स्वीकृतिको प्रण गरेको छ । तर यति हुँदाहुँदै पनि मेरो टुकी शान्त छ । बलेको छैन ।[६१] ऊ आफ्नो अवस्थाबाट माथि आउनको लागि विद्रोह गर्न सकिरहेको छैन । यसरी आर्थिक मारमा परेका जनताहरू गरीबी प्रति मौन छन् । विद्रोह गर्न सकिरहेका छैनन् ।

जब मानिस आर्थिक रूपमा सम्पन्न हुन्छ । सबै कुरा गर्न सक्षम हुन्छन् । त्यसैले मेरो टुकी प्रकाशमय बन्न सकिरहेको छैन । "जब मेरो जेबहरू रित्ता हुन्छन् **मेरो टुकी** शक्तिहिन हुन्छ । पसलमा ग्यालिनका ग्यालिन मट्टितेल भरिभराउ छ । टिनहरू पनि भरिभराउ छन् । तर **मेरो टुकी** रित्तै छ । जेब पनि रित्तै छ ।"[६२] जब जेब भरिभराउ भए टुकीले प्रकाश दिन सक्थ्यो, आर्थिक अभावका कारण टुकीले काम गर्न असमर्थ छ । यसरी आर्थिक अभावका कारण समाजमा जनताको स्थिति पनि यही रहेको कुरा सानो एउटा पित्तलको टुकीमार्फत प्रतिनिधित्व गरेर देखाइएको छ । जुन अवस्था प्रति उनीहरू विद्रोह गर्न सक्छन् न त माथि उठ्न, हारको पराजित मानसिकता बोकेर रहेको जनताहरूको स्थितिलाई सानो टुकीले भूमिका खेलिरहेको कुरा उल्लेख गरिएको छ ।

## २. उद्देश्य

यसको मूल उद्देश्य समाजमा आर्थिक अभावका कारणले जीवन अन्धकारमय भएको जानकारी पाठक सामू पुऱ्याउने रहेको छ । समाजमा विभाजित गरिएको आर्थिक असमानता र व्याप्त गरीबीको अवस्थालाई बाहिर ल्याउनु यसको मुख्य उद्देश्य हो । प्रतिनिधि पात्र **मेरो टुकी** आर्थिक अभावको कारण बोल्न नसकेको र आफ्नो अवस्थाप्रति मौन रहेको कुरा, समाजमा रहेका सोझा गाउँलेको अवस्थासँग जोडेर प्रस्तुति गर्नु यसको औचित्य, उद्देश्य रहेको देखिन्छ ।

---

५९ मोहनविक्रम सिंह, **धरतीको पूर्व इतिहास**, पूर्ववत्, पृ. ९९ ।

६० ऐजन ।

६१ ऐजन, पृ. १०० ।

६२ ऐजन ।

## ३. भाषाशैली

सरल, सरस ग्रामीण भाषाको मिठास रहेको निबन्धमा लेखकको निजात्मकता रहेको पाइन्छ । अनौपचारिक भाषाशैलीको प्रयोग र विनोदात्मक शैलीको प्रयोग भेटिन्छ । सरसर्ती हेर्दा वर्णनात्मक देखिए पनि प्रस्तुत निबन्धमा निजात्मकता पाइन्छ । वाक्य गठनका दृष्टिले सुगठित र बोधगम्य निबन्धमा तर्कपूर्ण र विचारात्मक भाषाले उच्च शैली अपनाएको देखिन्छ । व्याङ्ग्य र अनुकरणात्मक शब्द शैलीको प्रयोगले रसमयता थपेको छ । जस्तैः **मेरो टुकी** जेबमा पैसा रहेसम्म धि-प धि-प बल्थ्यो ।"[६३]

समाजमा आर्थिक पीडा खेप्न बाध्य भएका निम्न वर्गीय मानिसहरूको अवस्थालाई आधार मानेर लेखिएको प्रगतिशील निबन्ध हो । गरीब हुनु भनेको अन्धकारमा बाच्नु हो । आर्थिक अभावमा व्याप्त रहेको मानिसहरूको अवस्था **मेरो टुकी**को अवस्थासँग दाँजिएको छ । आर्थिक अवस्था कमजोर भएर बाँच्नु **मेरो टुकी** जस्तै मौन रहनु हो । यो गरीबीले ल्याएको बाध्यता हो । एकले अर्कोलाई सहयोग गर्न सहज रूपमा तत्पर रहँदैनन् । टुकीले मट्टितेलको अभावमा प्रकाश दिन नसके जस्तै आर्थिक संकटमा जीवन चल्न नसकेको कुरा निबन्धकार यस निबन्धमा व्याख्या गरेका छन् । दुई वर्गमा विभाजित देखाइएको यस निबन्धमा वर्गद्वन्द्व नदेखाइए पनि समाजमा व्याप्त रहेको गरीबीले छोपेको वर्ग बीचको असमानता भने छर्लङ्ग देख्न सकिन्छ ।

## ४.४ मोहनविक्रम सिंहको फुटकर निबन्धहरूको विश्लेषण

निबन्धकार मोहनविक्रम सिंह (१९९२) का हालसम्मको फुटकर रूपमा रहेका साहित्यिक, धार्मिक र सांस्कृतिक निबन्धहरू चारवटा मात्र प्राप्त छन् ।[६४] यी निबन्धहरू विविध विषयमा आधारित रहेका छन् । उनको फुटकर निबन्धहरू **विद्या र हामी** (२००४/००५), **सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्मान** (२०४६), **उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव** (२०४६), **घर बन्छ, घरहरू भत्कन्छन्** (२०५३) आदि रहेका पाइन्छ ।

### ४.४.१ "विद्या र हामी" (२००४/००५)

मोहनविक्रम सिंहको **विद्या र हामी** (२००४/००५) सबैभन्दा पहिलो निबन्ध हो ।[६५] वि.सं. २००४/००५ तिर शान्ति निकुञ्ज स्कुलबाट प्रकाशित **आँखा** पत्रिकामा प्रकाशन

---

[६३] ऐजन, पृ. १०० ।

[६४] भेटवार्ता ।

[६५] भवानी पौडेल, पूर्ववत्, पृ. ३० ।

भएको निबन्ध हो ।[६६] यो सिंह विद्यार्थी जीवन कालमा लेखिएको साहित्यिक निबन्ध रहेको बताउँछन् ।[६७]

## १. विषयवस्तु

निबन्धकार मोहनविक्रम सिंहको **विद्या र हामी** (२००४/२००५) मा लेखिएको निबन्ध हो । "यो सामाजिक विषयवस्तुमा आधारित सिंहको वस्तुपरक निबन्ध हो ।"[६८] यस निबन्धको विषयवस्तु विद्याको महत्त्वलाई दर्शाइ हाम्रो जीवनको लागि विद्या कति उपयोगी हुन्छ भन्ने कुरा बताएका छन् ।[६९] **विद्या र हामी** निबन्धको शीर्षक दुई शब्दमा संरचित निबन्धले विधा शब्दलाई र हामी शब्दलाई समान्तर कक्षमा उभ्याइ व्याख्या गरिएको छ । राणाकालीन अवस्थामा  जनताको छोरा छोरीहरू शिक्षा प्राप्तबाट बञ्चित रहेको अवस्था र स्वतस्फूर्त रूपमा शिक्षा लिन नचाहने वा त्यसप्रतिको रुचि नभएको वर्गहरूको लागि यो निबन्ध उपयोगी रहेको बताइएको छ ।[७०] विद्या मानव चेतनाको विकास र समाज परिवर्तन गर्नको लागि एउटा माध्यम हो । हाम्रो जीवनमा विद्याले कति परिवर्तन ल्याउन सक्छ भन्ने कुरा हामी यसको उपयोगबाट मात्र थाहा पाउन सकिने कुरा उल्लेख रहेको छ ।

राणाहरूको निरङ्कुशतामा बन्दी भएका जनताहरूलाई जति बेला विद्या आर्जनबाट बञ्चित गरिन्छ । त्यस्तो समयमा हाम्रो जीवनमा विद्याको कति महत्त्व हुन्छ भन्ने ज्ञान नभएको मानिसहरूमा त्यसको महत्त्व दिनको लागि यो निबन्धले महत्त्वपूर्ण भूमिका रहेको बताएका छन् । सारमा भन्नुपर्दा अज्ञानता र गरीबीको कारण विद्याको महत्त्वबारे शिक्षा दिएको पाइन्छ ।

## २. उद्देश्य

"विद्या र हामी" निबन्धको मूल उद्देश्य शिक्षाबाट बञ्चित रहेका अशिक्षित जनताहरूलाई विद्याको महत्त्व बारे ज्ञान दिनु नै यसको मुख्य उद्देश्य रहेको छ । समाजमा शिक्षाबाट टाढा रहेका र गरीबीबाट शिक्षा लिन बञ्चित वर्गहरूलाई शिक्षाको ज्ञान दिइ त्यसमा संलग्न बनाउनु नै यस निबन्धको मुख्य सार हो । विद्या हाम्रो लागि अति आवश्यक वस्तु हो । यो समाज परिवर्तन र जीवन शैलीलाई उच्च राख्ने एउटा माध्यम हो भन्ने प्रष्ट पार्नु नै निबन्धको मूल अभिप्राय रहेको पाइन्छ ।

[६६] ऐजन, पृ. ३१ ।

[६७] भेटवार्ता ।

[६८] बालाराम पोखेल, पूर्ववत्, पृ. २५ ।

[६९] भेटवार्ता ।

[७०] ऐजन ।

## ३. भाषाशैली

सरल र सु-स्पष्ट रूपमा रहेको भाषाशैलीको प्रयोगले निबन्ध बोध गम्य रहेको छ । आत्म अभिव्यक्तिको प्रधानता भन्दा विनोदात्मक र अनुरोध भाषिक प्रयोगले शैलीगत उच्चता रहेको छ । निबन्धमा वर्णनात्मक रूप भए पनि निबन्ध सुगठित भएकोले निबन्ध सुन्दर बन्न पुगेको छ ।

विद्यार्थी जीवनमा शिक्षाको महत्त्व देखाउनको लागि लेखिएको यस निबन्धमा सिंहले विद्याको कति आवश्यकता हुन्छ र यसको महत्त्व कति रहेको छ भन्ने कुरा यस निबन्धबाट प्रष्ट पारेका छन् ।

## ४.४.२ सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद (२०४५)

**सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद** मोहनविक्रम सिंहको "वि.सं. २०४५ मा हलकारा साहित्यिक त्रैमासिक पत्रिका वर्ष १०, अङ्क २ ले प्रकाशन गरिएको पाइन्छ ।"[७१] यसमा सिंहले रुश्दीको उपन्यासको सन्दर्भमा उठेको विवादको चर्चा गरेका छन् ।[७२] यसलाई धार्मिक निबन्धको रूपमा अध्ययन गरिएको छ । "हाल वि.सं. २०६३ को साहित्य र समालोचनामा सङ्गृहीत रहेको पाइन्छ ।"[७३]

## १. विषयवस्तु

**सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद** (२०४५) सिंहले उपन्यासमा उठेका विवादमाथि चर्चा गरेका छन् । "सिंहले यो धार्मिक विषयवस्तुमा आधारित निबन्ध रहेको बताएका छन् ।"[७४] यसको विषयवस्तुमा रुश्दीको उपन्यासको विरुद्धमा संसारभरिका ५६ देशका मुस्लिमहरूले विरोध गरेका छन् त्यसमा हिन्दुहरू पनि रहेको उल्लेख छ । उनीहरू यो उपन्यासमा प्रतिबन्दको आवाज उठाइरहेका छन् । उपन्यास प्रतिबन्द नगरे पश्चिमी राष्ट्रहरू सँगको व्यापारलाई बहिस्कार गर्ने कुरा समेत उठाइएको देखिन्छ । यस "विश्वव्यापी रूपमा देखापरेको पागलपनले बताउँछ कि मानिसहरूको चिन्तनमा कति धेरै परिवर्तनको आवश्यकता छ ।"[७५] आज एक्काइसौं शताब्दीको ढोकामा आइपुगेर पनि विश्वले जीवन र जगतलाई बुझ्न नसकेको कुरा उल्लेख गरिएको छ भने अर्को तिर राजस्थानमा

---

[७१] मोहनविक्रम सिंह, **"साहित्य र समालोचना"** (गोरखपुर : जनप्रकाशन प्रा.लि., २०६३), पृ. ११६ ।

[७२] ऐजन ।

[७३] मोहनविक्रम सिंह "साहित्य र समालोचना", पूर्ववत्, पृ. ११३ ।

[७४] भेटवार्ता ।

[७५] मोहनविक्रम सिंह, पूवृवत्, पृ. ११३ ।

सतिप्रथाको विरोधमा चर्को आन्दोलन उठिरहेको सन्दर्भमा कठोरपन्थीहरू सतिप्रथालाई समर्थन गरिरहेका थिए ।

आज दुनियाँ यहि धर्मको नामले कति पछाडि परिरहेको छ । जहाँ "धर्मका नाममा बनेका नेपाल र भारतका असंख्य मन्दिर, तीर्थस्थलहरूमा चलिरहेका पाखण्ड भ्रष्टाचार र विलासिताले पनि धर्मको रूपलाई अगाडि ल्याउँछ ।"[७६] यस सन्दर्भमा शंकराचार्य भन्दछन्, "कुनै धर्मावलम्बीहरूको धार्मिक भावना माथि चोट पुऱ्याउने अधिकार हुन्न ।"[७७] यसमा सिंह लेख्दछन्, "संसारमा आज जे जति घटनाहरू/अनीति भएको छ त्यो धर्मका कारणले ..... ।"[७८] यो विश्वलाई नै धार्मिक चुनौति हो । रुश्दीको उपन्यासको लागि मात्र होइन संसारका सबै लेखक कलाकारका लागि पनि हो । "सलमान रुश्दीको उपन्यासको सन्दर्भमा प्रताडना र हत्या सम्मको प्रत्ययन भैरहेको छ ... रुश्दीको मात्र समस्या होइन ।"[७९] रुश्दी ब्रिटिस सरकारको संरक्षणमा भूमिगत बस्नु परिरहेको छ । इरानले ब्रिटिससँग दौत्यसम्बन्ध तोडेको छ । यसले के देखाउँछ भने विश्वलाई धार्मिक उन्मादको दलदलमा फसाई न्यायचित सिर्जना र कलालाई दमन गरी अभिव्यक्ति र स्वतन्त्रता माथिको हस्तक्षेप हो । सिंह यसको विरुद्ध उठ्न जोड दिइरहेका छन् तर रुश्दीको पक्षमा मात्र होइन सबै प्रकारका शोषण दमनका विरुद्धमा पनि रहेको देखिन्छ ।

## २. उद्देश्य

रुश्दीको उपन्यास माथि उठेको विवादले विश्वका सबै स्वतन्त्र कर्मीहरूको स्वतन्त्रता माथिको हस्तक्षेप भएको चर्चा गर्ने उद्देश्य रहेको छ । धार्मिक उन्मादले आजको दुनियाँको विकास र प्रगतिलाई नै खाएको छ । धर्मले महिला तथा जातिय छुवाछुतको विरुद्धमा उठेको न्यायोचित आन्दोलन माथिको हस्तक्षेप र स्वतन्त्र कला र लेखक माथिको हस्तक्षेप हुनुको कारण धर्म नै हो भन्ने निबन्धले देखाउन सफल छ । यही हस्तक्षेपको विरोधमा उठ्ने आह्वान नै यस निबन्धको उद्देश्य हो ।

## ३. भाषाशैली

सरल र सहज भाषाशैलीको प्रयोग देखिए पनि निबन्धको वाक्य गठन जटिल प्रकारको देखिन्छ । साना-ठूला गरी आठ अनुच्छेदमा संरचित निबन्धमा बढि आगन्तुक र तत्सम भाषा प्रयोग पाइन्छ । शैलीगत रूपमा उच्च र औपचारिक भाषिकाको प्रयोग पनि पाइन्छ । विभिन्न देशहरूको अवस्था र जातिको पहिचान दिनुपर्नेभएकोले जातियता र

---

[७६] ऐजन, पृ. ११४ ।

[७७] ऐजन, पृ. ११५ ।

[७८] ऐजन ।

[७९] ऐजन ।

स्थानीय भाषिकाको आभाष पनि पाइन्छ । जस्तैः "मुस्लिम, पैगम्बर, हजरत, खुमैनी, प्रताडना, महाकुम्भ"[८०] आदि भाषाले निबन्ध आलङ्कारमय र आञ्चलिकतामय पनि बनेको देखिन्छ ।

विज्ञानको एउटा चमत्कारमय जगत्मा धर्म र उन्मादले संसारलाई प्रयत्ना गरी मानवको स्वतन्त्रता र कलामाथिको हस्तक्षेप हो भनेका छन् । सारमा सिंहले यो एउटा कला र स्वतन्त्रता माथि संसारलाई दिएको चुनौती हो । जसले दुनियाँमाथि सर्वोपरि अधिकार जमाएको छ । आजदेखि होइन कैयौँ वर्षदेखि तर यसले लाखौँ लाख मानिसलाई भ्रममा राखेको कुरा दाबी गर्दै निराकरणमा जनतालाई मार्क्सवादी साहित्य र दर्शनकलामा उन्मुख बनाउनु नै एक मात्र विकल्प भएको उल्लेख छ ।

### ४.४.३ उजेली र हर्के : आदर्श पात्रहरूको निर्माणबारे मेरो अनुभव (२०४६)

**उजेली र हर्के : आदर्श पात्रहरूको निर्माणबारे मेरो अनुभव** (२०४६) सिंहको वि.सं. २०४६ मा लेखिएको फुटकर निबन्ध हो । यो वि.सं. २०४६ वर्ष १०, अङ्क २ हलकारा साहित्यिक त्रैमासिक पत्रिकाले प्रकाशन गरेको पाइन्छ ।[८१] हाल वि.सं. २०६३ मा साहित्य र समालोचनामा प्रकाशित छ ।[८२] यो निबन्ध सिंहको अन्य विधा, कथा, उपन्यास, एकाङ्कीमा समेत प्रयोग गरेका आदर्श पात्रहरू रहेका छन् । त्यही पात्रहरू निर्माणमा उनको सफल अनुभव रहेकोले यही आदर्श पात्र निर्माणमा भूमिका रहेको उल्लेख छ ।[८३]

### १. विषयवस्तु

**उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव** (२०४६) "आत्मपरक शैलीमा लेखिएको निजात्मकताको प्रकाशन भएको निबन्ध हो ।"[८४] यस निबन्धको विषयवस्तुमा पात्रहरू निर्माणमा आफ्नो लामो समय सम्म संघर्ष गर्नुपरेको उल्लेख गरेका छन् । यी पात्रहरूलाई सक्षम र क्रान्तिकारी योद्धाको रूपमा निर्माणको लागि कथा, उपन्यास र एकाङ्कीमा समेत उनीहरूलाई लिएको देखिन्छ । "उजेली र हर्के सित औपचारिक भेट वि.सं. २०१९ मा कपिलवस्तु जेलमा भयो । त्यसकारण कथा र उपन्यासमा उनीहरूलाई जोड दिए तर ति सबै म सँग छैनन् ।"[८५] ...त्यसपछि मैले उजेली र हर्केलाई नाटकमा जीवित पार्ने

---

[८०] ऐजन ।

[८१] मोहनविक्रम सिंह, **साहित्य र समालोचना**, पूर्ववत्, पृ. २०७ ।

[८२] ऐजन ।

[८३] ऐजन, पृ. २०२ ।

[८४] भेटवार्ता ।

[८५] मोहनविक्रम सिंह, **साहित्य र समालोचना**, पूर्ववत्, पृ. २०३/२०४ ।

प्रयत्न गरे, यद्यपि संक्षिप्त रूपमा ।[८६] सिंह उजेली र हर्केलाई एउटा क्रान्तिकारी योद्धा र पात्रको रूपमा निर्माण गर्ने कार्य सबै विद्यामा भएको पाइन्छ । ती अनुभवहरूलाई समेटेर आदर्श पात्र निर्माण गर्न सकेको अनुभवलाई निबन्धमा विषयवस्तु बनाइएको पाइन्छ । सिंह आदर्श पात्र एउटा यस्तो पात्र हो । "उजेली र हर्के क्रान्तिका प्रतीक हुन् शोषित पीडित मेहनतकस जनताको क्रान्तिकारी चरित्रको प्रतिनिधित्व गर्ने पात्र हुन् । ... वास्तविक संघर्षको जीवनमा हजारौं हजार साथीहरूले धोका दिए तर उनीहरूले कहिल्यै धोका दिन सक्तैनन् ।"[८७]

सिंह पार्टी र क्रान्तिको दौरानमा हजारौं-हजार कार्यकर्ता र साथीहरूले धोका दिए पार्टी र क्रान्तिबाट पलायन भए तर उजेली र हर्के यस्तो पात्र हुन उनीहरूले कहिल्यै धोका दिन सक्तैनन् । उनीहरू प्रति मेरो अगाध स्नेह, आदर आत्मीयता भरिएको छ । त्यसैले मैले उजेली र हर्केलाई नयाँ कार्यकर्ताको अनुहारमा खोज्दछु । "जब मैले कतै कुनै साथी पुरुष र महिलाहरूमा त्यस प्रकारको गुण देख्दछु- प्रसन्नता अनुभव हुन्छ तर उनीहरूमा एक वा अर्को कमजोरीका कारण पलायन हुन्छन् ... दुःख लाग्छ ।"[८८] तर जे होस् हर्के र उजेली यस्तो पात्र हो । उनीहरू कयौं क्रान्तिकारी गुणले सम्पन्न छन् । उनीहरू सँगको सिंहको घनिष्टता र भावनात्मक सम्बन्धको इतिहास तीन दशक भन्दा लामो भएको देखिन्छ । उनीहरूको निर्माणमा सिंहको तीन दशक भरिको कार्यकुशलता र अनुभव रहेको निष्कर्ष पाइन्छ ।

## २. उद्देश्य

नेपाल जस्तो देशमा क्रान्तिलाई सफल पार्न हजारौं हजार उजेली र हर्केहरूको आवश्यकता रहेको देखाउनु यस निबन्धको मुख्य उद्देश्य हो भने अर्कोतिर वास्तविक जीवनमा पात्रहरूमा पाइने कमी कमजोरीहरूलाई हटाएर एउटा क्रान्तिकारी गुणले सम्पन्न कार्यकर्ताहरूको निर्माणमा पात्रहरूले ठूलो योगदान दिउन भन्ने आशय प्रकट गर्नु यस निबन्धको प्रमुख उद्देश्य मानिन्छ ।

## ३. भाषाशैली

सरल सम्प्रेषणीय भाषाशैलीको प्रयोगमा निबन्ध उत्कृष्ट बन्न पुगेको देखिन्छ । बिम्ब, प्रतीक र अलङ्कारले युक्त निबन्धमा काल्पनिकताको पनि प्रबलता भेटिन्छ । जस्तै मेरो आदर्श पात्र "उजेली र हर्केले मलाई कहिल्यै पनि धोका दिन सक्दैनन् ।"[८९] कम्युनिस्ट आन्दोलनको दौरानमा पटक-पटक कार्यकर्ता र नेताबाट खाएको धोकाको क्षतिपूर्ति सिंह

---

[८६] ऐजन, पृ. २०५ ।

[८७] ऐजन, पृ. २०६ ।

[८८] ऐजन ।

[८९] ऐजन, पृ. २०५ ।

यहाँ काल्पनिक पात्रमा पूरा गर्न यो शब्दावलीको प्रयोग गरेको भेटिन्छ । शैलीगत दृष्टिले उच्च रहेको निबन्धमा औपचारिक भन्दा अनौपचारिक भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

सिंह आफ्नो जीवन कालमा आदर्श पात्र निर्माणमा लागि परेको र पटक पटकको साधनामा पनि असक्षम रहेको यस निबन्धबाट पुष्टि हुन्छ । सिंह यस्तो आदर्श पात्र निर्माणको अभ्यास कथा, उपन्यास, नाटकमा पनि गरेको पाइन्छ । यी साधनाहरूबाट सिंहले आदर्श पात्रको निर्माणमा प्राप्त गरेको अनुभवको सफलता यही पात्र मार्फत गरेको देखिन्छ ।

### ४.४.४ घर बन्छ, घरहरू भत्कन्छन् (२०५३)

**घर बन्छ, घरहरू भत्कन्छन्** (२०५३) यो सिंहको "वि.सं. २०५३ मा लेखिएको सामाजिक विषयवस्तुमा आधारित व्यङ्ग्यात्मक निबन्ध हो ।"[९०] यो वि.सं. २०६६ मा कमलराज रेग्मीको **आमा, म र पाल्पा**मा सङ्गृहीत रहेको छ ।[९१] पुण्यप्रसादसँगको भेटघाट र समाचारले सिंह यो फुटकर निबन्ध लेख्न पुगेको बताएका छन् ।[९२]

### १. विषयवस्तु

**घर बन्छ, घरहरू भत्कन्छन्** (२०५३) "यो आत्मप्रकाश शैलीमा लेखिएको सिंहको विचार प्रधान वैयक्तिक निबन्ध हो ।"[९३] यसको विषयवस्तुमा सिंहका मित्र कमलराज रेग्मी नेपालको वामपन्थी कम्युनिस्ट आन्दोलनमा पाल्पाको नेतृत्व र किसान आन्दोलनका सङ्गठनकर्ता हुनुहुन्थ्यो ।[९४] कमलराज नेपालको वामपन्थी कम्युनिस्ट पार्टीको होनहार नेता हुन् आफ्नो घर निर्माणको लागि पाल्पाका अन्य सबै घरहरू भत्काउनु भयो । यही क्रममा उहाँका भेट प्राणप्रसादसँग हुन्छ उहाँको "मैले नयाँ घर बनाएँ नि ! तपाइ मेरो नयाँ घर यहाँबाट देख्न सक्नुहुन्छ ... अहँ, म त कुनै नयाँ घर देख्दिनँ म त मेहलधाराका सबै घरहरू भत्केको देख्छु ।"[९५] व्यङ्ग्यात्मक रूपमा प्रस्तुत वाक्यमा कति तितो सत्य लुकेको छ । पहिला पाल्पाका सबै घरहरू कमलजीका थिए । उगहाँको स्वागत हुन्थ्यो । "२०१७ पुस ३ गते जेल पर्नु भयो जेलबाट छुटेपछि पञ्चायती व्यवस्थामा सामेल भए पश्चात पेश्की मिल्यो त्यही पेश्कीले ठूलो नयाँ घर बनाउनुभयो ।"[९६] उहाँ पञ्चायती व्यवस्थामा सामेल भएपछि ती सबै घरका ढोका उहाँका लागि बन्द भएका छन् । पञ्चायती व्यवस्थामा मिलेको पेश्कीले बनेको

---

[९०] कमलराज रेग्मी, **आमा, म र पाल्पा** (पाल्पा : वाङ्मय प्रज्ञा प्रतिष्ठान, २०६६), पृ. ३) (सम्पादकीय) ।

[९१] ऐजन ।

[९२] भेटवार्ता ।

[९३] ऐजन ।

[९४] कमलराज रेग्मी, पूर्ववत्, पृ. ३१ ।

[९५] ऐजन ।

[९६] ऐजन ।

ठूलो घरले पाल्पाका सबै जनताको घरहरू भत्केको तितो सत्यमा कति धेरै प्रतीकात्मक व्यङ्ग्य पाइन्छ ।

आज कमलराज रेग्मी मात्र होइन कम्युनिस्ट पार्टीमा लागेका हजारौं हजार नेता कार्यकर्ताहरू पनि यही बाटोमा पलायन भएको देखाइएको छ । यही सन्दर्भमा कमलराज पाल्पाका शिक्षकसँग गफ गर्दा "कमल दाइ तपाई जेल मै मरेको राम्रो हुन्थ्यो ।"[१७] यस भनाइमा कति वेदना पाइन्छ । आज हजारौं नेता, कार्यकर्ता जति पहिला देश जनता र पार्टीमा योगदान दिन्छन् तर केही क्षणिक स्वार्थले त्यो बाटो छोडेर अलग हुन्छन् । यो घटना कमलराजको मात्र होइन अहिले देखिएका वामआन्दोलनका सबै हिमायतीहरू यसका उदाहरण भएको बताएका छन् । यस्तो प्रकारको क्षणिक र स्वार्थ पूरा गर्न लाग्ने नेता र नेतृत्वप्रति यस निबन्धले तिखो व्यङ्ग्य प्रहार गरेको छ ।

## २. उद्देश्य

यो कम्युनिस्ट पार्टी र विचार प्रति पलायन हुने स्वार्थी नेताहरू प्रति तिखो व्यङ्ग्य प्रस्तुत गर्नु यसको मुख्य उद्देश्य हो । भने अर्को तिर सिद्धान्त र संघर्षबाट टाढा हुन नदिनको लागि प्रेरणाको स्रोतको रूपमा पनि लेखिएको निबन्ध हो । भविष्यप्रति आशावादी हुने प्रेरणा र अन्य व्यक्तिहरू कमलराज जस्तै विचारबाट विचलन नहुने र सचेत बनाउनको लागि लेखिएको, सन्देशमूलक रहनु पनि यसको उद्देश्य हो । व्यक्तिगत स्वार्थ र आदर्शवादी चिन्तनले भावी पुस्ता र कम्युनिस्ट आन्दोलनलाई पुग्ने क्षति माथि नियन्त्रण गर्नु पनि यसको मूल उद्देश्य रहेको पाइन्छ ।

## ३. भाषाशैली

सरल मिजासिलो भाषा शैली रहेको निबन्धमा व्यङ्ग्यात्मकताको प्रबलता पाइन्छ । शीर्षक नै व्यङ्ग्य रहेको निबन्धमा प्रतीकात्मक शब्दको प्रयोग प्रबल भेटिन्छ । "तपाईको पाल्पामा कुनै नयाँ घर बनेको देखिंदैनँ सबै घरहरू मात्र भत्केका देख्छु जहाँ पहिला ती घर तपाइका थिए ।"[१८] यी शब्दहरू प्रतीकात्मक मात्र छैनन् आलङ्कारिक पनि रहेका पाइन्छ । शैलीका दृष्टिले मध्यम शैलीको प्रयोग पाइन्छ भने अनौपचारिक भाषाशैली र विनोदात्मक रहेको छ । वामपन्थी आन्दोलनका प्रखर नेताले बीचमा व्यक्तिगत स्वार्थको बाटो समातेपछि आफ्नो प्यारो बस्तीमा रहेका जनताका घरहरू भत्काइ आफ्नो ठूलो घर बनाउने कार्यमा लागेको पाइन्छ । जुन कुराको पश्चतापले पार्टी र क्रान्तिमा मात्र विचन नभई व्यक्तिगत जीवनमा समेत विचलन भएको कुरा संकेत छ । व्यङ्ग्यात्मक शैलीमा व्याख्या गरिएको यस

---

[१७] ऐजन, पृ. ३२ ।

[१८] ऐजन, पृ. ३१ ।

निबन्धको निष्कर्षमा भावी सन्ततीहरूमा यस्तो प्रकारको विचलन आउन नदिनको लागि पनि सचेत रहनुपर्ने कुराको संकेत रहेको पाइन्छ ।

## ४.५ निष्कर्ष/उपसंहार

समग्रमा मोहनविक्रम सिंह (१९९२) नेपाली प्रगतिवादी साहित्यका क्षेत्रमा उत्कृष्ट प्रगतिवादी निबन्धकार हुन् । उनले वि.सं. २००४/००५ बाट लेखन आरम्भ गरेका सिंह नेपाली साहित्यिक निबन्धको क्षेत्रमा **धरतीको पूर्व इतिहास निबन्ध** संग्रहको र अन्य फुटकर निबन्धको प्रकाशन गरेका छन् । सिंहको निबन्ध संग्रह र फुटकर दुवै निबन्धमा विषयविविधता पाइन्छ । यही विषय विविधताले नै सिंहको निबन्ध जटिल र मार्क्सवादी कला साहित्यको निकटता बन्न पुगेको छ । उनी निबन्धमा यथार्थ जीवनमा घटित घटनाहरूलाई निबन्धको रूप दिने कुशल निबन्धकारका रूपमा परिचित छन् । यथार्थजीवनमा भएको घटनालाई आफ्नो निबन्धको विषयवस्तु बनाउने सिंहको निबन्धमा तार्किकता र बौद्धिकताको भण्डार पाइन्छ । कतै-कतै निजात्मकता र कल्पनाले रङ्गाए पनि सिंहले यथार्थ र वास्तविकतालाई आधार बनाएर मात्र निबन्ध भावात्मक बनाएका छन् । यी तथ्यहरू र कोणबाट सिंहको निबन्धलाई हेर्दा उनी वस्तुपरक र आत्मपरक दुवै लेखनकला भएको प्रगतिवादी निबन्धकार मानिन्छन् ।

खास गरी सिंहका यी निबन्धहरू प्रगतिवादी चिन्तनका अतिरिक्त देशभक्ति र शोषण दमन उत्पीडनका निम्ति, ओकालत गरेका पाइन्छ । यसको बाबजुद धार्मिक, बौद्धिकता, व्यङ्ग्यात्मकता, वैचारिकता, चिन्तनशीलता, भौगोलिकता, यथार्थता, निजात्मकता र समसामयिकता रहेको पाइन्छ । नेपाली भाषा प्रयोगको साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग छ भने शैलीका दृष्टिले उच्च, मध्य रहेको छ । विनोदात्मक, औपचारिक र अनौपचारिक दुवै शैली प्रयोग युक्त पाइन्छ ।

### पाँचौ परिच्छेद
# मोहनविक्रम सिंहका निबन्धात्मक प्रवृत्ति

## ५.१ विषयप्रवेश

मोहनविक्रम सिंहका निबन्धमा विषयगत र शैलीगत भिन्नता रहेको पाइन्छ । उनका निबन्धमा सांस्कृतिक पक्ष आएको पाइन्छ । उनका निबन्धमा प्रगतिवादी चेतना नै मुख्य रहेको छ । नारीवादी चिन्तन, प्रकृति चिन्तन, बौद्धिक तथा वैचारिक, मानवतावादी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाव रहेको पनि पाइन्छ । यही प्रवृतिको आधारमा अध्ययन यस अध्ययनमा प्रस्तुत छ ।

## ५.२ मोहनविक्रम सिंहका निबन्धात्मक प्रवृत्ति

मोहनविक्रम सिंह नेपाली साहित्यका प्रगतिवादी क्षेत्रमा एक कुशल प्रगतिवादी निबन्धकार हुन् । उनको निबन्धमा प्रगतिवादी प्रवृत्तिको वर्चस्व बढि पाइन्छ । सिंहका प्रगतिवादीको बाहुल्यता रहेको निबन्धहरू विविध विषयमा आधारित रहेको देखिन्छ । यही विभिन्न विषयमा आधारित निबन्धहरूले आ-आफ्ना विषयगत प्रवृत्तिको स्वरूप पनि प्रतिविम्बित भएको हुन्छ । निबन्धगत प्रतिविम्बित स्वरूप वा विचारहरू नै साहित्यकारको प्रवृत्तिको रूपमा चिनिन्छ । खास गरी मोहनविक्रम सिंहको मूल क्षेत्र राजनीतिक हो । उनको प्रमुख क्षेत्र राजनीतिक भए पनि राजनीतिकको अतिरिक्त जनतालाई सचेत र सजग गराउने सन्दर्भमा मार्क्सवादी साहित्य र कला, दर्शनलाई आफ्नो अध्ययन र लेखन क्षेत्र बनाइएको पाइन्छ । यही अध्ययन र लेखन क्षेत्र अन्तर्गत रहि सिंहका समग्र निबन्धको मूल प्रवृत्तिहरू अध्ययन गर्न सकिन्छ । तिनीहरू निम्न प्रकारको रहेको पाइन्छ ।

### ५.२.१ प्रगतिवादी चिन्तन

मार्क्सवादी साहित्य र कला दर्शनलाई साहित्यिक अध्ययनको रूपमा राख्ने सिंहको पहिलो निबन्धात्मक प्रवृत्तिको रूपमा प्रगतिवादी चिन्तन रहेको पाइन्छ । मार्क्सवादलाई गहिराइबाट अध्ययन गर्ने र हरेक घटनालाई द्वन्द्ववादी दृष्टिले हेर्ने सिंहको सबैजसो निबन्धमा यो प्रवृत्ति पाइन्छ । उनको प्रगतिवादी निबन्धहरूमा **हर्के, उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव, मेरो टुकी, घर बन्छ, घरहरू भत्कन्छ** आदि रहेका छन् । उनको **हर्के** निबन्धमा "हर्केलाई पुरानो संरचनाको विरुद्धमा लड्ने क्रान्तिको योद्धाको रूपमा उभ्याएका छन् । जस्तैः "हर्के जाग्यो, हर्केको मुठी बन्द छ । किसान आन्दोलनको सफलता हर्केको हातमा छ । दुश्मनहरूलाई यो थाहा छ कि हर्केभित्र अशिम शक्ति छ ।" यसरी हर्केलाई प्रगतिवादी चिन्तन बोकेको योद्धाको रूपमा प्रस्तुत गर्नु नै प्रगतिवादी चिन्तन हो ।

**उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव**मा पनि “यी दुई पात्र क्रान्तिकारी जोश जागरले युक्त क्रान्तिका नायकको रूपमा देखाइएको छ ।” जस्तैः “हर्केको युद्धको घोषणा हो यो शोषित पीडित जनताको, हर्के बाँचोस् या हर्के मरोस् तर हर्केको युद्ध चलिरहने छ ।”

यसरी युद्धको शंखघोष गरी यी दुई पात्रहरूले नयाँ सत्ता ल्याउने विचारमा प्रतिबद्ध देखाइनु प्रगतिवादी चेत हो । सिंहका सबैजसो निबन्धमा पनि प्रगतिवादी चिन्तन रहेको पाइन्छ ।

### ५.२.२ राष्ट्रिय क्रान्तिकारीप्रतिको साहित्यिक प्रस्तुति

मोहनविक्रम सिंहको लेखनको प्रारम्भिक चरणमा नै देखापरेको राष्ट्रभक्ति भावना र क्रान्तिकारी प्रवृत्ति हाल झन प्रौढ रूपमा देखा पर्दछ । यस समयमा निबन्धकार सिंह राष्ट्र, देश, जनता र संगठन प्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको देखिन्छन् । राष्ट्रमा शताब्दीयौं देखि चल्दै आएको सामान्ती राज्य सत्ता वर्ग संघर्षद्वारा ध्वस्त पार्नको लागि जनतालाई आह्वान आफ्ना निबन्धमा गरेका छन् । राष्ट्रप्रतिको उत्तरदायित्व वहन गर्न क्रान्ति र परिवर्तनप्रति सचेत र संगठित हुनुपर्ने मान्यता रहेको सिंहका यस्ता निबन्धहरू **उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव,** “यी दुई पात्र राष्ट्र रक्षाको निम्ति क्रान्तिको उद्घोष गर्ने र नयाँ राज्य सत्ता निर्माणको लागि तत्पर रहेको देखाइएको छ ।” यस्तै गरि **घर बन्छ घरहरू भत्कन्छ**मा “प्राण प्रसादको राष्ट्र भक्ति सोच, कमलजीको देश र जनताप्रतिको घात यहाँ राष्ट्रिय क्रान्तिकारी चिन्तनको रूपमा आएको पाइन्छ ।” **अलबिदा कामरेड जलजला**मा “जलजलाको राष्ट्रप्रतिको समर्पण भाव र क्रान्तिप्रतिको लगाब देखाइनु, **हर्के**मा हर्केलाई पनि यस निबन्धमा राष्ट्रभक्ति र क्रान्तिकारी भावनाले उत्प्रेरित भएको देखाइएको छ ।” सिंह हरेक निबन्धमा राष्ट्रिय भावना र क्रान्तिकारी भावनाले ओतप्रोत बनाइ यसको आधिबेरीमा जनतालाई लाग्न सचेत बनाइएको पाइन्छ ।

सिंहको यी निबन्धहरूमा राष्ट्र भक्ति भाव र क्रान्तिप्रतिको प्रेम झल्किनु राष्ट्रिय क्रान्तिकारीप्रतिको साहित्यिक प्रस्तुति हो ।

### ५.२.३ बौद्धिक तथा वैचारिक लेखन

मोहनविक्रम सिंहको निबन्ध लेखन प्रवृत्ति भित्र रहने प्रवृत्ति भनेको बौद्धिकता तथा वैचारिकता पनि हो । सिंहको हालसम्म लेखिएको साहित्यिक तथा राजनीतिक निबन्धहरू सबै जसोमा लेखन वैद्धिकता र विचार तत्वहरूले पूर्ण रहेको पाइन्छन् । सिंहका केही निबन्धहरू निजात्मक र काल्पनिक भए पनि वस्तु सत्यको यथार्थमा रहेर बौद्धिकता र विचारको स्थान महत्त्वपूर्ण रहेको पाइन्छ । सिंहका केही बौद्धिक तथा वैचारिक निबन्धका रूपमा चिनिने निबन्धहरूमा **हर्के, घर बन्छ घरहरू भत्कन्छन्, सलमान रूश्दी विरुद्ध**

**देखापरेको धार्मिक उन्माद** आदि छन् । उनको **हर्के** निबन्ध विचारात्मक निबन्ध हो । यसमा "हर्केलाई क्रान्तिकारी विचारको बाहक बनाइएको छ भने नयाँ संरचना निर्माणमा हर्केको भूमिकामा बौद्धिकताको झलक पनि पाइन्छ ।" **घर बन्छ घरहरू भत्कन्छन्** पनि एउटा तार्किताले भरिएको व्याङ्ग्यात्मक निबन्ध हो । यसमा पनि बौद्धिकताले पूर्ण मानिन्छ । **सलमान रूश्दीको विरुद्धमा देखापरेको धार्मिक उन्माद**मा धर्मले नयाँ संरचना निर्माणमा पारेको असर र सृजना, कला र स्वतन्त्रता माथिको हस्तक्षेपलाई उन्मूलन गर्नको लागि लेखिएको बौद्धिकता र तर्कपूर्ण विचार रहेको निबन्ध हो । सिंहको हालसम्मको जुनसुकै निबन्धमा पनि मार्क्सवादी तथा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादले स्थान पाएको हुँदा उनको सबै खालका निबन्धमा बौद्धिकता, विचारात्मक तथा तार्किकताले अग्र स्थान पाएको देखिन्छ । शोषकको विरुद्धमा र शोषित पक्षलाई मजवुत बनाउनको लागि एक हतियारको रूपमा बौद्धिक पक्ष र विचार तत्वलाई आफ्नो निबन्धको विषयवस्तु बनाइएको पाइन्छ ।

### ५.२.४ धार्मिक तथा सांस्कृतिक चिन्तन

हाम्रो समाजमा धार्मिक तथा रुढिवादी अन्धविश्वासले कैयौँ शताब्दीदेखि असर पार्दै आएको छ । त्यसलाई निराकरण गर्नको लागि सिंह लेखन आरम्भ देखि नै सामाजिक तथा सांस्कृतिक परिवर्तनको लागि कलम चलाउँदै आएको पाइन्छ । मानव स्वतन्त्रता र मुक्तिको लागि सबैभन्दा पहिला सांस्कृतिक रूपान्तरण गर्नु आवश्यक छ  भन्ने मान्यता रहेको सिंह धर्मले पारेको असर र विकृतिलाई हटाउन वा सचेतनाको लागि केही यस्ता निबन्धहरू लेखेको पाइन्छ । **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका, सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद, वेश्यावृत्ति : एक समीक्षा** आदि रहेका छन् । **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका**मा धर्मको कारणले समाजमा यौन विकृति भित्रिएको छ भने त्यसको प्रभावमा परि निराशा र आत्महत्या समेत गरेको थुप्रै उदाहरणहरू छन् ।

"डु ले भनेका थिए कि 'टी' विमान लिएर उनीहरूलाई स्वर्गमा लिन आउनेछन् । हेमेन्स गेटले यो निर्णय गरेको थियो कि आकाशमा "हेल वप" नाम गरेको ध्रुव तारा चम्किने दिन टी' आउनेछिन त्यसपछि उनीहरू त्यही दिन ३९ जनाले सामूहिक आत्महत्या गरे ।"

यसरी धर्मले समाजमा नकारात्मक असर पुऱ्याइ आत्महत्याको दिशातिर उन्मुख बनाएको कारण सिंह सांस्कृतिक पक्षमा विचार उठाउने मान्यता राख्दछन् । यस्तै गरी अन्य धार्मिक निबन्धहरूमा **सलमान रूश्दी विरुद्ध देखापरेको धार्मिक उन्माद**, मा धर्मले कला संस्कृति र स्वतन्त्रतामाथि हस्तक्षेप गरेको उल्लेख पाइन्छ । **वेश्यावृत्ति : एक समीक्षा**मा महिलाहरूलाई धर्म र संस्कृतिको माध्यमबाट पुरुषको एकसाधन र दोस्रो मानवको संज्ञाको विरुद्धमा प्रश्न खडा गरेको पाइन्छ । यस्तै **प्राचीन, भारतीय विवाह प्रथा**मा पनि यस्तो

अवस्था रहेका छन् । यी निबन्धहरू समाजमा धर्मको विकृतिलाई हटाएर प्रगतिशील र उन्नत समाज र संस्कृतिको विजारोपण गर्ने योगदान पुऱ्याउने आशा अभिव्यक्त रहेको देखिन्छ ।

### ५.२.५ नारीवादी चिन्तन

समाज परिवर्तनको एक हिस्सा महिलाहरू पनि हुन् भन्ने सिंह धेरैजसो लेखनमा महिला र पिछडिएको वर्गलाई पनि स्थान दिएको पाइन्छ । समाजको शोषण र उत्पीडनमा परेका वर्ग महिलाहरू हुन् । उनीहरूको सहभागिता विना समाजले प्रगतिको गति लिन नसक्ने मान्यता रहेको सिंह वर्ग र वर्गसंघर्षको दौरानमा महिलाहरूको महत्त्वपूर्ण भूमिका रहने देखाउँछन् । समाज परिवर्तन र क्रान्तिको लागि एक हिस्सा महिला हुनुपर्ने मान्यताका साथ सिंह हरेक लेखन क्षेत्रमा महिला माथि सकरात्मक धारणा प्रस्तुत गरेको पाइन्छ । उनीहरूलाई हरेक कार्यमा अग्रस्थानमा राख्छन् । सिंहका नारीवादी चिन्तन झल्किने खालको निबन्धहरू **उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव**मा सिंह हर्केलाई भन्दा उजेलीलाई विश्वासी र क्रान्तिप्रति जिम्मेवारी, कर्तव्यबोध महिलाको भूमिका दिइएको पाइन्छ । जस्तैः "उजेलीले हर्केको त्यो कमजोरीका लागि सधै हप्काउँथिन् र अन्यायका विरुद्ध लड्न आह्वान गर्दथिन् ।" यस अनुच्छेदमा हर्के सधै आफ्नो दास मनोवृत्तिको कमजोरी देखाउन्थ्यो भने उजेली क्रान्तिकारी विचारमा प्रतिबद्ध पात्र थिइन त्यसैले हर्केलाई बेला बेलामा मार्ग निर्देशन गर्ने भूमिकामा रहेकी छिन् । सिंह यसरी उजेलीलाई प्रमुख र सक्रिय पात्रको रूपमा राख्नु भनेको एउटा नारीवादी चिन्तनको स्वरूप आउनु हो । अर्को **वेश्यावृत्ति एक समीक्षामा** पनि नारीवादी सोच अभिव्यक्ति पाइन्छ । यसमा वेश्याका वास्तविक अर्थ "समाजमा रहेका महिलाहरू मात्र वेश्या होइनन् । उनीहरू त पुरुष समाजबाट समयानुकूल शोषित छन् । यो पेसा उनीहरू आफ्नो चाहानाले होइन कि पुरुष प्रधान समाजको बाध्यतामा परि चलाएको व्यवसाय हो । जुन मान्यताले सिंहको लेखन प्रवृत्तिको प्रतीकात्मक स्वरूप झल्किन्छ यो नारीवादी चिन्तन हो । उनी भन्छन् महिलाहरू यो समाजबाट शोषित छन् त्यसैले यो समाज परिवर्तनको आवश्यकता छ । उनीहरूलाई उत्प्रेरणा र आत्म निर्भरताको आवश्यकता रहेको देखाइएको पाइन्छ ।

### ५.२.६ प्रकृति चिन्तन

प्राकृतिक वातावरणमा रम्न पाउँदा आफूले अत्यन्तै सुखको अनुभूति गर्ने गरेको सिंहका निबन्धमा प्रकृति प्रेम पाइन्छ । प्रकृतिका वस्तुहरूलाई मानवीकरण गरेर त्यसको माध्यमबाट आफ्ना विचारहरू प्रस्तुत गर्ने सिंहका प्राय निबन्धहरूमा प्रकृतिको अनुकरण चित्रण गरिएको छ । निबन्धकार सिंहका लेखन प्रारम्भमा देखिएका यो प्रवृत्ति अहिले झन ठूलो रूपमा देखा परेको पाइन्छ । निबन्धकार सिंहको प्रकृति प्रेमी प्रवृत्ति भएको केही यस्ता

निबन्धहरूमा **आदि विद्रोही, मेरो टुकी** आदि रहेका छन् । **आदि विद्रोही**मा "सुदूर अन्तरिक्षबाट ताराहरूले उसलाई आफ्ना शुभकामनाहरू दिए । उनीहरूले आफ्नो सन्देश दिए तिमी जादैं गर । हामी सधैं तिम्रो साथ रहनेछौं । सूर्यको ज्योति, चन्द्रको चाँदनी, अनि निलो आकाशको सम्पूर्ण सौन्दर्य र सुखको अनुभूति लिएर हामी तिम्रा साथ आइरहनेछौ जाऊ, त्यो नदी पारी आफ्नो घर बसाउ, एउटा सुन्दर संसार बनाऊ ।" यहाँ प्रकृतिमा रहेका तारा, सूर्य, चन्द्र, ज्योति, चाँदनी, आकाश सबैलाई मानवीकरण गरी शुभकामना दिएको संकेत छ । यी वस्तुहरू मानवले झैं गरी सुख दुःखमा साथ दिने प्रण गरेका छन् । त्यसैले सिंह एक प्रकृति प्रेमी हुन् भन्न सकिन्छ । अर्को उनको प्रकृतिलाई आधार मानेको निबन्ध **मेरो टुकी** हो । यसमा टुकी मार्फत समाजका शोषित पीडित वर्गको आवाज दिइएको छ । टुकी स्वयम् "हामी असमर्थ भयौ . . . आलस्यले होइन, विश्वासघात गरेर होइन, थाकेर होइन, बाध्य भएर आफ्नो काम छोड्न थालिसकेका छौं ।" यहाँ पनि एउटा सानो पितलको टुकीलाई मानवेत्तर पात्रको स्थान दिइ यी कुराहरू बोल्न लगाइएको छ । यसैले सिंह प्रकृति प्रति सचेत र सजग छन् । यसरी निबन्धकार सिंहका निबन्धमा प्रकृति प्रति सचेत रही जुनकिरी, आकाश, जुन, चन्द्रमा, नाला, पहाड, समुद्र आदि प्रतीकहरूको प्रयोग प्रयाप्त मात्रामा पाइन्छ । प्रकृतिको मानवीकरण गर्दे सजीव एवं जीवन्त रूपमा प्रस्तुत गर्ने कार्य उनको निबन्धमा भएको पाइन्छ ।

### ५.२.७ व्याङ्ग्यात्मक तथा प्रतीकात्मक लेखन

मोहनविक्रम सिंहको लेखन प्रवृत्ति भित्र रहेको महत्त्वपूर्ण प्रवृत्ति व्यङ्ग्य र प्रतीकात्मक प्रवृत्ति पनि हो । सिंह आफू जीवनभर शोषित पीडित सर्वहारा वर्गको पक्षमा रहेको र यो वर्गप्रति राज्यसत्ता मौन रहेकोमा त्यस प्रति व्यङ्ग्यात्मकता र प्रतीकात्मकता लेखन शैली अपनाइएको पाइन्छ । शोषित पीडित वर्गको जनतालाई मध्यम बनाएर आफू सर्वेसर्वा बन्ने प्रति लक्षित बनाइ निबन्धमा व्यङ्ग्य प्रस्तुत गरिएको पाइन्छ । उनको यस्तो खालको व्यङ्ग्यात्मक र प्रतीकात्मक निबन्धहरूमा **घर बन्छ घरहरू भत्कन्छन्** हो । यो निबन्धको शीर्षक नै प्रतीकात्मक रहेको देखिन्छ भने निबन्धको विषयवस्तुभित्र अत्यधिक व्यङ्ग्य रहेको पाइन्छ । शीर्षक एउटा घर नयाँ बन्छ, हजारौं जनताको घरहरू भत्कन्छन् । यसमा आफ्नो घरको, पेटको निम्ति जनताको भविष्य कोपिलैमा टिपिन्छ ।

यसरी शीर्षकमा नै प्रतीकात्मक पाइन्छ भने प्राण प्र. र कमलजीको माध्यमबाट प्रस्तुत गरिएको व्यङ्ग्यको सन्दर्भ कमलजीले एक दिन प्राण प्रसादलाई आफ्नो मेहल धाराको आफ्नो घर देखाउँदै सोध्नुभयो- "प्राण प्रसाद मैले नयाँ घर बनाएँ नि ! तपाई मेरो नयाँ घर यहाँबाट देख्नु हुन्छ ?" प्राणप्रसाद : "अहँ, म त कुनै नयाँ घर बनेको देख्दिनँ । म त मेहलधाराका सबै घर भत्केको मात्र देख्छु ।" यस सान्दर्भिक भनाइहरूमा कति धेरै र तिब्र

व्यङ्ग्य लुकेको पाइन्छ । यस्तै गरी अन्य निबन्धमा **मेरो टुकी, हर्के, उजेली र हर्के : आदर्श पात्र निर्माणबारे मेरो अनुभव** । यी सिंहका तिब्र व्यङ्ग्य र प्रतीक भएका निबन्धहरू हुन् ।

### ५.२.८ भाषाशैलीगत चिन्तन

निबन्धकार मोहनविक्रम सिंहको भाषा शैलीगत चिन्तनलाई हेर्दा समग्रमा गद्य भाषाको प्रयोग बढी पाइन्छ । सरल, सहज र सम्प्रेषण भाषाशैलीको प्रयोग ज्यादा भएकोले सिंहको निबन्ध बोध गम्य पनि देखिन्छ । शैलीका दृष्टिले उच्च मध्यम र निम्न रहे पनि प्राय उच्च शैली र औपचारिक भाषाको प्रयोग बढि पाइन्छ । तत्सम, तद्भव र आगन्तुक तीनवटै भाषाको प्रयोग प्रायः सबै निबन्धहरूमा पाइन्छ । केही निबन्धहरू **सलमान रूश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद, वेश्यावृत्ति एक समीक्षा, प्राचीन भारतीय विवाह प्रथाको एक समीक्षा** आदि रहेका छन् ।

परिष्कारवादी भाषाशैलीको प्रयोगका साथै प्रकृति प्रेमी र मानवीकरणका साथै आलङ्कारिक विम्व प्रतीकको प्रयोग पनि भेटिन्छ । यस्तो भाषाशैली सिंहका ज्यादा जसो निबन्धहरूमा पाइन्छ । उनको यस्तो प्रवृत्ति भएको **आदि विद्रोही** निबन्ध **धरतीको पूर्व इतिहास** हुन् । **आदि विद्रोही**मा "बतासको एउटा झोक्का आयो त्यसले सबैलाई बतायो - हो कुरा त्यही हो । आकाशका ताराहरूले उसलाई हेरिरहे उनीहरूले बुझि हाले- ऊ एउटा नयाँ संसार बसाउन गइरहेको थियो ।"

यी अलङ्कार र मानवीकरण गरिएको वाक्यले युक्त निबन्ध सुन्दर र प्रतीकात्मक बन्न सफल देखिन्छ ।

यसरी भाषाशैलीको दृष्टिले सिंहको निबन्ध गद्यभाषाको प्रबलता, उच्च शैली र औपचारिक भाषाका बाहुल्य भएको निबन्धमा बिम्ब प्रतीक र अलङ्कारले युक्त रहेको पाइन्छ ।

### ५.२.९ मानवतावादी चिन्तन

संसारका सबै मानवहरू सुख साथ बाँच्न पाउनु पर्दछ भन्ने सिंह मान्छेले मान्छेमाथि गर्ने सबै प्रकारका शोषण दमनको अन्त्य हुनु पर्दछ । मानवहरूको मुक्ति वर्गीय मुक्तिसँग जोडिएको हुनु पर्छ भन्ने मान्यता राख्दछन् । सिंहका यस्ता मान्यता बोकेका निबन्धहरूमा **सलमान रुश्दीको विरुद्ध देखापरेका धार्मिक उन्माद** सिंहको यो निबन्धमा मानवतावादी दृष्टिकोण अपनाइएको पाइन्छ । रुश्दीको उपन्यास माथि गरिएको विद्रोहमा सिंह लेखन र स्वतन्त्रता माथिको हस्तक्षेप बताएका छन् यसले मानवताको उल्लङ्घन गरेको छ भन्दछन् । यस्तै अर्को **मेरो टुकी** यसमा सबैको घरघरमा दिप जगमगाउन लागे ।

सबै मानवको घरमा समान किसिमले दिप बलोस् यो पनि सिंहको मानवताको आवाज हो। **वेश्यावृत्ति एक समीक्षा** महिलाहरूलाई मानवताको दर्जा दिएको पाइँदैन । उनीहरूलाई समाजको अपहेलित वर्ग तथा दोस्रो दर्जामा राखिएको सन्दर्भमा स्वयम् सिंह भन्दछ । "वेश्या महिला मात्र होइन उनीहरू त पुरुष प्रधान समाजबाट शोषित छन् । वेश्यावृत्ति व्यवसाय उनीहरूको चाहनामा राखिएको होइन यो त पुरुष प्रधान समाजबाट प्रेरित व्यवसाय हो ।" यस दृष्टिबाट मोहनविक्रम सिंह मानवतावादी प्रवृत्ति बोकेको कुशल निबन्धकार हुन् भन्ने पुष्टि हुन्छ । यसैगरी सिंहको सबै निबन्धहरूमा एक न एक कोणबाट मानवतावादी भाव झल्केको पाइन्छ ।

### ५.२.१० अन्तर्राष्ट्रियतावादी चिन्तन

मार्क्सवादी कला साहित्यको लेखन तिर झुकाउ राख्ने सिंहको निबन्धगत प्रवृत्तिको रूपमा अन्तर्राष्ट्रियतावादी चिन्तन पनि पर्दछ । मोहनविक्रम सिंहको जति लेखनहरू राष्ट्रवादी चिन्तन छन् । त्यति नै अन्तर्राष्ट्रियतावादी चिन्तन पाइन्छ । संसारका जुनसुकै देशमा चलेको क्रान्तिकारी आन्दोलनलाई आफ्नै राष्ट्रमा चलेको शोषित र पराधीन जनताको संघर्ष ठान्ने लेखकले दुनियाँभरका क्रान्तिकारीहरूलाई आफ्नै मित्र ठान्दछन् । सिंहको यस्तो भाव बोकेको निबन्ध **अलबिदा कामरेड जलजला !** यसमा रि-अर्गनाइजेशनका एकजना कामरेडको भनाईलाई सिंह "कुनै पनि देशको शोषित वर्गको मुक्ति र क्रान्तिका काम गर्ने क्रान्तिकारीहरू यो देशका मात्र हुन्नन् । उनीहरू विश्वभरका मेहनतकस जनताको अंग हुन्छन् । का. जलजला नेपालको पार्टी र क्रान्तिको लडाकू सैनिक हुनुहुन्थ्यो । त्यसकारण उहाँको मृत्यु खाली नेपालीहरूका लागि मात्र होइन, हाम्रा लागि पनि दुःखको कुरा हो ।" यसरी सिंहको यो निबन्धमा अन्तर्राष्ट्रिय भावना झल्केको छ । जहाँ रि-अर्गनाइजेसनका नेताले जलजलाको मृत्युको बारेमा बोलेको शब्दमा अन्तर्राष्ट्रिय भाव हो । यस्तै अन्य निबन्धमा **सलमान रुश्दीको विरुद्ध देखापरेको धार्मिक उन्माद** यसमा पनि रुश्दीप्रति सिंहले प्रकट गरिएको भाव अन्तर्राष्ट्रिय भावना रहेको पाइन्छ । जसमा **सलमान रुश्दीको उपन्यासको सन्दर्भ**मा उनी माथि उठेको समस्या उनको मात्र नभएर विश्वका सम्पूर्ण लेखक, अभिव्यक्तिका स्वतन्त्रतामाथिको हस्तक्षेप हो । यसले पनि अन्तर्राष्ट्रियतावादी चिन्तनको प्रतिनिधित्व देखाएको छ । **उजेली र हर्के : आदर्श पात्र निर्माणमा मेरो अनुभव** आदिमा अन्तर्राष्ट्रिय चिन्तन पाइन्छ । सिंहको मार्क्सवादी कला साहित्य र त्यसप्रतिको सर्मपण भाव र पुस्तकहरूको अध्ययनबाट पनि यो भावना बढि आएको देखिन्छ ।

## ५.३ निष्कर्ष

प्रगतिवादी निबन्धकार मोहनविक्रम सिंहका निबन्धहरूमा प्रवृतिगत विविधता रहेको पाइन्छ । मार्क्सवादी कला साहित्य र दर्शनलाई आफ्नो जीवन दृष्टि बनाएका सिंहका

निबन्धमा प्रगतिवादी चिन्तन एवं क्रान्तिकारी भावना पाइन्छ । सर्वहारा वर्गसँगै रहेको एक मात्र हतियार आपसी ऐक्यबद्धता नै हो । सर्वहारावर्गको क्रान्तिकारी एकताले सबै प्रकारका शक्तिलाई परास्त गर्ने क्षमता राख्दछ भन्ने सिंहका निबन्धहरूले शोषित उत्पीडित वर्गप्रति साहानुभूति प्रकट गर्दछन् र समानता, स्वाधिनता र संसार निर्माण गर्न सर्वहारा वर्गको लडाइमा बलिदानी भावनाका साथ लाग्न उत्प्रेरित गर्दछन् । सिंहका माथि उल्लेखित प्रवृत्तिहरूका अतिरिक्त अन्य प्रवृत्ति, यथार्थवादी प्रवृत्ति, समसामयिक, परिष्कारबादी चेत आदि रहेको पाइन्छ ।

## छैटौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

मोहनविक्रम सिंह (१९९२) प्रगतिवादी साहित्यकार हुन् । उनका जीवनी, व्यक्तित्व र कृतित्व र कवि व्यक्तित्वकाबारे अध्ययन भइसकेको छ । यो शोध उनको निबन्धकार व्यक्तित्वमा केन्द्रित छ । उनको निबन्धकार व्यक्तित्वको चिनारी, निबन्धको सर्वेक्षण, वर्गीकरण विश्लेषण र निबन्धात्मक प्रवृत्तिको अध्ययन गरी सिंहका निबन्धको मूल्याङ्कन गरिएको छ ।

प्रस्तुत शोधपत्रको **पहिलो परिच्छेद**मा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा, विषय परिचय, समस्या कथन, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, शोधकार्य गर्दा सामग्री सङ्कलन कार्य र शोधविधि तथा यस शोधपत्रको रूपरेखा प्रस्तुत छ ।

प्रस्तुत शोधपत्रको **दोस्रो परिच्छेद**मा मोहनविक्रम सिंहको जीवनी, व्यक्तित्व, कृतित्व अध्ययन अन्तर्गत सिंहको जीवनीको चिनारी, जन्म र जन्मस्थान, बाल्यकाल, पारिवारिक जीवन, शिक्षा, रुचि, राजनीतिक अवस्थाको अध्ययन गरी सिंहको लेख्न प्रेरणा र स्रोतका साथै साहित्य व्यक्तित्व र साहित्येत्तर व्यक्तित्वका अतिरिक्त अन्य व्यक्तित्वलाई उपशीर्षकमा पनि अध्ययनको चिनारी प्रस्तुत छ ।

प्रस्तुत शोधपत्रको **तेस्रो परिच्छेद**मा निबन्धकार मोहनविक्रम सिंहका निबन्धको सर्वेक्षण अन्तर्गत नेपाली निबन्धको परिभाषा, स्वरूप, वर्गीकरण र तत्त्वको पहिचान सहित मोहनविक्रम सिंहको निबन्ध लेखन, सर्वेक्षण र वर्गीकरण प्रस्तुत छ ।

प्रस्तुत शोधपत्रको **चौथो परिच्छेद**मा मोहनविक्रम सिंहका साहित्यिक, सामाजिक सांस्कृतिक तथा धार्मिक निबन्धहरूको मात्र विद्या तत्त्वका आधारमा विषयवस्तु, उद्देश्य र भाषाशैली गरी विश्लेषण गरिएको छ । यसमा सिंहको धरतीको पूर्व इतिहास संग्रह (२०६४) को र फुटकर निबन्धको विश्लेषण छ ।

प्रस्तुत शोधपत्रको **पाँचौ अनुच्छेद**मा मोहनविक्रम सिंहका निबन्धको विविध विषयमा आधारित प्रवृत्तिको अध्ययन गरिएको छ । उनको प्रवृत्तिमा प्रगतिवादी चिन्तन, राष्ट्रिय क्रान्तिकारी भावना, बौद्धिक तथा वैचारिक लेखन, नारीवादी चिन्तन, प्रकृति प्रेमी, व्यङ्ग्यात्मक तथा प्रतीकात्मक लेखन, भाषाशैलीगत चिन्तन, मानवतावादी चिन्तन र अन्तर्राष्ट्रियतावादी चिन्तन अध्ययन रहेका छन् ।

विभिन्न व्यक्तित्वका आयामबाट परिचित सिंह सबैभन्दा पहिला चिनिने व्यक्तित्व राजनीतिक व्यक्तित्व हो । यही राजनीतिक व्यक्तित्वलाई आफ्नो जीवनको मूल उद्देश्य बनाएका साहित्यिका विविध क्षेत्रमा पनि चर्चित बन्न पुगेका छन् । अध्ययन क्रममै सिंह पाटीको जिम्मेवारी बढ्दै गए पछि पढाईलाई बीचमै छाडी राणाविरोधी आन्दोलनमा सामेल भए । आफ्नो राजनीतिक सुरुवात नेपाली काङ्ग्रेसबाट गरेका सिंह राष्ट्रिय प्रजा पार्टी हुँदै वि.सं. २०१० मा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता कमलराज रेग्मीबाट लिएको देखिन्छ ।

लामो समय सम्म पार्टी र क्रान्तिको लक्षित उद्देश्य प्राप्तिको निम्ति पटक-पटक पञ्चायती व्यवस्थाको जेल खेप्नु परेको सिंह पञ्चायत व्यवस्थाले राखेका शर्तहरूलाई अरु साथीहरूले स्वीकार गरी जेलबाट छुटे तर सिंह त्यो सर्त मान्न तयार भएनन् । कहिल्यै शासकहरूको अगाडि झुकेनन् भने अर्कोतिर पार्टी भित्र देखापरेका विभिन्न समयको उत्तारचढाब फुट, कारबाही, अल्पमतबाट कहिल्यै विचलन नभइ नेपाल कम्युनिस्ट पार्टीको आन्दोलनमा अभिन्न अङ्गको रूपमा स्थापित छन् ।

वि.सं. २००४/०५ देखि नै साहित्यिक क्षेत्रमा प्रवेश गरेका सिंह वि.सं. २०१७ मा प्रकाशनको माध्यमबाट देखापरेका हुन् । उनको कविता, निबन्ध, आख्यान, समालोचना, नाटक जस्ता साहित्यिक विविध विधामा कलम चलाएर व्यक्तित्व निर्माण गरेका सिंहले एक दर्जन भन्दा बढी साहित्यिक कृतिहरू र तीन दर्जनभन्दा बढी राजनीतिक कृतिहरू प्रकाशित गरेर साहित्य एवं राजनीतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली साहित्यका क्षेत्रमा अजित सिंह, दमदम, आनन्दबहादुर क्षेत्री र मोहन घर्ती जस्ता उप नामले चिनिन्छन् । द्वन्द्वात्मक भौतिकवादलाई मूल जीवन दृष्टि बनाएका सिंहको राजनीतिक व्यक्तित्वको प्रभाव साहित्यिक कृतिहरूमा पनि परेको छ । वि.सं. २००४/०५ मा शान्ति निकुञ्ज विद्यालयबाट प्रकाशित "आँखा" पत्रिकामा प्रकाशित **विद्या र हामी** शीर्षक निबन्धबाट लेखन क्षेत्रमा प्रवेश गरेका सिंह विद्यालय जीवनदेखि नै लेख, कथा र कविताहरू लेख्ने गरेको देखिन्छ ।

मोहनविक्रम सिंहको निबन्धलाई आत्मपरक र वस्तुपरक गरी विभाजन गरिएकोमा विचारात्मक, भावनात्मक र वैयक्तिक रहेका छन् भने वस्तुपरकमा वर्णनात्मक र विवरणात्मक रहेको सिंहको पहिलो निबन्ध **विद्या र हामी** हो । आत्मपरक निबन्ध **हर्के, अलबिदा कामरेड जलजला !** र **मेरो टुकी** हुन् । यी निबन्धहरू आत्मपरक र वैयक्तिक विचारहरूको प्रतिनिधित्व पनि गरेका छन् । वस्तुपरक निबन्धमा **विद्या र हामी, प्राचीन भारतीय विवाह प्रथाको समीक्षा, ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका, वेश्यावृत्ति, आदि विद्रोह** आदि निबन्धहरू हुन् । यसरी उनको निबन्धलाई आत्मपरक र वस्तुपरक बनाइएको छ । भने उनको **प्युठानको किसान समस्या र संघर्ष** (२०११) सिंहको

प्रथम राजनीतिक निबन्ध हो । **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका** सिंहको धार्मिक निबन्ध हो । **प्राचीन भारतीय विवाह प्रथाको समीक्षा** सिंहको सामाजिक निबन्ध हो । **वेश्यावृत्ति** पनि सामाजिक निबन्ध हो । यसरी उनका यी निबन्धहरूको वर्गीकरणको आधारहरू छुटाइएको छ भने उनको निबन्धको विश्लेषणमा 'धरतीको पूर्व इतिहास संग्रह रहेको छ भने अन्य फुटकर निबन्धहरूमा **विद्या र हामी** र **घर बन्छ, घरहरू भत्कन्छन्** आदि निबन्धहरूको विश्लेषण गरिएका छ । उनको पहिलो कविताअन्तर्गत **इन्क्लाब जिन्दाबाद** पर्दछ ।

उनको समालोचना तर्फ पनि विविध कृतिहरू रहेका छन् । यसमा **साहित्य संवाद** यसमा विभिन्न साहित्यकारका साहित्य सम्बन्धी विचारहरू रहेको छ । यसमा आफ्नो तर्फबाट केही प्रस्तुत गरेका छैनन् । **विचार विवेचना तथा विश्लेषण, महिला मुक्तिको गाथा, साहित्य र समालोचना** रहेका छन् भने फुटकरमा **सौन्दर्यशास्त्र सम्बन्धी, लक्ष्मीप्रसाद देवकोटाको वैचारिक पक्षको अध्ययन, प्रमिथस प्रमिथस महाकाव्यबारे** आदि रहेका छन् । सिंहका फुटकर रचनाहरू पत्र पत्रिकामा प्रकाशित लेख रचनाहरू लगभग हाल सम्म एकिन हुन सकिरहेको छैन स्वयम् सिंह बताउँछन् ।

यसरी अध्ययन गरिएको मोहनविक्रम सिंहका निबन्ध तथा लेखका कृतिहरूमा मार्क्सवादी चिन्तन पाइन्छ । उनको द्वन्द्वात्मक भौतिकवाद जीवनदर्शन हो । राजनीतिमा पूर्ण रूपले सर्मपित उनको जीवन स्वयम्मै एक सङ्घर्षमय जीवनकथा हो । सिंहले हरेक घटना र परिघटना वा चीजलाई मार्क्सवादी कोणबाट परिणामको जगमा उभिएर हेर्ने गर्दछन् । जसको कारण भविष्यप्रति गरिएको उनको राजनीतिक विश्लेषण सही साबित हुने गर्दछ । सिंहका सबै कृतिहरू क्रान्तिकारी भावनाले ओतप्रोत भएकोले साहित्यलाई पनि राजनीतिक उद्देश्य पूरा गर्नको निम्ति एक माध्यमको रूपमा अगाडि बढाएका छन् ।

मोहनविक्रम सिंहका सबै निबन्धहरूको शीर्षक सार्थकता र विषयवस्तु पनि शीर्षक सँग विषयबोध भएको पाइन्छ । लेखनमा सक्रिय रूपमा वैयक्तिक विचार पाइने उनका निबन्धगत प्रवृत्तिहरूमा विविध प्रवृत्तिहरू पाइन्छन् । उनका प्रवृत्तिहरूलाई कृतिगत अध्ययन गर्दा प्रगतिवादी चिन्तन, मानवतावाद जस्ता विचारहरूमा रहेका छन् भने राजनीतिक दर्शनको स्पष्ट छाप रहेका निबन्धमा जीवनदर्शनसँग अभिन्न रूपले जोडिएका छन् ।

सिंहका निबन्धहरू क्रान्तिकारी भावनाले ओतप्रोत छन् भने पुराना सामाजिक मूल्य, मान्यता, पुराना सामन्ती संरचनालाई ध्वस्त पार्दै नयाँ समुन्नत, सुखी र समृद्ध संसारको निर्माण गर्नको निम्ति क्रान्तिकारीहरूलाई उत्प्रेरित गरेका छन् । सर्वहारा वर्गको मुक्ति र स्वतन्त्रताको लागि क्रान्तिबाहेक अर्को विकल्प नरहेको यो जनताको सशक्त संघर्षद्वारा मात्र

क्रान्ति सम्भव हुने विचार अभिव्यक्ति गरेका उनका निबन्धमा क्रान्तिप्रतिको अगाध र विश्वासका भाव प्रकट गरिएको छ ।

सिंहका निबन्धमा सर्वहारा वर्गको अन्तर्राष्ट्रियतावादी चिन्तन व्यक्त गरेको पाइन्छ । उनको भावमा "कुनै पनि देशको शोषित वर्गको मुक्तिका र क्रान्तिका लागि काम गर्न क्रान्तिकारीहरू त्यो देशका मात्र हुन्न उनीहरू विश्वभरका मेहनतकंस जनताका अभिन्न अंग हुन्छन्" भन्ने जुनसुकै देशका भएपनि क्रान्तिकारी जनता आफ्नै मित्र हुने, भूमि आफ्नै हुने ठान्दछन् । यसरी सर्वहारा अन्तर्राष्ट्रियतावादी चेतना पाइने उनका कृतिहरूले संसारभरकै क्रान्तिकारीहरूलाई क्रान्तिकारी आन्दोलनमा मोर्चावद्ध हुन आह्वान गरेका छन् ।

शोषित पीडित जनताप्रति सहानुभूति राख्ने सिंहका निबन्धहरूले जनताका दुष्मन शक्तिप्रति वा शोषक वर्गप्रति तीब्र घृणाभाव प्रकट गरी उत्पीडित जनताप्रति मुक्ति र स्वतन्त्रताको समानताको र स्वाभिमानको निम्ति विद्रोह अनिवार्य आवश्यकता भएको विचार व्यक्त गर्दै उत्पीडित जनतालाई स्पार्टाकस जस्ता विद्रोहीहरू, जसले स्वाभिमानका र स्वतन्त्रताको निम्ति आफूलाई विद्रोहको अग्निकुण्डमा बलि दिएको बाटो अबलम्बन गर्न आग्रह गर्दछन् । यो धरतीका सबै मान्छेहरू सुखी, सम्पन्न र स्वतन्त्र भएर बाँच्न पाउनुपर्छ र मान्छेले मान्छेमाथि गर्ने सबै प्रकारका शोषण दमनको अन्त्य हुनु पर्दछ । त्यसका निम्ति जनताको सचेत संगठन र समर्पित क्रान्तिकारी भावको आवश्यकता पर्दछ भन्ने मान्यताका साथ हरेक कृतिमा मानवतावादी भावनाप्रकट भएको छ ।

साहित्यमा विचार पक्षलाई जोड दिने सिंहले आफ्ना रचनाहरूमा स्थानीय, आञ्चलिक र विश्व परिवेशलाई समेत जोडन खोजेका छन् । उनका निबन्धहरूमा समाजका निम्न वर्गका व्यक्तिहरूलाई पात्र बनाई तिनीहरूको माध्यमद्वारा शोषण प्रधान राज्यव्यवस्थाको विरुद्धमा विद्रोह गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ । पुरानो राज्य व्यवस्थाको विरोधमा विद्रोह र क्रान्तिकारी जनताको संघर्षद्वारा आमूल परिवर्तनको चाहना उनका निबन्धहरूको मूलभूत विशेषता वा प्रवृत्ति हो ।

आफ्नो पुरै जीवनलाई सधै आफ्नो सिद्धान्त र लक्ष्य अनुसार नै बिताएका सिंह कुनै उच्च पद वा कामको आवश्यकताको समयमा पनि कहिल्यै विचलित भएनन आफ्नो सिद्धान्त अनुरूप अगाडि बढेको सिंह सिद्धान्त वा जिम्मेवारी प्रधान हो पद गौण हो भन्दछन् । जीवनका हरेक प्रतिकूल परिस्थितिमा पनि क्रान्ति र भविष्यप्रति आशावादी रहने संकल्प, दुश्मन र विरोधीहरूसँग सबै प्रकारका आलोचना वा आक्रमणहरूलाई सहज प्रकारले सामना गर्ने क्षमता उनमा पाइने विशिष्ट गुणहरू हुन् ।

सिंहका निबन्ध अध्ययनमा पाइएका मुख्य प्राप्तिहरू यी हुन् :

(क) प्रगतिवादी चिन्तन नै मुख्य रहेको छ ।

(ख) प्रगतिवादी चिन्तनभित्र सामाजिक, सांस्कृतिक, धार्मिक पक्षको विश्लेषण पाइन्छ ।

(ग) उनका निबन्धमा आत्मपरक र वस्तुपरक दुवै शैलीको प्रयोग छ ।

(घ) साहित्यिकभन्दा वैचारिक प्रकृतिका लेखहरू सङ्ख्यात्मक रूपमा बढी पाइन्छन् ।

(ङ) भाषाशैलीका दृष्टिमा सरल भाषाको प्रयोग र आत्मपरकता र बस्तुपरकता शैलीको प्रयोग पाइन्छ ।

(च) सिंहको समालोचनामा निबन्ध तत्त्वको मिश्रण पाइन्छ ।

मोहनविक्रम सिंहका साहित्यिक कलम शोषित उत्पीडित जनताको पक्षमा सर्मपित छ । सामाजिक यथार्थताको उद्घाटन गर्दै उत्पीडित जनतालाई आन्दोलनप्रति उत्प्रेरित गरिएका सिंहका निबन्धले उनलाई प्रगतिवादी साहित्यको अग्र मोर्चामा उभ्याइएको देखिन्छ । लगभग 'छ' दशक यता निरन्तर जनताको पक्षमा कलम चलाउने र आजीवन जनताको पक्षमा आफ्ना विचारहरू ओकालत गर्ने सिंह प्रगतिवादीका उज्ज्वल हस्ती हुन्, करिब ८० वर्षको उमेरसम्म पनि आफूलाई थकित र दुःखित अनुभूति नगर्ने र सङ्घर्षमा आफूलाई सक्रिय, उत्साहित बनाउन सक्ने सिंहको विशिष्ट राजनीतिक व्यक्तित्वका पछाडि साहित्यिक व्यक्तित्व केही छायाँमा परेको देखिन्छ । क्रान्तिकारी आन्दोलनप्रति आफ्नो स्पष्ट वैचारिक दृष्टिकोण, सैद्धान्तिक निष्ठा त्याग एवं समर्पण, उच्च क्रान्तिकारी भावना आदि गुणले गर्दा राजनीतिक परिदृष्टिमा मोहन विक्रम सिंहको व्यक्तित्वलाई धेरै नै माथि उठाउन सफल बनाएको छ ।

## परिशिष्ट 'क'

## मोहनविक्रम सिंहका प्रकाशित पुस्तिकाहरू

१. सामाजिक क्रान्ति शान्तिपूर्ण तरिकाले वा सशस्त्र संघर्ष द्वारा ? (२०१८)

२. नेपाल भारत पारवहन समस्या (२०२८)

३. राजनैतिक आलोचना (२०२८)

४. पार्टीभित्र पुननिर्माणको समस्या (२०२९)

५. पेमा लामा प्रश्नोत्तर माला (२०३०)

६. वि.पि.को नयाँ आयाम (२०३२)

७. उग्रवामपन्थी विचारधाराको खण्डन (२०३४)

८. विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास (२०३८)

९. इतिहासले सुम्पेको जिम्मेवारी वा इतिहासले गरेको मजाक ? (२०४३)

१०. पाँचौ महाधिवेशन जिन्दावाद वा घोर अवमूल्यन ? (२०४७)

११. द्वितीय महाधिवेशनदेखि दरभङ्ग प्लेनम सम्म (२०४७)

१२. चार दशक भाग-१ (२०४९)

१३. माओत्सेतुङ्ग विचारधारा वा माओवाद (२०४९)

१४. संसदीय चुनाव बहिस्कार, स्थानीय चुनाव उपयोग (२०४९)

१५. संयुक्त मोर्चा अवसरवाद (२०५०)

१६. सोभियत संघको कम्युनिष्ट पार्टीको इतिहासको सारांश (२०५०)

१७. दक्षिणपन्थी अवसरवाद र वामपन्थी लफ्फाजीको खण्डन (२०५१)

१८. क्रान्ति वा भ्रान्ति ? (२०५२)

१९. नेपालमा भूमि सुधार (२०५२)

२०. कम्युनिष्ट घोषणा पत्र र विश्व सर्वहारा दृष्टिकोण (२०५५)

२१. चार दशक भाग-२ (२०५८)

२२. मसालको अतीतमुखी यात्रा वा माओवादीको समूहको दरवारमुखी 'शुभयात्रा' (२०५८)

२३. रिम र माओवादीको कथित जनयुद्ध (२०५८)

२४. अक्टोवर क्रान्ति

२५. अन्तर्राष्ट्रिय महिला आन्दोलन र सम्पत्तिमा समान अधिकारको प्रश्न (२०५०)

२६. वि.पी. कोइरालाको नयाँ आयाम

२७. सङ्गठनात्मक अवसरवाद सम्बन्धी लेनिनवादी दृष्टिकोण

२८. संविधान सभाबारे मध्यपन्थीहरूको दृष्टिकोण (२०४७)

२९. माओवादीहरूलाई सल्लाह र सुझाव (२०६४)

३०. माओवादीहरूको "नयाँ राजनैतिक एकता" को गोल चक्कर (२०६४)

३१. सङ्घीय व्यवस्था वा राष्ट्रिय विखण्डन

३२. सङ्घीयता बारे

३३. देशको विखण्डनको राजनीतिक (२०६३)

३४. सङ्घीयता र प्रतिगमनको खतरा (२०६७)

## परिशिष्ट 'ख'

## मोहनविक्रम सिंहका राजनीतिक निबन्धहरूको सूची

१. प्युठानको किसान समस्या र संघर्ष (२०११)

२. रुसको अक्टोबर क्रान्तिको महत्त्व (२०१२)

३. पाल्पा जेलबन्दी संघको रिपोर्ट (२०१४)

४. वर्तमान परिस्थिति एक दृष्टिकोण (२०१८)

५. जेलबाट पठाएको पत्र (२०१९)

६. पारसी काण्ड (२०२५)

७. जेलबाट छुट्नेबारे (२०२५)

८. ग्रामीण क्षेत्रमा वर्ग विश्लेषण बारे (२०२५)

९. संयुक्त व्यवसाय वा औपनिवेशीकरण

१०. निर्यात बजारमा सफलताको मुख्य कडी श्रमको शोषण (२०२७)

११. भारतको पाँचौ आम चुनाव : एक समीक्षा (२०२८)

१२. नेपालमा विदेशी सहायताका समस्याहरू र प्रभाव (२०२८)

१३. झापा काण्ड (२०३०)

१४. मनमोहन अधिकारीलाई जेलबाट पठाएका पत्रहरू (२०३५)

१५. महिला र राजनीति (२०३७)

१६. प्रतिक्रान्तिकारी 'महान सुनुवाई' (२०३८)

१७. चिनिया संशोधनबाद बारे (२०३८)

१८. नेपालमा जनजाति समस्या (२०४०)

१९. चुलाचुली काण्ड (२०४१)

२०. सामाजिक क्रान्ति सम्बन्धी विवादबारे (२०४२)

२१. "बमकाण्डको राजनीति" बारे (२०४२)

२२. छुआ-छूतका विरुद्ध संघर्षको प्रश्न (२०४३)

२३. यो देश कसको (२०४५)

२४. नारी मक्तिका दुई मौलिक शर्तहरू (२०४८)

२५. गोरखाल्याण्ड आन्दोलन बार

२६. झिमरुक जल विद्युत योजना प्युठानको विकास वा विनाश ?

२७. महिलाहरूलाई समान अधिकारको प्रश्न (२०५३)

२८. साथी हो सपना देख्नुहोस् !

## परिशिष्ट 'ग'

## मोहनविक्रम सिंहका प्रकाशित कृतिहरूको सूची

१. विद्या र हामी (निबन्ध)
२. म बाध्य छु (२००८) (कविता)
३. मेरो टुकी (२००८) (निबन्ध)
४. जय जय नेपाल (२०१०) (गीत)
५. इन्क्लाब जिन्दावाद (२०१७) (कविता)
६. सामाजिक क्रान्ति शान्तिपूर्ण तरिकाले वा सशस्त्र संघर्षद्वारा ? (२०१८) (लेख)
७. नेपाल भारत पारवहन समस्या (२०२८) (निबन्ध)
८. राजनैतिक आलोचना (२०२८) (समालोचना)
९. पार्टीभित्र पुननिर्माणको समस्या (२०२९) (लेख)
१०. पेमा लामा प्रश्नोत्तर माला (२०३०) (लेख)
११. युग बोल्छ (२०३४) (गीति नाटक)
१२. उग्रवामपन्थी विचारधाराको खण्डन (२०३४) (लेख)
१३. विश्व कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास (२०३८) (लेख)
१४. गंगा कविरी एक्स प्रेस (२०४०) (लामो कविता)
१५. आदि विद्रोह (२०४२) (निबन्ध)
१६. तूफानको संगीत (२०४२) (कविता संग्रह)
१७. झिमरुक नदी र चिबे चराको कथा (२०४२) (खण्ड काव्य)
१८. विचार विवेचना तथा विश्लेषण (२०४२) (समालोचना)
१९. इतिहासले सुम्पेको जिम्मेवारी वा इतिहासले गरेको मजाक (२०४३) (लेख)
२०. बाह्र भइ (२०४६)(नाटक)
२१. क्रान्ति किन हुन्न ? (२०४६) (एकाङ्की)
२२. द्वितीय महाधिवेशन देखि दरभङ्गा प्लेनम सम्म (२०४७) (लेख)
२३. पाँचौ महाधिवेशन जिन्दावाद वा घोर अवमूल्यन ? (२०४७) (लेख)
२४. महिला मुक्तिको महान गाथा (२०४८) (समालोचना)
२५. रातो लालटिन अनुवाद (२०४८) (समालोचना)
२६. साहित्य संवाद (२०४८) (समालोचना)
२७. चार दशक भाग -१ (२०४९) (निबन्धसंग्रह)
२८. माओत्सेतुङ विचारधारा वा माओवाद (२०४९) (लेख)
२९. संसदीय चुनाब बहिष्कार स्थानीय चुनाव उपयोग (२०४९) (लेख)
३०. संयुक्त मोर्चा वा अवसरवाद (२०५०) (लेख)
३१. दक्षिण पन्थी अवसरवाद र वामपन्थी लफ्फाजीको खण्डन (२०५१) (लेख)

३२. क्रान्ति वा भ्रान्ति (२०५२) (लेख)

३३. नेपालमा भूमि सुधार (२०५२) (निबन्ध)

३४. ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका (२०५५) (निबन्ध)

३५. कम्युनिस्ट घोषणा पत्र र विश्व सर्वहारा दृष्टिकोण (२०५५) (लेख)

३६. युग नित्य (२०५८) (कविता सङ्ग्रह)

३७. महिलामुक्तिको आन्दोलनमा सांस्कृतिक रूपान्तरणको प्रश्न (२०५७) (समालोचना)

३८. रिम र माओवादीको कथित जनयुद्ध (२०५८)

३९. साहित्य र समालोचना संग्रह (२०६३) (समालोचना)

४०. गोल चक्कर (२०६४) (लेख)

४१. इतिहास पुनरावृत्तिको खत्तरा (२०६४) (लेख)

४२. धरतीको पूर्व इतिहास (२०६४) (निबन्धसंग्रह)

४३. सङ्घीयता बारे (लेख)

४४. सङ्घीयता र प्रतिगमनको खतरा (२०६७) (लेख)

४५. सङ्घीय व्यवस्था वा राष्ट्रिय विखण्डन (लेख)

# सन्दर्भग्रन्थ सूची

## पुस्तकहरू र शोधपत्रको सूची


अवस्थी, महादेव, निबन्धको सैद्धान्तिक परिचय र निबन्ध लेखनका औचित्य एवम फाइदा, **कुञ्जिनी,** वर्ष ६, अङ्क ४ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाशन,** काठमाडौं : साझा प्रकाशन, २०४९ ।

गौतम, देवी र लुइटेल, खगेन्द्र, **नेपाली निबन्ध,** काठमाडौं : नवीन प्रकाशन, २०५५ ।

घर्ती, मोहन, **युग बोल्छ,** वाराणसी : जनशिक्षा गृह, २०३४ ।

थापा, मोहन हिमांशु, **साहित्यको परिचय,** काठमाडौं : साझा प्रकाशन, २०४९ ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्ध संग्रह,** ललितपुर : साझा प्रकाशन, २०५७ ।

पोखेल बालकृष्ण र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : राजकी प्रज्ञा प्रतिष्ठान, २०४० ।

पोखेल, बालाराम, **मोहनविक्रम सिंह, जीवनी र व्यक्तित्व,** काठमाडौं : प्रगति पुस्तक सदन, २०५९ ।

पौडेल, भवानी, **मोहनविक्रम सिंहको कविताको विश्लेषण शोधपत्र,** त्रि.वि. अप्रकाशित शोधपत्र, २०६३ ।

पौडेल, सागर मोहनविक्रम सिंह मेरो टुकी देखि का. जलजलासम्म, **सहस्राब्दी,** वर्ष १, अङ्क १, २०५८ ।

बार्बे, अनिल, **थ्याङ्क यू मिस्टर ग्लाड,** काठमाडौं निरन्तर प्रकाशन सेवा, २०५४ ।

मास्के, राजेन्द्र (अनु.), **आमा,** काठमाडौं : दुर्गा पौडेल, जनशिक्षा गृह, २०५८ ।

रबर्ट पी, ग्वीन, **दि न्यु इन्साइक्लोपिडिया, ब्रिटानिका,** भोलुम ४, सिकागो : दि युनिभर्सिटी सन् १९६८ ।

रेग्मी कमलराज, **आमा म र पाल्पा,** पाल्पा : वाङ्मय प्रज्ञा प्रतिष्ठान, २०६६ ।

विनय, (सम्पा.), **निबन्धालोक,** दिल्ली : साहित्य केन्द्र, १९९८ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्धको परिचय,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०६६ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना, सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

शर्मा, श्यामप्रसाद, **आएका केही चिठीहरू,** काठमाडौं : सुनकोशी साहित्य प्रतिष्ठान २०५५ ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन, २०५९ ।

सिंह, मोहनविक्रम, **मेरो टुकी,** काठमाडौं : नघल, २००८ ।

........., **प्युठानको किसान समस्या र संघर्ष,** २०११ ।

........., **सामाजिक क्रान्ति शान्तिपूर्ण तरिकाले वा सशस्त्र संघर्षद्वारा,** काठमाडौं : प्रगतिपुस्तक सदन, २०१८ ।

........., **पेमालामा, प्रश्नोत्तर माला,** गोरखपुर : जनसाहित्य प्रकाशन, २०३० ।

........., **उग्रवामपन्थी, विचारधाराको खण्डन,** काठमाडौं : निरन्तर प्रकाशन, २०३४ ।

........., **आदि विद्रोही,** चितवन : जलजला प्रकाशन, २०४२ ।

........., **झिमरुक नदी र चिबेचराको कथा,** गोरखपुर : जनसाहित्य प्रकाशन, २०४२ ।

........., **विचार विवेचना तथा विश्लेषण,** नई दिल्ली : जनशिक्षा गृह, २०४२ ।

........., **सल्मान रुश्दी विरुद्ध देखापरेको धार्मिक उन्माद,** २०४५ ।

........., **क्रान्ति किन हुन्न** ? कानपुर : जनशिक्षा गृह, २०४७ ।

........., **द्वितीय महाधिवेशनदेखि दरभंगा प्लेनमसम्म,** गोरखपुर : जनशिक्षा गृह, २०४७ ।

........., **महिलामुक्तिको महानगाथा,** गोरखपुर : जनसाहित्य प्रकाशन, २०४८ ।

........., **चार दशक** - भाग १, गोरखपुर : जनसाहित्य प्रकाशन, २०४९ ।

........., **मेरो भन्नु साहित्य संवाद,** गोरखपुर : जनसाहित्य प्रकाशन, २०४९ ।

........., **क्रान्ति वा भ्रान्ति,** गोरखपुर : जनसाहित्य प्रकाशन, २०५२ ।

........., **घर बन्छ घरहरू भत्कन्छन्,** पाल्पा : वाङ्मय, प्रकाशन, २०५३ ।

........., **ओशो धार्मिक सम्प्रदाय र समाजमा त्यसको भूमिका,** रूपन्देही : विश्व नेपाली प्रकाशन, २०५५ ।

………, **विश्व कम्युनिस्ट आन्दोलनको संक्षिप्त इतिहास,** काठमाडौं : प्रगतिपुस्तक सदन, २०५७ ।

………, **चार दशक** भाग-२, गोरखपुर : जनसाहित्य प्रकाशन, २०५८ ।

………, **साहित्य र समालोचना,** गोरखपुर : जन प्रकाशन प्रा.लि., २०६३ ।

………, **धरतीको पूर्वइतिहास,** काठमाडौं : प्रगति पुस्तक सदन, २०६४ ।

सुवेदी, केशव, **राप्तीका कविता : पृष्ठभूमि र परम्परा, मध्य पश्चिमका कविता,** काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य, २०५५ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,** काठमाडौं : साझा प्रकाशन, २०४२ ।

………, **स्नातकोत्तर, नेपाली निबन्ध,** भाग तीन, काठमाडौं : पाठ्यसामग्री, २०५६ ।

………, **सिर्जनात्मक लेख्य सिद्धान्त र विश्लेषण,** काठमाडौं : पाठ्यसामग्री पसल, २०५७ ।

**पत्रपत्रिका सूची**

खनाल, केशव, “भूमिगत नेता सिंहका ओपन कुरा”, **छलफल साप्ताहिक** (काठमाडौं, वर्ष १८, अङ्क १६, २०५६) ।

पौडेल, प्रेमसागर (सम्पा.), “का मोहनविक्रम सिंह मेरो टुकीदेखि का जलजला” **सहस्राव्दी** (वर्ष १, अङ्क १, २०५८) ।

शर्मा, जीवन (सम्पा.), **रातो लालटिन** (वर्ष १, अङ्क १, २०५७, श्रावण-असोज) ।

शर्मा, सुकुम, “क्रान्ति किन हुन्नलाई नियाल्दा”, **नयाँ मोर्चा साप्ताहिक** (काठमाडौं : वर्ष ७, अङ्क १७, २०५६) ।

सिंह, मोहनविक्रम, “पासोमा पर्ने खतराबाट मुक्ति हुनुपर्छ”, **हाँक साप्ताहिक** (काठमाडौं, वर्ष २३, अङ्क १६, २०६२) ।

………, “अन्तर्राष्ट्रिय परिस्थिति सम्बन्धी प्रस्ताव”, **हाँक साप्ताहि** (काठमाडौं, वर्ष २४, अङ्क १५, २०६३) ।

………, “देशको विखण्डन वा विाजनको खतरा”, **हाँक साप्ताहिक** (काठमाडौं, वर्ष २४, अङ्क १४, २०६३) ।